सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ कात्तिक २०८२, मंगलबार (28 Oct 2025, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक १८७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सर्वोच्चलाई महत्त्वपूर्ण सफलता

डिजिटल प्रणाली 'रिकभर'

नियमित सुनुवाइ भने अझै अनिश्चित



जेन-जी आन्दोलनका क्रममा २४ भदौमा आगजनी गरिएको सर्वोच्च अदालत। आगजनीमा सर्वोच्चको मात्रै एक अर्ब २१ करोडबराबरको सम्पत्ति र दुई लाख १७ हजार ३४ मिसिल जलेर नष्ट भएका छन्।



● **अर्जुनप्रसाद कोइराला**
प्रवक्ता, सर्वोच्च अदालत

हाम्रो डिजिटल प्रणाली रिकभर भएको छ। यसले अदालतमा विचाराधीन तथा फैसला भइसकेका मुद्दाको सबै विवरण रहने भएकाले जलेका मिसिल खडा गर्न र मुद्दाको सुनुवाइ अघि बढाउन महत्त्वपूर्ण आधार मिलेको छ। यो सर्वोच्च र समग्र न्यायिक प्रणालीका लागि महत्त्वपूर्ण सफलता हो।

नवराज मैनाली/नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट क्षतिग्रस्त सर्वोच्च अदालतको डिजिटल प्रणाली 'रिकभर' भएको छ। यससँगै डाटाको सुरक्षा सुनिश्चित हुनुका साथै मुद्दाका मिसिल पुनः प्राप्ति र सुनुवाइ प्रक्रियाका लागि महत्त्वपूर्ण आधार तय भएको सर्वोच्च प्रशासनले जनाएको छ।

गत २४ भदौको आन्दोलनमा सर्वोच्चको मूल भवन नै जलाइएकाले मिसिलसँगै सूचना प्रविधि प्रणालीमा पनि असर पुगेको थियो। त्यसको डेढ महिनापछि सिस्टममा रहेका सबै विवरण पुनर्प्राप्ति भएको हो। 'हाम्रो आइटीको टिमले ठुलो मिहिनेत गरेर सबै डिजिटल विवरण रिभाइभ गरेको छ,' सर्वोच्चका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले भने, 'यसबाट विचाराधीन तथा फैसला भइसकेका सबै मुद्दाको विवरण सुरक्षित भएको छ। हार्डकपी जलेको अवस्थामा पनि नयाँ मिसिल खडा गर्न सहज हुनेछ। डिजिटल प्रणाली हाम्रा लागि रिकभर ठुलो सफलता हो।'

● विशेषले आजदेखि नियमित रूपमा सुनुवाइ थाल्ने
● काठमाडौं जिल्लाको सुनुवाइमा भने कठिनाइ

नष्ट भएका फाइल प्राप्ति र प्रमाणीकरणका लागि निर्देशिका तयार भइसकेको र त्यहीअनुसार सबै अदालतले काम थालेको सर्वोच्चका सूचना अधिकारी नीराजन पाण्डे बताउँछन्। उक्त निर्देशिकामा नष्ट भएका मिसिल कागजातको प्राप्तिका लागि समयतालिका बनाउने उल्लेख छ।

» पृष्ठ २ मा क्रमशः

आगजनीविरुद्ध जाहेरी दिन प्रहरी कार्यालय जाँदै सर्वोच्च



● **नीराजन पाण्डे**
सूचना अधिकारी, सर्वोच्च अदालत

जेन-जी आन्दोलनमा सर्वोच्चको ठुलो परिमाणमा सम्पत्ति जलेर नष्ट भएका छन्। त्यसको विवरण संकलन भइसकेका छन्। सोही आधारमा जाहेरी लिएर प्रहरी कार्यालयमा जाने तयारी भएको छ। सम्भवतः एक-दुई दिनभित्रै हामी जाहेरी लिएर प्रहरी कार्यालय जान्छौं। दस्ताबेजीकरणका लागि यो आवश्यक छ।

९,३३,८२३ मिसिल नष्ट

सर्वोच्चमा चालू (जारी मुद्दा) २०,०३४ र अभिलेख (फैसला भइसकेका) १,९७,००० गरी २,१७,०३४ मिसिल आगलागीमा नष्ट भएका छन्। त्यस्तै, देशभरका उच्च र जिल्ला अदालतमा चालू ६,५३३, अभिलेख ७,०६,०७१ र तहसिल (असुलउपर गर्नुपर्ने) ४,१८५ गरी ७,१६,७८९ मिसिल जलेको सूचना अधिकारी पाण्डेले बताए।

टेकराज थामी/नयाँ पत्रिका

सर्वोच्च अदालतले जेन-जी आन्दोलनमा भएको आगजनी, तोडफोड र लुटपाटविरुद्ध प्रहरीमा जाहेरी दिने भएको छ। सर्वोच्चले दुई दिनभित्रै प्रहरी कार्यालय जाने जानकारी दिएको छ। सँगै मातहतका अन्य अदालतले पनि आगजनीविरुद्ध सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनेछन्।

गत २४ भदौको आगजनी र तोडफोडपछि सर्वोच्च अदालतमा क्षति भएको छ। यसक्रममा

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बक्यौता नतिरेका उद्योगले उल्टै बेतलबी बिदामा राख्न थाले कामदार

अर्बौं बक्यौता वर्षौंसम्म नतिरेका उद्योगीबाट उल्टै कामदारको रोजीरोटीमाथि पनि प्रहार, हजारौं मजदुर/कर्मचारीलाई बेतलबी बिदामा राखेर प्राधिकरणमाथि दबाब बढाउने रणनीति

भैरहवामा **दीपेश पछाई**
काठमाडौंमा **मिलन विश्वकर्मा**

डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत उपभोग गरेको विद्युत्को अर्बौं बक्यौता वर्षौंसम्म नतिरेका उद्योगीले उल्टै कामदारको रोजीरोटीमाथि पनि प्रहार गर्न थालेका छन्। पटक-पटक ताकेता गर्दा पनि बक्यौता नतिरेका उद्योगमा विद्युत् प्राधिकरणले लाइन काटिदिएपछि ती उद्योगका मालिकले कामदारलाई बेतलबी बिदामा राख्न सुरु गरेका हुन्।

विराटनगरको रिलायन्स स्पिनिङ मिल्स, रूपन्देही कोटीहवाको पञ्चकन्या उद्योग, भैरहवाको अर्घाखाँची सिमेन्ट, रूपन्देहीकै सिद्धार्थ पेटप्लास्टलगायत उद्योगले कामदारलाई अनिश्चितकालका लागि बिदामा बस्न भनेका छन्। अधिकांश उद्योगले बिदामा रहँदाको तलब दिन नसक्ने भन्दै लामो समय विद्युत् नजोडिए जागिर नै छाड्नुपर्ने मनस्थिति बनाउनसमेत भनेका छन्।

७५ करोड ३७ लाख बक्यौता रहेको रिलायन्स स्पिनिङले तीन हजार पाँच सय कामदारलाई अनिश्चितकालका लागि बिदामा राखेको छ। यो उद्योगमा प्राधिकरणले ४ कात्तिकमा विद्युत् लाइन काटेपछि उत्पादन ठप्प छ। यो विदेशमा धागो निर्यात गर्ने उद्योग हो।

त्यस्तै, रूपन्देहीको कोटीहवामा रहेको पञ्चकन्या उद्योगले एक हजार दुई सय कामदारलाई बिदामा राखेको छ। पञ्चकन्या स्टिल इन्डस्ट्रिजको ५२ लाख

» पृष्ठ २ मा क्रमशः

■ रिलायन्स स्पिनिङ
३५ सय कामदारलाई राख्यो अनिश्चितकालका लागि बिदामा
बक्यौता : ७५ करोड ३७ लाख

■ पञ्चकन्या उद्योग
१२ सय कामदारलाई बिदा, उद्योग बन्द लम्बिए तलब दिन नसक्ने भनाइ
बक्यौता : ७७ लाख

■ अर्घाखाँची सिमेन्ट
तीन सयभन्दा बढी कामदारलाई अनिश्चितकालका लागि बिदा दियो
बक्यौता : ४४ करोड ८४ लाख

■ सिद्धार्थ पेटप्लास्ट
३५ कामदारलाई राख्यो अनिश्चितकालका लागि बेतलबी बिदामा
बक्यौता : १ करोड ८३ लाख

यीबाहेक बक्यौता नतिरेका अन्य उद्योगले पनि कर्मचारीहरूलाई बिदामा बस्न दबाब दिइरहेका छन्।



● **देवेन्द्र साहू**
प्रबन्धक, पञ्चकन्या उद्योग

प्राधिकरणले उद्योगमा विद्युत् काटेपछि हामीले मजदुर/कर्मचारीलाई बिदामा राखेका छौं। अहिलेलाई तलब नदिने भन्ने छैन, तर यही अवस्था लम्बिए तलबलगायत सुविधा दिन सकिँदैन।



● **लेखनाथ भट्टराई**
म्यानेजर, सिद्धार्थ पेटप्लास्ट

उद्योगमा विद्युत् लाइन काटिएपछि पानी उमाल्ने र मोबाइल चार्ज गर्ने अवस्था पनि छैन। कर्मचारीलाई कसरी तलब दिने ? त्यसैले, मजदुर/कर्मचारीलाई विनातलब बिदामा राखेका छौं। विद्युत् जोडिएपछि मात्रै फिर्ता बोलाउँछौं। अहिले उद्योग कुर्ने र सरसफाइ गर्न दुई कर्मचारी मात्रै कार्यरत छन्।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)का अध्यक्ष विनोद श्रेष्ठ भन्छन्-

कर्मचारीलाई कामबाट निकाल्ने वा बिदामा राख्ने होइन, व्यवस्थापन गर्नुपर्छ



विद्युत् लाइन काटिएका उद्योगहरूबाट कर्मचारीलाई बिदामा राखेको गुनासो जिफन्टमा पनि आएको छ। अधिकांश उद्योगबाट कर्मचारी बिदामा राखिएको भनेर जानकारी आएको छ। यस्तो कार्य गलत हो। कर्मचारीलाई कामबाट निकाल्ने वा बिदामा राख्ने होइन, उनीहरूको व्यवस्थापन गर्नुपर्छ।

■ लाइन काटिएका घराना फुड्स र गोयन्का फुड्सले भने तिर्न थाले बक्यौता, जोडियो लाइन

वर्षौंदेखि बक्यौता नतिरेका र पछिल्लो अल्टिमेटमपछि पनि अटेर गरेकामा प्राधिकरणले लाइन काटिदिएका २५ उद्योगमध्ये दुईवटाले भने किस्ता तिर्न सुरु गरेका छन्। एक करोड ८८ लाख बक्यौता रहेको रूपन्देहीको घराना फुड्स र एक करोड ४८ लाख बक्यौता रहेको गोयन्का फुड्सले सोमबारदेखि किस्ता बुझाउन थालेका हुन्। प्राधिकरणले २८ मासिक किस्तामा बक्यौता बुझाइसक्नुपर्ने सुविधा दिएको छ। पहिलो किस्ता तिरेसँगै दुवै उद्योगमा सोमबारै लाइन जोडिएको छ।

प्राधिकरणका अनुसार पहिलो किस्ताबापत घराना फुड्सले ६ लाख ७१ हजार र गोयन्का फुड्सले पाँच लाख २८ हजार तिरेका छन्। प्राधिकरणका प्रवक्ता राजन ढकालले पहिलो किस्ता बुझाएका दुवै उद्योगमा लाइन जोडिएको बताए।

'७ कात्तिकमा लाइन काटिएका घराना फुड्स र गोयन्का फुड्स बक्यौता तिर्ने प्रक्रियामा आएका छन्। सोमबार पहिलो किस्ता बुझाएपछि दुवै उद्योगमा लाइन जोडिएको छ,' उनले भने, 'अन्य २३ उद्योग भने सम्पर्कमा आएका छैनन्।'

कांग्रेसमा कार्यवाहकलाई झनै कठिन

महाधिवेशनको मिति र प्रक्रिया विवाद चुलीमा

जेन-जी आन्दोलनमा घाइते भएपछि पार्टी सभापति शेरबहादुर देउवा आफूले विश्राम लिएर उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिए पनि आन्तरिक विवाद सुल्झिएन



देउवाले विश्राम लिए पनि कांग्रेसको संस्थापन पक्ष विधि, प्रक्रिया र पार्टी विधान देखाएर केन्द्रीय कार्यसमितिको म्याद थप्ने रणनीतिमा



महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पक्ष मंसिरमै महाधिवेशन हुनुपर्ने अन्यथा विशेष महाधिवेशन गर्नुपर्ने अडानसहित संस्थापनमाथि दबाब बनाउँदै



इतर समूहका नेता डा. शेखर कोइराला पक्ष भने नियमित महाधिवेशनमा जानुपर्ने र त्यसका लागि कार्यसमिति बैठकमा महामन्त्रीले कार्यतालिका ल्याउनुपर्ने पक्षमा

उपचारका लागि देउवादम्पती सिंगापुर प्रस्थान

नयाँ पत्रिका

महाधिवेशनको मिति र प्रक्रिया विवाद चुलीमा पुग्दा कांग्रेस कार्यवाहक सभापति पूर्णबहादुर खड्काका कठिनाइ बढेकोबढ्यै छन्। जेन-जी आन्दोलनमा घाइते भएपछि पार्टी सभापति शेरबहादुर देउवाले आफूले विश्राम लिएर खड्कालाई कार्यवाहकको जिम्मेवारी दिए पनि आन्तरिक विवाद सुल्झिएको छैन।

केन्द्रीय कार्यसमिति स्थगन गरेर महाधिवेशनको मिति र प्रक्रियामा सहमति खोज्ने नेताहरूबिच प्रयास जारी रहे पनि ठोस प्रगति छैन। महाधिवेशनको विषयलाई लिएर कांग्रेसमा मुख्यतः तीन धार सतहमा आएका छन्। तीनै पक्षले एक-अर्काको प्रस्ताव अस्वीकार गर्दै आफूअनुकूल महाधिवेशन गर्ने अडान लिइरहेका छन्।

» पृष्ठ २ मा क्रमशः

विदेशी नागरिकको गतिविधि ट्र्याकिङ गर्ने प्रणाली कार्यान्वयन स्थगित



आठ हजार विदेशी विनाभिसा नेपालमा, पर्यटन र बिजनेस भिसामा बस्नेको पनि गतिविधि शंकास्पद

(विस्तृत पृष्ठ ३)

सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, ०८२ जारी

संस्थानलाई स्वायत्त र सबल बनाइने



संस्थानको घाटा बढ्ने, तर नाफा खुम्चने प्रवृत्ति बढ्दै गएकाले स्वायत्तता प्रदान गरी वित्तीय रूपमा सबल बनाउने रणनीति अर्थ मन्त्रालयले आइतबार सार्वजनिक गरेको हो। सञ्चालनमा रहेका ४३ संस्थानमध्ये २८ नाफामा र १५ वटा घाटामा रहेको मन्त्रालयले जनाएको छ।

(विस्तृत पृष्ठ ६)

स्थानीयले बनाए समाजवादी गाउँ

सबै आम्दानी र खर्च सामूहिक हुन्छ, सबैको चुलोमा उस्तै खान्की पाक्छ

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

२१ सय मिटर उचाइमा रहेको एउटा गाउँ, जहाँबाट जुगल हिमशृंखला आमनेसामने देखिन्छ। वरिपरि जंगल र जडीबुटी अनि छडछडे झर्ने कञ्चन झरना। एउटै जातिको बसोबास। जुगल गाउँपालिका-६ हगाम गाउँमा ८० घर तामाङ परिवार छ। तामाङ जातिमा पनि सबै परिवार पाखिन थरका मात्रै छन्।

बस चढेर काठमाडौंबाट सात घण्टामा पुगिन्छ हगाम। काठमाडौंबाट चार घण्टामा जलवीरे पुगेपछि ग्रामीण बस्ती हेर्दै पैदल हिँडेर अर्को चार घण्टामा हगाम पुगिन्छ। यहाँ पुगेपछि उत्तरतिर हिमाल र दक्षिणतिर राजधानी काठमाडौं देख्न पाइन्छ।

प्राकृतिक सौन्दर्यले सजिएको यस गाउँलाई केही वर्षयता समाजवादी बनाएपछि सुनमा सुगन्ध थपिएको छ। साँच्चै यहाँको जीवन, सुख र दुःख सामूहिक छन्। गाउँले आफ्नो बस्तीलाई हगाम ह्युलसेड्डे भन्छन्।


'गर्न सक्छौं, गरे हुन्छ, गरिहेर्नौं' भन्ने नारा यो गाउँको मूल सिद्धान्त हो। हगाम समाजवादी गाउँ कार्यकारिणी समितिका अध्यक्ष मिलन तामाङ पाखिन गाउँको विकास र समृद्धि गर्ने योजनाबारे सधैं समुदायमा भेटिन्छन्। पाखिन पर्यटन व्यवसायीसमेत हुन्। हगाम गाउँलाई समाजवादी बस्ती बनाउन

» पृष्ठ २ मा क्रमशः



सिन्धुपाल्चोकको जुगल गाउँपालिका- ६ हगाम गाउँ। ३२० जनसंख्या रहेको हगामका ६० युवा विदेशमा छन्। ती युवाले विदेशमा कमाएको रकमको निश्चित प्रतिशत सामुदायिक खेती र योजनामा प्रयोग हुने गरेको छ। १० वर्षभित्र हगाम समाजवादी गाउँलाई विकास र समृद्धिको नयाँ मोडलका रूपमा देखाउने पाखिन समुदायको धोको छ। जुन काममा उनीहरू निर्धक्कसँग लागेका छन्।

बुधबार बिहानसम्म विभिन्न स्थानमा वर्षा र हिमपातको सम्भावना



काठमाडौं/ मौसम पूर्वानुमान महाशाखाले सोमबार रातदेखि बुधबार बिहानसम्म देशका विभिन्न स्थानमा वर्षा तथा हिमपातको सम्भावना रहेकाले सतर्कता अपनाउन आग्रह गरेको छ। महाशाखाले विशेष मौसम बुलेटिन प्रकाशन गरी सोमबार रातिदेखि बुधबार बिहानसम्म गण्डकी, लुम्बिनी र कर्णालीका हिमाली भागमा वर्षा तथा हिमपात हुने जनाएको हो। गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रका एक-दुई स्थानमा भारी हिमपात हुने महाशाखाले जनाएको छ। महाशाखाका अनुसार अरब सागरबाट बनेको न्यूनचापीय प्रणालीका कारण यस्तो वर्षा र हिमपात हुन लागेको छ।

यसैबिच राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पदयात्रामा जानुअघि पूर्वसूचना तथा लेक लाग्ने जोखिमबारे जानकारी लिन सचेत गराएको छ। पदयात्राका लागि आवश्यक पूर्वतयारी गर्न र एक्लै यात्रामा ननिस्किन भनेको छ। शनिबार र आइतबार लेक लागेर मनाङ र कास्कीमा चारजनाको ज्यान गएको थियो। त्यस्तै, एक स्पेनी नागरिकलाई उद्धार गरी काठमाडौं ल्याइएको थियो।

डिजिटल प्रणाली...

पृष्ठ १ बाट क्रमशः

त्यस्तै, ६० दिनको समय दिई मुद्दाका पक्ष, सरकारी वकिल कार्यालय, कानुन व्यवसायी र अन्य सम्बद्ध निकायलाई अनुरोध गर्ने पनि निर्देशिकामा उल्लेख छ।

मिसिल कागजातको आधिकारिकता परीक्षण तथा प्रमाणीकरणका लागि सर्वोच्चमा मुद्दा महाशाखा हेर्ने रजिस्ट्रारको अध्यक्षतामा तीनसदस्यीय समिति गठन गरिएको छ। जसमा मुद्दा महाशाखाका सहरजिस्ट्रार सदस्य र फाँटका सम्बन्धित सुपरिवेक्षक सदस्यसचिव छन्। त्यस्तै उच्च र विशेष अदालतमा रजिस्ट्रारको अध्यक्षतामा र जिल्ला अदालतमा स्रेस्तेदारको अध्यक्षतामा यस्तो समिति बनाइएको छ।

यसैबिच डिजिटल प्रणाली मर्मत भएसँगै अनलाइन पेसी प्रणाली पनि सुरु हुने सर्वोच्चले जनाएको छ। देशभरका अदालतले अनलाइन प्रणालीमार्फत मुद्दाको पेसी निकाल्ने गरेका छन्। यो प्रणाली बन्द भएपछि कतिपय अदालतले लिखित रूपमा पेसी निकाल्दै आएका थिए।

डाटा रिकभर भए पनि सर्वोच्चमा मुद्दाको सुनुवाइ भने तत्काल सुरु हुनेछैन। हाल कर्मचारी बस्ने ठाउँसमेत नभएकाले तत्काल थप मुद्दाको सुनुवाइ हुन सक्ने अवस्था नभएको प्रवक्ता कोइराला बताउँछन्। 'अहिले कर्मचारी बस्ने ठाउँसमेत छैन,' उनी भन्छन्, 'व्यवस्थापन भएपछि सर्वोच्चको पूर्ण इजलासले थप सेवा सुरु गर्नेबारे निर्णय गर्नेछ।' हाल सर्वोच्च अदालतले रिट र बन्दी प्रत्यक्षीकरणका निवेदनमा मात्र सुनुवाइ गरिरहेको छ।

विशेषले आजदेखि नियमित रूपमा सुनुवाइ थाल्ने, काठमाडौं जिल्लाको सुनुवाइमा भने कठिनाइ

विशेष अदालतले मंगलबारदेखि नियमित सुनुवाइ थाल्ने भएको छ। जेन-जी आन्दोलनपछि रोकिएको सुनुवाइ सुरु हुन थालेको हो। यसअघि विशेषले नयाँ मुद्दा दर्ता र थुनछेकसम्बन्धी आदेश मात्र गर्दै आएको थियो। साप्ताहिक पेसी निकालेर मंगलबार नियमित सुनुवाइ अघि बढ्ने बिशेषका सूचना अधिकारी यज्ञराज रेग्मीले बताए। 'हामीले म्यानुअल रूपमा पेसी निकालेर सुनुवाइ अघि बढाएका छौं,' उनले भने, 'सर्वोच्चको सिस्टम पनि रिकभर भएपछि थप सहज भएको छ।'

काठमाडौं जिल्ला अदालतको सुनुवाइ भने तत्काल सुरु गर्न कठिन देखिएको छ। जिल्ला अदालतको मूल भवन बस्नै नमिल्ने गरी जलेको छ। बबरमहलमै रहेको नागरिक उड्डयन प्राधिकरणको पुरानो भवनमा जिल्ला अदालत सार्ने निर्णय भइसकेको छ। तर, तयारी नपुगेकाले नियमित सुनुवाइ तत्काल नहुने जिल्ला अदालतले जनाएको छ।

बक्यौता नतिरेका...

पृष्ठ १ बाट क्रमशः

र प्लास्टिक इन्डस्ट्रिजको २५ लाख गरी ७७ लाख बक्यौता तिर्न बाँकी यो उद्योगले हाल कर्मचारीलाई बिदामा बस्न भन्दै उद्योग बन्दको अवधि लम्बिए तलब सुविधा दिन नसकिने जानकारी गराएको छ। पञ्चकन्या उद्योगका प्रबन्धक देवेन्द्र साहूले विद्युत् कटौती लम्बिए कामदारलाई तलब दिन नसकिने बताए।

'प्राधिकरणले उद्योगमा विद्युत् काटेपछि हामीले मजदुर/कर्मचारीलाई बिदामा राखेका छौं। अहिलेलाई तलब नदिने भन्ने छैन, तर यही अवस्था लम्बिए तलबलगायत सुविधा दिन सकिँदैन,' उनले भने।

प्राधिकरणले गलत नियतले बक्यौता मागेको दाबी गर्दै साहूले त्यस्तो रकम नतिर्ने चेतावनीसमेत दिए। 'गलत नियतबाट माग गरिएको विद्युत्को पैसा एक रुपैयाँ पनि तिर्दैनौं भनेका छौं, हुँदै नभएको विद्युत् शुल्क कुनै हालतमा तिर्दैनौं। बरु, पुनर्निर्माण कोषको खाता दिनुहोस्, जम्मा गरिदिन्छौं भनेका छौं। सरकारले समस्याको समाधान गरोस् भन्ने हाम्रो चाहना छ,' उनले भने। पञ्चकन्या उद्योगले नियमित विद्युत् महसुल समयमै बुझाएर दुई प्रतिशत सुविधा लिइरहेको उनले बताए।

भैरहवाकै अर्घाखाँची सिमेन्टले पनि तीन सयभन्दा बढी कामदारलाई अनिश्चितकालका लागि बिदामा राखेको छ। यो उद्योगले विद्युत् प्राधिकरणलाई तिर्नुपर्ने बक्यौता ४४ करोड ८४ लाख छ। तर, बक्यौता तिर्न अटेर गरेपछि प्राधिकरणले ४ कात्तिकमा उद्योगमा विद्युत् लाइन काटेको थियो।

रूपन्देहीमै रहेको सिद्धार्थ पेटप्लास्टले पनि ३५ कामदारलाई अनिश्चितकालका लागि भन्दै बेतलबी बिदामा राखेको छ। बोतलजन्य उत्पादन गर्ने उद्योगमा हाल सरसफाइ र उद्योग कुर्न दुई कामदार मात्रै नियमित रहेको म्यानेजर लेखनाथ भट्टराईले जानकारी दिए। 'उद्योगमा विद्युत् लाइन काटिएपछि पानी उमाल्ने र मोबाइल चार्ज गर्ने अवस्था पनि छैन। कर्मचारीलाई कसरी तलब दिने ?' उनले भने, 'त्यसैले, मजदुर/कर्मचारीलाई विनातलब बिदामा राखेका छौं। विद्युत् जोडिएपछि मात्रै फिर्ता बोलाउँछौं। अहिले उद्योग कुर्न र सरसफाइ गर्न दुई कर्मचारी मात्रै कार्यरत छन्।'

यीबाहेक बक्यौता नतिरेका अन्य उद्योगले पनि कर्मचारीहरूलाई बिदामा बस्न दबाब दिइरहेका छन्। हजारौं मजदुर/कर्मचारीलाई बेतलबी बिदामा राखेर उनीहरूमार्फत प्राधिकरणमाथि दबाब बढाउने रणनीतिमा उद्योगीहरू देखिन्छन्।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)का अध्यक्ष विनोद श्रेष्ठ उद्योगबाट कर्मचारी निकाल्ने तथा बिदामा राख्ने काम गलत भएको बताउँछन्। 'विद्युत् लाइन काटिएका उद्योगहरूबाट कर्मचारीलाई बिदामा राखेको गुनासो जिफन्टमा पनि आएको छ। अधिकांश उद्योगबाट कर्मचारी बिदामा राखिएको भनेर जानकारी आएको छ,' उनले भने, 'यस्तो कार्य गलत हो। कर्मचारीलाई कामबाट निकाल्ने वा बिदामा राख्ने होइन, उनीहरूको व्यवस्थापन गर्नुपर्छ।'

देश चरम लोडसेडिङमा रहेका वेला उद्योगहरूलाई प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४ घण्टासम्म विद्युत् दिएको थियो। त्यसमा ६५ प्रतिशत थप शुल्क (प्रिमियम) लिने भनिएको थियो। तर, केही उद्योगले प्रिमियम महसुल तिर्न पहिलादेखि नै आनाकानी गर्दै आएका छन्। पछिल्लोपटक प्राधिकरणले १२ असोजमा सार्वजनिक सूचना जारी गर्दै २ कात्तिकसम्मको अल्टिमेटम दिएको थियो। त्यसमा प्राधिकरणले २८ मासिक किस्ताको सुविधा दिने पनि बताएको थियो।

०७२ माघदेखि ०७५ वैशाखसम्म डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४ घण्टासम्म विद्युत् उपभोग गरेर प्रिमियम महसुल नबुझाउने उद्योग सुरुमा ५८ वटा थिए। यसमध्ये १० उद्योगले बक्यौता चुक्ता गरिसकेका छन्। त्यस्तै, डाबर नेपाल र सुदूरपश्चिम हवाई कार्यालयको धरौटी जफत गरेर बक्यौता असुली गरिएको थियो। अरू १५ उद्योग पनि बक्यौता तिर्ने प्रक्रियामा यसअघि नै आएका थिए। बाँकी ३१ उद्योगले कत्ति पनि बक्यौता तिरेका थिएनन्। यीमध्ये ६ उद्योगले अदालतबाट अन्तरिम आदेश लिएकाले प्राधिकरणले लाइन काटेको थिएन। यसरी बाँकी २५ उद्योगमा लाइन काटिएकोमा दुईवटाले सोमबार पहिलो किस्ता बुझाएपछि लाइन जोडिएको छ। अब लाइन काटिएका २३ उद्योग छन्। अदालतबाट अन्तरिम आदेश लिएका र लाइन काटिएका गरी २९ उद्योग अब बक्यौता तिर्ने प्रक्रियामा आउन बाँकी छ। सोमबार पहिलो किस्ता तिरेकासहित ३१ उद्योगको बक्यौता ६ अर्ब रहेको प्राधिकरणले जनाएको छ।

लाइन काट्दा विद्युत् खपत प्रभावित

बक्यौता नतिर्ने उद्योगमा लाइन काट्दा विद्युत् खपत प्रभावित भएर प्राधिकरणलाई घाटा भएको छ। यी धेरै विद्युत् खपत गर्ने उद्योगहरू नै हुन्। लाइन काटिएका जगदम्बा स्टिल, रिलायन्स स्पिनिङ मिल्सजस्ता उद्योग प्राधिकरणका ठुला ग्राहक हुन्। अर्थात् उनीहरूले धेरै विद्युत् खपत गरेर धेरै महसुल तिर्छन्। लाइन काटिएका उद्योगले दुई सय मेगावाट हाराहारीमा विद्युत् खपत गर्छन्। लाइन काटिएपछि त्यसबाट हुने आम्दानी प्रभावित भएको छ। तर, अर्बौं बक्यौता उठाउन यस्तो कदम चाल्नुपर्ने बाध्यता आएको प्राधिकरणका कर्मचारीहरू बताउँछन्। 'अहिले लाइन काटिएका उद्योगहरूमा २०० मेगावाट हारहारीमा विद्युत् खपत हुन्छ। लाइन काटिएपछि पक्कै पनि त्यसबाट हुने आम्दानी प्रभावित हुन्छ,' एक अधिकारीले भने, 'त्यसो भन्दैमा उद्योगीहरूलाई छुट दिने कुरा पनि आउँदैन।'

ठुला उद्योगीहरू अदालत जाने तयारीमा

ठुला उद्योगीहरू प्राधिकरणले थालेको कारबाहीविरुद्ध अदालत जाने तयारीमा छन्। रिलायन्स स्पिनिङ मिल्सले उच्च अदालत पाटनमा मुद्दा दायर गरिसकेको छ। एक-दुई दिनमै उक्त मुद्दामा सुनुवाइ हुँदै छ। अन्य उद्योगीहरू पनि अदालत जाने तयारीमा छन्।

नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष तथा शिवम् सिमेन्टका सेयरधनी रघुनन्दन मारूले उद्योगीमाथि अन्याय भएको र राज्यबाट न्यायको पर्खाइमा रहेको बताए। 'विद्युत्विना उद्योग चल्दैन, उद्योगविना विद्युत् पनि चल्दैन। नङ र मासुजस्तो ऊर्जा र उद्योगको सम्बन्ध कायम हुनुपर्छ। हामी राज्यबाट न्यायको पखाईमा छौं,' उनले भने, 'यो नियमित महसुलको विवाद होइन। नियमित महसुल त उद्योगीहरूले २ प्रतिशत छुट (बिल जारी गरेको सात दिनभित्र तिरेमा दुई प्रतिशत छुट पाइन्छ) मै तिरेका छन्। यो विवाद प्रिमियम महसुलको हो। त्यसका लागि त हामीले प्रिमियम महसुलअनुसारको विद्युत् प्रयोग गरेको हुनुपर्‍यो। साथै, त्यसको प्रमाण पनि हुनुपर्‍यो। प्राधिकरणले त्यसको प्रमाण दिएको अवस्थामा सहजै बक्यौता भुक्तानी गर्छौं।'

तर, प्राधिकरणका प्रवक्ता राजन ढकालले भने खपत भएकै आधारमा उद्योगीसँग प्रिमियम महसुल मागेको बताए। 'उद्योगीहरूले कस्तो प्रमाण खोज्नुभएको हो, थाहा छैन। हामीले त्यसवेला जति विद्युत् खपत भएको थियो, त्यसमै प्रिमियम मागेका हौं। मिटरमा देखिने युनिट त तलमाथि हुने कुरा आउँदैन। त्यसवेला कुनै उद्योगीहरूले १०० युनिट खपत गर्नुभएको थियो भने १०० युनिटको नियमित महसुल त्यसवेला नै तिर्नुभएको हो। हामीले अहिले पनि त्यही १०० युनिटमा प्रिमियम महसुल तिर्नुस् भनेको हो,' उनले भने, '१०० युनिट विद्युत् खपत भएको ठाउँमा ११० युनिट विद्युत्को प्रिमियम महसुल तिर्नुस् भनेका छैनौं। विगतमा अन्य प्रमाण पनि दिएकै हो।'

आगजनीविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

सर्वोच्चका भवन, सवारीसाधन, जिन्सी जलेर नष्ट भएका छन्। सबै गरी एक अर्ब २१ करोड २१ लाख ९१ हजार ५१ रुपैयाँबराबरको सम्पत्ति नष्ट भएको सर्वोच्चको भनाइ छ। नष्ट भएका सम्पूर्ण सम्पत्तिको विवरणसहित प्रहरीमा जाहेरी लिएर जाने तयारी भएको सर्वोच्चका सूचना अधिकारी निराजन पाण्डेले बताए। 'जेन-जी आन्दोलनमा सर्वोच्चको ठुलो परिमाणमा सम्पत्ति जलेर नष्ट भएका छन्। त्यसको विवरण संकलन भइसकेका छन्। सोही आधारमा जाहेरी लिएर प्रहरी कार्यालयमा जाने तयारी भएको छ। सम्भवतः एक-दुई दिनभित्रै हामी जाहेरी लिएर प्रहरी कार्यालय जान्छौं। दस्तावेजीकरणका लागि यो आवश्यक छ,' उनले भने।

सर्वोच्चका अनुसार मूल भवनमा मात्रै ५० करोड रुपैयाँबराबरको क्षति भएको छ। ४० करोड १९ लाख ५ हजार ७०८ रुपैयाँबराबरको सवारीसाधन (पूर्ण क्षति), २८ करोड ७३ लाख १५ हजार ९३० रुपैयाँको जिन्सी (खर्च भएर जाने), २४ लाख १९ हजार ४१३ रुपैयाँ बराबरको जिन्सी (खर्च भएर नजाने) र दुई करोड पाँच लाख ५० हजार रुपैयाँबराबरको सवारीसाधन (आंशिक) गरी कुल एक अर्ब २१ करोड २१ लाख ९१ हजार ५१ रुपैयाँबराबरको सम्पत्ति नष्ट भएका छन्।

सूचना अधिकारी पाण्डेले सबै गरी सर्वोच्चको मात्रै एक अर्ब २१ करोडभन्दा धेरै मूल्यको सम्पत्ति नष्ट भएको बताए। 'आन्दोलनपछि सर्वोच्चमा आगजनी भए। जसबाट ठुलो परिमाणमा धनसम्पत्ति नष्ट भए। हालसम्मको तथ्यांकअनुसार सर्वोच्चको मात्रै एक अर्ब २१ करोडभन्दा धेरैको सम्पत्ति नष्ट भएको देखिन्छ,' उनले भने।

तथ्यांकअनुसार सर्वोच्चको मात्रै ४३ थान चारपांग्रे, ७१ वटा मोटरसाइकल, ३८ स्कुटर गरी १५२ सवारी जलेर नष्ट भएका छन्। जसमध्ये १६ चारपांग्रे सवारीसाधन भने मर्मतपछि प्रयोग गर्न मिल्ने अवस्थामा छन्।

त्यस्तै, डेस्कटप कम्प्युटर ७०९, ल्यापटप ५७७, प्रिन्टर ३८५, अभिलेख स्क्यानर २, सानो स्क्यानर ३४६, सिसिक्यामेरा १८४, भिडियो कन्फ्रेन्स सेट ६१, डिस्प्ले टिभी ९०, युपिएस ९१५, फोटोकपी ५, जेनेरेटर १, एसी ११२ र इ-हाजिरी ४२ वटा जलेर नष्ट भएका छन्।

त्यसबाहेक मुद्दाका मिसिल, अभिलेख पनि जलेर नष्ट भएका छन्। सर्वोच्चका अनुसार चालू अवस्थाका २० हजार ३४ मिसिल जलेर नष्ट भएका छन्। सर्वोच्चमा चालू अवस्थाका मात्रै सबै गरी २४ हजार २३४ मिसिल थिए। त्यस्तै, अभिलेखमा राखिएका एक लाख ९७ हजार मिसिल जलेर नष्ट भएका छन्। सर्वोच्च संकलित सोही विवरण लिएर जिल्ला प्रहरीपरिसर काठमाडौंमा जाने तयारीमा रहेको सर्वोच्चका प्रवक्ता कोइरालाले बताए। 'जाहेरी दिने जिल्लास्थित प्रहरी कार्यालयमै हो। हामी पनि जिल्ला प्रहरी कार्यालयमा जाहेरी लिएर जाने हो। यसका लागि लगभग तयारी पूरा भएको छ। मातहतका अन्य अदालतमा पनि आगजनी, तोडफोड भएका छन्। उनीहरू पनि सम्बन्धित जिल्ला प्रहरी कार्यालयमै जाहेरी लिएर जानेछन्। सर्वोच्चको जाहेरी दर्तालगत्तै उनीहरू पनि जाहेरी लिएर सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा जान भनेका छौं,' उनले भने।

सर्वोच्चका अनुसार उच्च अदालतका न्यायाधीश चढ्ने दुईवटा सवारीसाधनमा आगजनी भएका छन्। जिल्ला अदालतका न्यायाधीश चढ्ने २५ सवारीसाधन जलाइएका छन्। उच्च र जिल्ला अदालतका अन्य सवारीसाधनमा ३८ चारपांग्रे, १५२ मोटरसाइकल र ३२ स्कुटरमा आगजनी भएका छन्। उक्त अदालतका ७८३ डेस्कटप, ५८ ल्यापटप, ४६९ प्रिन्टर, २१ अभिलेख स्क्यानर, १६३ सानो स्क्यानर, २६१ सिसिटिभी, २५ भिडियो कन्फ्रेन्स सेट, १०५ डिस्प्ले टिभी, १९६ युपिएस, ३३ फोटोकपी मेसिन, ५ जेनेरेटर, २२७ एसपी र ३९ इ-हाजिरी जलेर नष्ट भएका छन्। सूचना अधिकारी पाण्डेले उच्च र जिल्ला अदालतमा भएका क्षतिको एकमुस्ट क्षतिको विवरण भने तयार भइनसकेको बताए।

महाधिवेशनको मिति...

पृष्ठ १ बाट क्रमशः

कांग्रेसको संस्थापन पक्ष विधि, प्रक्रिया र पार्टी विधान देखाएर केन्द्रीय कार्यसमितिको म्याद थप्नुपर्ने पक्षमा उभिएको छ। महामन्त्री पक्षधर आसन्न मंसिरमै महाधिवेशन हुनुपर्ने अन्यथा विशेष महाधिवेशन गर्नुपर्ने अडानमा छ। इतर समूहका नेता डा. शेखर कोइराला पक्ष भने नियमित महाधिवेशनमा जानुपर्ने र त्यसका लागि कार्यसमिति बैठकमा महामन्त्रीले कार्यतालिका ल्याउनुपर्ने पक्षमा छ।

गत १ कात्तिकमा रोकिएको बैठक आगामी १३ कात्तिकबाट पुनः सुरु हुँदै छ। त्यसअगाडि सहमति खोज्न नेताहरू अनौपचारिक छलफलमा व्यस्त छन्। यहीबिचमा एकले अर्को पक्षमाथि दबाब बनाउने रणनीति पनि लिएका छन्। यसैअन्तर्गत महामन्त्रीद्वयको समूहले विशेष महाधिवेशनका लागि प्रतिनिधिको हस्ताक्षर जुटाएको छ। यस्तोमा कार्यवाहक पाएलगत्तै पार्टी एकता र सहमति खोज्न खड्काको नेतृत्व र समन्वयको परीक्षा भैरहेको छ।

कार्यवाहक सभापति खड्का नियमित महाधिवेशनबाट अगाडि बढ्ने र जारी केन्द्रीय कार्यसमिति बैठकबाट सर्वसम्मत निर्णयमा पुग्ने दाबी गर्छन्। तरुण दलको स्थापना दिवसको अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा खड्काले जारी केन्द्रीय कार्यसमिति बैठकले ऐतिहासिक निर्णय लिने बताए। 'जति पनि विषयहरू हामीले अगाडि सारेका छौं, ती सबैमा व्यापक छलफल र विमर्श चलिरहेको छ। सबै नेताहरूले आ-आफ्नो तरिकाले आफूलाई लागेको कुरा खुलस्त भन्नुभएको छ। भन्ने क्रम अझै जारी छ,' उनले भने, 'ती सबै विचार, दृष्टिकोण, फरक-फरक कोण र जोडलाई एक ठाउँमा जोड्दै विशेष महाधिवेशनको प्रस्ताव पनि नियमित महाधिवेशनको सीमाभित्र जोडेर समाधान गर्नेछौं। केन्द्रीय कार्यसमितिबाट सर्वसम्मत निर्णय गराउनेछौं।'

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आगामी मंसिरभित्रै नियमित महाधिवेशन नभएमा विशेष महाधिवेशनको निर्णय लिन दबाब बढाएका छन्। कार्यसमितिको म्याद थप्ने प्रस्ताव नराख्ने उनीहरूले स्पष्ट पारेका छन्। तर, महाधिवेशन कार्यतालिका बैठकमा प्रस्तुत गर्न सकेका छैनन्।

महामन्त्री शर्माले पार्टीभित्रको बहसलाई अनावश्यक रूपमा अर्को ढंगले प्रचार गर्न नहुनेमा जोड दिएका छन्। 'नेपाली कांग्रेस सहज छलफल गरेर निष्कर्षमा पुग्छ। कांग्रेसमा विग्रह होला भनेर कसैले सोचेको छ, कसैले धुप बालेको छ भने बिल्कुलै नसोचे हुन्छ। कांग्रेस एक ढिक्का रहन्छ,' उनले भने, 'बदलिएको परिस्थितिबमोजिम कांग्रेसले आफूलाई बदल्छ र समाज बदल्ने गरी अगाडि जान्छ। बैठकमा फरक मत आए पनि एक भएर अगाडि बढ्छौं।'

विशेष महाधिवेशन कि नियमित महाधिवेशनको निर्णय जारी केन्द्रीय कार्यसमिति बैठकले गर्नेछ। ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर माग गरे केन्द्रीय कार्यसमितिले तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने वैधानिक व्यवस्था छ। बहुमत प्रतिनिधिले हस्ताक्षरसहित विशेष महाधिवेशनको माग गरेकाले महाधिवेशनको मिति तोक्नुपर्ने दबाब छ। तर, हालसम्म महाधिवेशन कार्यतालिका आउन सकेको छैन।

महाधिवेशनका लागि सबैभन्दा जटिल काम क्रियाशील सदस्यताको विवाद देखिएको छ। सदस्यता नवीकरण, नयाँ सदस्यता वितरण र विवाद समाधान हुन सकेको छैन। यही कारणलाई देखाएर संस्थापन पक्षले महाधिवेशन वैशाखमा धकेल्ने प्रयास गरिरहेको एक नेता दाबी गर्छन्।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा कार्यसमिति बैठकले सर्वसम्मत निर्णय गर्ने बताउँछन्। 'प्रक्रिया पुर्‍याएर महाधिवेशन हुन्छ। काम गर्दै जाँदा भ्याइएन भने केही समय लाग्न सक्छ। हामी सर्वसम्मत निर्णयमा पुग्छौं। केन्द्रीय कार्यसमिति एक ढिक्का छ,' विश्वकर्माले भने।

यसैबिच विशेष महाधिवेशनका लागि हस्ताक्षर गरेका महाधिवेशन प्रतिनिधिहरूले कार्यसमितिको म्याद थप्ने षड्यन्त्र भैरहेको आरोप लगाएका छन्। गत २८ असोजमा सुरु भएको बैठक कात्तिक १३ गतेसम्मका लागि स्थगित भएको छ। १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको चारवर्षे म्याद आगामी मंसिरमा सकिँदै छ। विधानमा एक वर्ष म्याद थप्न पाउने व्यवस्था छ। संस्थापन पक्ष सोही व्यवस्थामा टेकेर म्याद थप्ने पक्षमा लागेको भन्दै विशेष महाधिवेशनका लागि हस्ताक्षर गरेका प्रतिनिधिहरू मंसिरमै महाधिवेशन हुनुपर्ने अडानमा छन्।

नियमित महाधिवेशन गर्दा वडा, क्षेत्रीय प्रतिनिधि, प्रतिनिधिसभा क्षेत्र र महाधिवेशन प्रतिनिधिको चयन गरी सिधै केन्द्रीय महाधिवेशन गर्न सकिने उपाय उनीहरूले सुझाएका छन्। तर, संस्थापन पक्ष सम्पूर्ण विधि प्रक्रिया पूरा गरेर महाधिवेशन गर्नुपर्ने अडानमा छ। त्यस्तो अवस्थामा मंसिरमा महाधिवेशन सम्भव नहुने र आगामी वैशाखसम्म धकेलिन सक्ने संस्थापन पक्षको बुझाइ छ।

हस्ताक्षर अभियानको अगुवाइ गरेका युवा नेता गुरुराज घिमिरेले पार्टी विधानको धारा १७ (२) बमोजिम विशेष महाधिवेशनको माग गर्दै केन्द्रीय कार्यालयमा निवेदन दर्ता गरेपछि तीन महिनाभित्र महाधिवेशन हुनुपर्ने बताए। 'हामी काउनडाउनमा छौं। हामीले निवेदन दर्ता गरेको तीन महिनाभित्र महाधिवेशन हुनुपर्छ। '१३ दिन भयो। अब ७७ दिन बाँकी छ। त्यो अन्तिम समय हो। त्यसभित्रै महाधिवेशन हुनुपर्छ। म्याद थप्न पाइँदैन,' उनले भने। महाधिवेशन प्रतिनिधिहरूको अधिकारलाई अवमूल्यन गर्ने र छल्ने छुट कसैलाई पनि नभएको उनी बताउँछन्।

नबिल बैंक लिमिटेडको शाखा कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

यस बैंकको जुम्ला जिल्ला स्थित तिला शाखा, हालको स्थानबाट करीब ५० मि.को दुरीमा स्थानान्तरण भई नयाँ परिसरबाट यही मिति २०८२ कार्तिक १६ गते, तदनुसार 2nd November, 2025 देखि सुचारु हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हालको ठेगाना	स्थानान्तरण हुने ठेगाना	स्थानान्तरण हुने मिति
जुम्ला जिल्ला, तिला गाँउपालिका वडा नं. ०१, रारालिही	जुम्ला जिल्ला, तिला गाँउपालिका वडा नं. ०१, रारालिही	२०८२ कार्तिक १६ गते

सम्पर्क फोन नं. ९८४८९७५७८५, तिला शाखा

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, कमलादी, काठमाडौं फोन नं. ०१-५९७१८७१

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाण्डौ

करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशन मिति २०८२/०७/११)

केन्द्रमा करार सेवामा निम्न अनुसारका जनशक्ति आवश्यक भएकोले तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले आफुले प्राप्त गरेको नागरिकता, कार्य अनुभव र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु उम्मेदवार स्वंयले प्रमाणित गरी हालसालै खिचेको पासपपोर्ट साइजको फोटो २ प्रति फारमको निर्दिष्ट स्थानमा टाँसी मिति २०८२/०७/१७ गते कार्यालय समयभित्र दस्तुर बुझाई दरखास्त दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ। रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।


सि.नं.	सूचना नं.	पद	तह	संख्या	दरखास्त दस्तुर	न्यूनतम शैक्षिक योग्यता
१	१/२०८२/८३	इन्जिनियर	७	१८	१२००/-	मान्यता प्राप्त शिक्षण संस्थावाट वातावरण इन्जिनियरिङ्ग वा सिभिल इन्जिनियरिङ्ग वा मेकानिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स तथा कम्यूनिकेशन इन्जिनियरिङ्ग वा कृषि इन्जिनियरिङ्ग बिषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।
२	२/२०८२/८३	प्रशासकीय अधिकृत	६	२	१२००/-	मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।
३	३/२०८२/८३	प्राविधिक सहायक	५	४	७००/-	मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र नवीकरणीय ऊर्जा क्षेत्रमा कम्तीमा एक वर्षको कार्य अनुभव प्राप्त गरेको।
४	४/२०८२/८३	कम्प्यूटर अपरेटर	४	१	५००/-	मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा दश कक्षा उत्तीर्ण गरी कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिनाको आधारभूत तालिम लिएको।


द्रष्टव्य :

१. जनशक्ति छनौट गर्दा करार जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०८२ मा रहेको व्यवस्था बमोजिम गरिनेछ।
२. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताका हकमा समकक्षता निर्धारण गरिएको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
३. परीक्षा दस्तुर राष्ट्रिय वाणिज्य वैंक लिमिटेडको कार्यालय कोड नं. ३०८००३५०२ को राजश्व शिर्षक नं. १४२२४ मा जम्मा गरी सक्कल भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ।
४. परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुबै हुनेछ।
५. लिखित परीक्षाबाट छनौट भएका व्यक्तिहरु मात्र अन्तर्वार्तामा सम्मिलित हुन पाउने छन।
६. सेवा तथा सुविधा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको नियमानुसार हुनेछ। सम्पादन गर्नुपर्ने काम तथा अन्य शर्तहरु सम्झौता बमोजिम हुनेछ।
७. दरखास्त फाराम, कार्य बिवरण र पाठ्यक्रम केन्द्रको वेबसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ।
८. लिखित परीक्षाको मिति केन्द्रको website र सूचना पाटीमा प्रकाशित गरिनेछ।

छनौट समिति

उपचारका लागि देउवादम्पती सिंगापुर प्रस्थान





काठमाडौं/कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवा उपचारका लागि सिंगापुर प्रस्थान गरेका छन्। जेन-जी आन्दोलनमा घाइते भएपछि देउवापत्नीको सुरुमा सेनाको सैनिक अस्पताल छाउनीमा उपचार भएको थियो। थप उपचारका लागि देउवादम्पती सोमबार राति सिंगापुर एयरलाइन्समार्फत त्यसतर्फ प्रस्थान गरेका हुन्। जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा बुढानीलकण्ठस्थित निवासमा देउवादम्पतीमाथि आक्रमण भएको थियो। सेनाले उद्धार गरेर सैनिक अस्पताल छाउनीमा पुर्‍याएका थिए। देउवाको टाउकोमा चोटा लागेको थियो। देउवाले देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई २८ असोजमा कार्यवाहक सभापतिको जिम्मेवारी दिएका थिए।


स्थानीयले बनाए...

पृष्ठ १ बाट क्रमशः

योजना लिएर गाउँपालिका पुगेका मिलनलाई जुगल गाउँपालिकाका अध्यक्ष रेशम स्याङ्बोले प्राथमकितामा राखेर साथ दिए। त्यसपछि पालिकाकै लगानीमा पूर्वाधार निर्माण सुरु भयो।

दुई वर्षयता हगाम समाजवादी गाउँमा रुपान्तरण भएको छ। यहाँको सबै आम्दानी र खर्च सामूहिक हुन्छ। सबैको चुलोमा उस्तै खान्की पाक्छ। काममा, अवसरमा र जीवनका सबै आयाममा सामूहिक र समानताको अभ्यास गरिन्छ। सिन्धुपाल्चोकको पहिलो सामुदायिक गाउँ बनेको हगाममा मुख्यतः पर्यटन, जडीबुटी उत्पादन र होमस्टेलाई आर्थिक उपार्जनको माध्यम बनाइएको छ। सबै उत्पादन र वितरण सामुदायिक दायित्वमा आधारित छन्। पर्यटनतर्फ तामाङ संस्कृतिमा आधारित पाख्रिन होमस्टे सञ्चालनमा छ। मञ्जुश्री पार्क तथा अध्ययन केन्द्र र सय वर्ष पुरानो गुम्बा पनि यहाँका महत्त्वपूर्ण स्थल हुन्। शिक्षाका लागि गाउँमै विद्यालय छ। स्वास्थ्यका लागि जेरीको रोड सामुदायिक हस्पिटल छ, जहाँ प्राकृतिक पद्धतिबाट उपचार गरिन्छ।

सामुदायिक उत्पादनतर्फ धसिंग्रेको तेल पेलिन्छ। यो तेलको अन्तर्राष्ट्रिय बजार मूल्य प्रतिलिटर आठ हजार रुपैयाँ पर्छ। चिराइतो, कुट्की र चियाखेती सँगसँगै छन्। यसबाट मनग्गे आम्दानी हुन्छ। हगाम समाजवादी गाउँको विकास र समृद्धि यात्रा शिशु अवस्थामै रहेको बताउँदै कार्यकारिणी समितिका अध्यक्ष पाख्रिनले भने, 'समाजवादी गाउँ निर्माणका लागि पाख्रिन समाजले पाँच आचारसंहिता तय गरेको छ। त्यो हो, कुनै पनि काम सजिलोबाट, नजिकबाट, सानो स्तरबाट सुरु गर्ने। जुन काम आजै र आफैंबाट सुरु गर्ने भन्ने हो।' परम्परागत रूपमा रहेको धान, मकै, कोदो र आलु खेतीलाई पनि सामूहिकतामै ढाल्ने प्रयास जारी रहेको उनले बताए। समूहमा मनमुटाव नआओस् भनेर वेलावेलामा बैठक, प्रशिक्षण, तालिम र मनोरञ्जनात्मक कार्यक्रम गर्ने गरेको उनले सुनाए।



● **मिलन तामाङ पाख्रिन,** अध्यक्ष, समाजवादी गाउँ कार्यकारिणी समिति

समाजवादी गाउँ निर्माणका लागि पाख्रिन समाजले पाँच आचारसंहिता तय गरेको छ। त्यो हो, कुनै पनि काम सजिलोबाट, नजिकबाट, सानो स्तरबाट सुरु गर्ने। जुन काम आजै र आफैंबाट सुरु गर्ने भन्ने हो।

तीन सय २० जनसंख्या रहेको हगामका ६० युवा विदेशमा छन्। ती युवाले विदेशमा कमाएको रकमको निश्चित प्रतिशत सामुदायिक खेती र योजनामा प्रयोग हुने गरेको छ। दश वर्षभित्र हगाम समाजवादी गाउँलाई विकास र समृद्धिको नयाँ मोडलका रूपमा देखाउने पाख्रिन समुदायको धोको छ। जुन काममा उनीहरू निर्धक्कसँग लागेका छन्।

हगाम समाजवादी गाउँलाई मोडल बनाएर पहिला पालिकाभर विस्तार गर्ने र समयक्रममा अन्यत्र विस्तार होस् भन्ने उद्देश्य रहेको गाउँपालिका अध्यक्ष स्याङ्बो बताउँछन्। सोही योजनाअनुसार पालिकाले हगाम समाजवादी गाउँलाई वार्षिक पाँच लाख छुट्टै लगानी गरिरहेको छ। समाजवादी हगाम गाउँ निर्माण गर्न लमजुङको घलेगाउँबाट पनि अनुभव लिएको उनले बताए।

विदेशी नागरिकको गतिविधि ट्र्याकिङ गर्ने प्रणाली कार्यान्वयन स्थगित

आठ हजार विदेशी विनाभिसा नेपालमा, पर्यटन र बिजनेस भिसामा बस्नेको पनि गतिविधि शंकास्पद

टेकराज थामी /नयाँ पत्रिका

नेपाल आउने विदेशी नागरिकलाई ट्र्याक गर्ने विदेशी नागरिक दर्ता तथा अनुगमन प्रणाली (एफएनआरटिएस) स्थगित भएको छ। अध्यागमन विभागले १ असोजबाट यो प्रणाली कार्यान्वयनमा ल्याउने तयारी गरेको थियो। जेन-जी आन्दोलनका कारण एफएनआरटिएस कार्यान्वयन स्थगित गरिएको विभागले जनाएको छ।

नेपालमा विनाभिसा र भिसा दुरुपयोग गरी बस्ने विदेशी नागरिकको संख्या बढेपछि विभागले यो प्रणाली कार्यान्वयनमा ल्याउन खोजेको थियो। नेपालमा अहिले आठ हजार २०६ जना विदेशी नागरिक विनाभिसा बसिरहेको विभागको दाबी छ। तर, उनीहरू बसेको ठाउँ र गरिरहेका कामको सम्बन्धमा भने विभाग अनभिज्ञ छ।

विभागका महानिर्देशक रामचन्द्र तिवारीले विदेशी नागरिकलाई ट्र्याक गर्ने प्रणाली कार्यान्वयन हालका लागि स्थगित गरिएको बताए। 'नेपालमा विनाभिसा र प्राप्त भिसाको प्रयोजनविपरीत बसोबास गर्ने विदेशी नागरिक धेरै रहेको सूचना आयो। यो समस्या समाधान गर्न एफएनआरटिएस प्रणाली लागू गर्न खोजेका थियौं। यसका लागि आवश्यक सबै तयारी पूरा भएकै वेला आन्दोलन भयो। त्यसैले अहिलेलाई यो प्रणाली कार्यान्वयन स्थगित गरिएको छ,' उनले भने।

विभागका अनुसार प्रणाली कार्यान्वयनका लागि होटेल एसोसिएसन नेपाल (हान), ट्रेकिङ एजेन्सी अफ नेपाल (टान), होटेल तथा पर्यटन व्यवसायी संघ नेपाललगायत संघसंस्था सहमत भएका थिए। यसका लागि विभागले गत २२ भदौमा प्रदर्शनीमार्गस्थित पर्यटन बोर्डमा बृहत् छलफल गरेको थियो। त्यसको भोलिपल्टै चर्किएको जेन-जी आन्दोलनले योजना प्रभावित बन्यो।

हानका अध्यक्ष विनायक शाहका अनुसार हिल्टनलगायत २४ होटेलमा आगजनी तथा तोडफोड भए। जसबाट २५ अर्ब रुपैयाँभन्दा धेरैको क्षति पुग्यो। आन्दोलनपछि विदेशी पर्यटकको आगमन पनि प्रभावित बन्यो। सोही कारण तत्कालका लागि एफएनआरटिएस प्रणाली कार्यान्वयन स्थगित गरिएको विभागका प्रवक्ता टीकाराम ढकालले बताए। 'एफएनआरटिएस प्रणाली लागू गर्न सरोकारवाला सबै निकाय राजी थिए। यसका लागि बृहत् छलफल गरिएको थियो। प्रणाली पनि चुस्त रूपले विकास गरिएको थियो। यही वेला जेन-जी आन्दोलन भयो। जसको असर पर्यटन क्षेत्रमा पऱ्यो। त्यसो हुँदा तत्कालका लागि यो प्रणाली कार्यान्वयन स्थगित गरिएको हो,' उनले भने।

■ अध्यागमन विभागका महानिर्देशक **रामचन्द्र तिवारी** भन्छन्-



नेपालमा विनाभिसा र प्राप्त भिसाको प्रयोजनविपरीत बसोबास गर्ने विदेशी नागरिक धेरै रहेको सूचना आयो। यो समस्या समाधान गर्न एफएनआरटिएस प्रणाली लागू गर्न खोजेका थियौं। यसका लागि आवश्यक सबै तयारी पूरा भएकै वेला आन्दोलन भयो। त्यसैले अहिलेलाई यो प्रणाली कार्यान्वयन स्थगित गरिएको छ।



■ कसरी गर्न सक्छ प्रणालीले विदेशी नागरिकमाथि ट्र्याकिङ ?

विदेशी नागरिक नेपालमा प्रवेश गरेलगत्तै सम्पर्कमा पुग्ने पहिलो निकाय अध्यागमन कार्यालय हो। त्यसपछि होटेल हो। ट्राभल्स एन्ड टुर, मनी एक्सचेन्ज त्यसपछि जोडिने निकाय हुन्। सोही क्षेत्रलाई प्रयोग गरी विभागले विदेशी नागरिकलाई ट्र्याक गर्न खोजेको थियो। यसैका लागि विभागले एफएनआरटिएस विकास गरेको हो। विभागका अनुसार एफएनआरटिएसबाट दुई तरिकाले विदेशी नागरिकमाथि ट्र्याकिङ गर्न सकिन्छ। पहिलो विभागले बनाएको एप्समार्फत र दोस्रो होटेलमार्फत। विभागले विदेशी नागरिकका लागि भिसा अप्लाई गर्न डिपार्टमेन्ट अफ इमिग्रेसन नामको एप्प विगतदेखि नै सञ्चालनमा ल्याएको छ। अध्यागमन कार्यालयमा पुग्नासाथ कुनै पनि विदेशी नागरिकले विभागको एप्समा आफ्नो विवरण एड गर्न सक्छ। त्यसलगत्तै विभागले उसलाई एउटा क्युआर कोड उपलब्ध गराउँछ। सोही कोड लिएर ऊ होटेल पुग्छ। होटेलमा उसले फारम भर्न पर्दैन। सोही कोड देखाए पुग्छ। होटेलमा रहेको डिभाइसले कोड रिड गर्छ। जसको विवरण एफएनआरटिएसमा स्वतः दर्ता हुन्छ। होटेलबाट चेक आउट हुँदा पनि विदेशी नागरिकले सोही क्युआर होटेललाई दिन्छ। डिभाइसले रिड गरेलगत्तै त्यसको विवरण एफएनआरटिएसमा स्वतः दर्ता हुन्छ। क्युआर कोड नलिएका विदेशी नागरिकले भने सम्बन्धित होटेलमा आफ्नो पासपोर्टसहितको विवरण पेस गर्नुपर्छ। होटेलले सम्बन्धित व्यक्तिको विवरण विभागको एफएनआरटिएसमा चढाउँछ। र, तथ्यांक रजिस्ट्र हुन्छ। यो प्रणाली ट्राभल्स एन्ड टुर र मनी एक्सचेन्जमा पनि कार्यान्वयन गरिने हुँदा विदेशी नागरिकको पूरा अवस्थिति विभागको जानकारीमा रहन्छ। प्रणालीले भिसा सकिएको र दुरुपयोग भएको जानकारीसमेत विभागलाई गराउँछ।

विभागका अनुसार विशेषगरी पर्यटन र बिजनेस भिसामा नेपाल बस्ने विदेशी नागरिकको गतिविधि शंकास्पद देखिएको छ। पछिल्लो तथ्यांकअनुसार नेपालमा १२ लाख विदेशी नागरिक पर्यटन भिसामा भित्रिएका छन्। जसमध्ये चार सयभन्दा धेरैको गतिविधि शंकास्पद देखिएको अध्यागमनको भनाइ छ। बिजनेस भिसा लिएर नेपाल बसेका नागरिकको संख्या करिब चार हजार छ। त्यसमध्ये ५० प्रतिशत अर्थात् झन्डै दुई हजार विदेशी नागरिकको गतिविधि शंकास्पद देखिएको छ।

अध्यागमन नियमावली, २०५१ को नियम २० (१)मा पर्यटन भिसा लिएर नेपाल बस्ने विदेशी नागरिक वा परिवारका सदस्यलाई पारिश्रमिक लिई वा नलिई कुनै उद्योग, व्यापार, व्यवसाय वा संस्थामा काम गर्न बन्देज गरेको छ। 'नियमावलीबमोजिम पर्यटक र परिवारको सदस्यको हैसियतले भिसा पाउने विदेशीले नेपालभित्र रहँदा पारिश्रमिक लिई वा नलिई कुनै उद्योग, व्यापार, व्यवसाय वा संस्थामा काम गर्न पाउनेछैन। नियमावलीबमोजिम भिसा प्राप्त गर्ने विदेशीले जुन उद्देश्यको निमित्त भिसा प्राप्त गरेको हो सोबाहेक अन्य काम गर्न पाइने छैन,' नियममा भनिएको छ।

सोही नियमावलीको नियम २८ मा भिसाको उद्देश्यविपरीत गतिविधिमा संलग्न विदेशी नागरिकको भिसा विभागले जुनसुकै वेला रद्द गर्न सक्नेछ। नियमावलीको नियम २८ (झ) मा भनिएको छ, 'जुन उद्देश्यका लागि भिसा प्रदान गरिएको हो, सोअनुरूपको कार्य नगरी अन्य कामकुरा गरेमा वा जुन प्रयोजनका लागि भिसा लिएको हो, सो समयअगावै त्यस्तो प्रयोजन समाप्त भएमा अध्यागमले त्यस्ता विदेशी नागरिकको भिसा रद्द गर्न सक्नेछ। विशेषगरी भिजिट र बिजनेस भिसामा नेपाल बस्ने विदेशी नागरिकको गतिविधि अध्ययन गरी शंकास्पद देखिए कारबाही प्रक्रिया अघि बढाउनेछ।' त्यसबाहेक भिसा दुरुपयोग गर्ने विदेशी नागरिकलाई अध्यागमनले ५० हजार रुपैयाँ जरिवाना र देशनिकालासम्म गर्न सक्नेछ। त्यसअघि घटनामा संलग्न विदेशी नागरिकविरुद्ध अध्यागमन अधिकृतले अनुसन्धान गर्नेछ। र, प्रतिवेदन अध्यागमन महानिर्देशकसमक्ष पेस गर्नेछ। सोही आधारमा कसुरदार देखिए महानिर्देशकले त्यस्ता नागरिकलाई देशनिकालासम्म गर्न सक्नेछ।

अध्यागमन ऐन, २०४९ को दफा ९ (१) मा भनिएको छ, 'ऐनबमोजिम अध्यागमन अधिकृतले कुनै विदेशीको हकमा अपराधको तहकिकात पूरा गरी महानिर्देशकसमक्ष प्रतिवेदन पेस गरेपछि सो प्रतिवेदनको आधारमा महानिर्देशकले तोकिएबमोजिम नियमित गर्नुपर्ने कुराहरूको हकमा नियमित गरी त्यस्तो विदेशीलाई नेपाल सरकारको स्वीकृति लिई अवधि तोकी वा नतोकी पुनः नेपाल राज्यमा प्रवेश गर्न नपाउने गरी नेपाल राज्यबाट निष्कासन गर्न सक्नेछ।' विभागले गत २९ साउनमा मात्रै भिसा दुरुपयोग गरी बसोबास गर्ने फ्रान्सेली नागरिकलाई पत्राउ गरेको थियो।

सुदूरपश्चिममा कार्यान्वयन भएन सांसद र मन्त्रीको सचिवालय कटौतीको निर्णय

धनगढीमा **तेजराज भट्ट**

सांसदको स्वकीयसचिवको सुविधा खारेज गर्ने तथा मन्त्री र राजनीतिक पदाधिकारीको स्वकीय सचिवालय कटौती गर्ने संघीय सरकारको निर्णय सुदूरपश्चिम प्रदेशमा कार्यान्वयन भएको छैन। प्रदेश सांसद, प्रदेश सभाका पदाधिकारी, प्रदेश सरकारका मन्त्री, मुख्यमन्त्रीसहित राजनीतिक पदाधिकारीको सचिवालय यथावत् छ।

जेन-जी आन्दोलनका बलमा गठन भएको सरकारले गत ५ असोजको मन्त्रिपरिषद् बैठकबाट राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीयसचिवको सुविधा खारेज गर्ने निर्णय गरेको थियो। त्यस्तै, संघ र प्रदेश सरकारका मन्त्री तथा प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीनजना नियुक्त गर्न सक्ने संघीय सरकारले निर्णय गरेको छ।

सुदूरपश्चिममा भने प्रदेश सांसदको स्वकीयसचिवको सुविधा खारेज भएको छैन। मुख्यमन्त्री, मन्त्रीसहित राजनीतिक पदाधिकारीको सचिवालय संख्या पनि यथावत् छ। संघीय सरकारले निर्णयको परिपत्र पठाए पनि स्वकीय सचिवालय सुविधा कटौतीसम्बन्धी निर्णय कार्यान्वयनमा गइनसकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।



● **युवराज जैसी**
सूचना अधिकारी
सुदूरपश्चिम प्रदेश सभा सचिवालय

सांसदको तलब सुविधा पठाइसकेका छौं। मुख्यमन्त्री कार्यालयबाट पत्र आएकाले स्वकीयसचिवको सुविधा त रोकेका छौं। तर अहिले तलब-सुविधा रोके पनि सचिवालय खारेज भएको छैन।

प्रदेश सभाका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनअनुसार प्रदेश सांसदले नासु स्तरको स्वकीयसचिव नियुक्त गरेका छन्। प्रदेश सभामा हाल कायम ५२ सदस्यमध्ये प्रदेश सरकारमा मन्त्री रहेका नौजनाबाहेक अन्य सांसदले सचिवालयबाट स्वकीयसचिवको सुविधा लिइरहेका छन्। सभामुखको सचिवालय चालकसहित पाँचजनाको, उपसभामुखको सचिवालय चालकसहित चारजना तथा विपक्षी दलको नेताको सचिवालय चालक, कार्यालय सहयोगी र एकजना अधिकृतसहित तीनजनाको छ।

संघीय सरकारको निर्णय कार्यान्वयनलाई लिएर प्रदेशमा राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबिच मतभेद देखिएको छ। राजनीतिक नेतृत्व प्रदेश सभाले बनाएको ऐनअनुसार दिँइदै आएको सचिवालय सुविधा खारेज गर्न नहुने पक्षमा छ। मुख्यमन्त्री कार्यालय स्रोतका अनुसार गत साता मुख्यमन्त्री, मन्त्री र सचिवहरूको बैठकमा पनि संघको निर्णय कार्यान्वयनबारे छलफल भएको थियो। मुख्यमन्त्री र मन्त्रीहरूले स्वकीय सचिवालय कटौतीको निर्णय प्रदेशमा कार्यान्वयन गर्न नसकिने बताएका थिए।

प्रदेश सभा सचिवालयका सूचना अधिकारी युवराज जैसीका अनुसार संघीय अर्थ मन्त्रालयको पत्र कार्यान्वयन गर्नु भनेर मुख्यमन्त्री कार्यालयले गत २४ असोजमा प्रदेश सभालाई परिपत्र गरेको छ। तर, राजनीतिक नेतृत्वको दबाबमा प्रदेश सभा सचिवालयले स्वकीय सचिवालयको सुविधा खारेज गरेको छैन। 'सांसदको तलब सुविधा पठायौं। मुख्यमन्त्री कार्यालयबाट पत्र आएकाले स्वकीयसचिवको सुविधा त रोकेका छौं,' उनले भने, 'तर अहिले तलब-सुविधा रोके पनि सचिवालय खारेज भएको छैन।'

सुत्केरीको मृत्युपछि किस्ट अस्पताल क्षेत्रमा तनाव

मृतकका आफन्तले अस्पताल तोडफोड गर्न थालेपछि अश्रुग्यास प्रहार



शिवहरि घिमिरे /नयाँ पत्रिका

ललितपुरको इमाडोलमा रहेको किस्ट मेडिकल कलेजमा सुत्केरीको मृत्यु भएपछि आक्रोशित आफन्तहरू तोडफोडमा उत्रिएका छन्। सोमबार बिहानैदेखि अस्पतालपरिसरमा आफन्तहरूले नाराबाजी गर्दै ढुंगामुढा प्रहार गरेका हुन्।

आक्रोशित समूह अस्पतालभित्र प्रवेश गर्न थालेपछि जिल्ला प्रहरीपरिसर ललितपुरले ठुलो संख्यामा प्रहरी खटाएको थियो। प्रहरीले बल प्रयोग गर्दै आफन्तलाई अस्पतालबाट बाहिर निकालेको थियो। आन्दोलनकारीलाई तितरबितर पार्न १० राउन्ड अश्रुग्याससमेत प्रहार गरिएको प्रहरीले जनाएको छ। मृतकका आफन्तले अस्पताल बन्द हुनुपर्ने, पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्ने र उपचारमा संलग्न चिकित्सकलाई कारबाही गर्नुपर्ने माग राखेका छन्। सोमबार दिनभरि आफन्तहरूले अस्पतालआसपासमा नाराबाजी गरेका थिए।

अस्पतालमा प्रसूति गराउन आएकी खोटाङकी मीना राईको शुक्रबार मृत्यु भएको थियो। गर्भवती भएदेखि उनले सोही अस्पतालमा चेकजाँच गराउँदै आएकी थिइन्। डेलिभरी डेट आएपछि उनी बिहीबार बेलुकी अस्पताल भर्ना भइन्। शुक्रबार बिहान उनको डेलिभरी भयो। नवजात शिशुको अवस्था राम्रै भए पनि आमाको भने अत्यधिक रक्तश्राव भएको थियो। शुक्रबार बच्चा जन्मिएलगत्तै बिहानैदेखि रक्तश्राव भएको उनका दाइ राजेश राईले बताए। अस्पतालसँग सुत्केरीको अवस्था बुझ्न खोज्दा लुकाइएको उनको भनाइ छ।

राईका अनुसार भेन्टिलेटरमा लगेपछि पनि अस्पतालले आफन्तहरूलाई सुत्केरीको अवस्थाबारे निकै ढिलो जानकारी गराएको थियो। 'अस्पतालले मेरी बहिनीको हत्या गरेको छ, हामीले उसलाई गाह्रो छ, विशेषज्ञ चिकित्सकलाई अलि ख्याल गरिदिन भन्नुहोस् कि हामीलाई विशेषज्ञ चिकित्सकसँग भेटाइदिनुस् एकपटक कुरा गर्छौं भनेका थियौं, तर अस्पताल प्रशासनले बेवास्ता गऱ्यो,' उनले भने, 'अस्पतालको हेलचेक्र्याइँले बहिनीको मृत्यु भएको हो। उनीहरूले सुत्केरी भएपछि पनि पाठेघरसम्म हात हाल्ने गरेका कारण अत्यधिक रगत बग्यो, अन्तिम अवस्थामा बल्ल भेन्टिलेटरमा लग्यो। तर हामीलाई सुरुमा जानकारी दिएन।'

राईका अनुसार अस्पताल प्रशासनले सुत्केरीको मृत्यु भएको विषयमा आफन्तसँग वार्ता बस्नुको साटो उल्टै धम्क्याउने गरेको छ। प्रहरी तैनाथ गरेर कमजोरी लुकाउन खोजिएको भन्दै आफन्तहरू सोमबार बिहानैदेखि जम्मा भई तोडफोडमा उत्रिएका थिए।

■ मृतकका दाइ राजेश राई भन्छन्-

अस्पतालको हेलचेक्र्याइँले बहिनीको मृत्यु भएको हो। उनीहरूले सुत्केरी भएपछि पनि पाठेघरसम्म हात हाल्ने गरेका कारण अत्यधिक रगत बग्यो, अन्तिम अवस्थामा बल्ल भेन्टिलेटरमा लग्यो। तर हामीलाई सुरुमा जानकारी दिएन।

सिकारु स्वास्थ्यकर्मीको हेलचेक्र्याइँ गरेकाले मीना राईको मृत्यु भएको आफन्तको आरोप छ। हाल शिशुलाई अस्पतालमै राखिएको छ। आफन्तले मृतक राईको शव बुझ्न मानेका छैनन्। अस्पताल प्रशासन झन्झन् पन्छिन थालेपछि मृतकका आफन्तहरू आक्रोशित बनेका छन्।

सोमबार बेलुकी मृतकका आफन्त पक्षका केही व्यक्तिसँग छलफल भए पनि सहमति भने हुन सकेन। आफन्तले मृतक राईका दुईवटा बच्चालाई पठनपाठनलगायत पालनपोषणमा सहयोग गर्नुपर्ने, आर्थिक क्षतिपूर्ति दिनुपर्ने र सम्बन्धित चिकित्सकलाई कारबाही गर्नुपर्ने अडान लिएका छन्। 'यो निकै ठुलो विषय भइसक्यो, सोमबार साँझ आफन्तसँग वार्तामा बस्यौं, तर उहाँहरू सहमतिमा आउने कुरा गर्नुहुन्न,' अस्पतालका प्रशासक अमिष पाठकले भने, 'हामी अब जसरी पनि यो विषय समाधान गर्छौं, मृतकका आफन्तको चित्त बुझ्काउँछौं।' अस्पताल प्रशासनले मृतकको चेकजाँचका अन्य रिपोर्टसमेत आफन्तलाई दिन मानेको छैन।

स्वास्थ्यमन्त्री शर्माले भेटिन् जेन-जी आन्दोलनका घाइते

काठमाडौं/ स्वास्थ्यमन्त्री डा. सुधा शर्मा गौतमले अस्पतालमा उपचाररत जेन-जी आन्दोलनका घाइते भेटेकी छन्। सोमबार उनी राष्ट्रिय ट्रमा सेन्टर र त्रिवि शिक्षण अस्पताल पुगेकी हुन्। उनले घाइतेहरूको उपचारमा कुनै पनि कमी नहुने, व्यक्तिले तिरेको उपचार खर्च राज्यले नै व्यहोर्ने र कतिपय महँगा औषधि व्यक्तिले किन्नुपरेको अवस्थामा बिलको आधारमा घाइतेको पैसा फिर्ता दिने गरी मन्त्रालयले काम गर्ने बताइन्।



अस्पतालका निर्देशकहरूले मन्त्री शर्मालाई घाइतेहरूको उपचार र अवस्थाबारे ब्रिफिङ गरेका थिए। त्रिवि शिक्षण अस्पतालमा उनले तीनजना र ट्रमा सेन्टरमा चारजना घाइतेलाई भेटेकी थिइन्। 'म घाइतेहरूको अवस्था बुझ्न यहाँ आएकी हुँ, घाइतेहरूको उपचारमा कुनै कमी हुँदैन, गम्भीर अवस्थाका घाइते अझै अस्पतालमा हुनुहुँदो रहेछ, उहाँहरूको उपचार राम्ररी भइरहेको रहेछ,' उनले भनिन्, 'अस्पतालमा आएर घाइतेहरूको अवस्था देख्दा मलाई नरमाइलो लाग्यो, घाइतेहरूले कुनै पनि प्रकारको उपचार खर्च तिर्नुपर्दैन।' स्वास्थ्यमन्त्री शर्माले जेन-जी आन्दोलन र घाइतेका विषयलाई प्राथमिकतामा राखेको बताइन्।

वनबाट हटाएपछि प्रशासन कार्यालयअगाडि आरक्षपीडितको धर्ना

कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुरका आरक्षपीडित जिल्ला प्रशासन कार्यालयअगाडि धर्नामा बसेका छन्। बुधबारदेखि कृष्णपुर नगरपालिका- १ को जयशंकर सामुदायिक वन कब्जा गरेर बसेका पीडितलाई स्थानीय प्रशासनसहित सुरक्षा निकायले हटाएपछि उनीहरू सोमबार प्रशासन कार्यालयको मूलगेटमा धर्नामा बसेका हुन्।



सरकारले पुनर्स्थापना गर्न नसक्दा खाली जमिन भएको ठाउँमा बस्दा प्रहरी प्रशासन लगाएर उठाउने गरेको भन्दै उनीहरूले आक्रोश व्यक्त गरेका छन्। उनीहरू त्रिपाल टाँगेर ससाना सन्तानसँगै बन्दोबस्तसहित प्रशासन कार्यालयअगाडि धर्नामा बसेका छन्। सोमबार छठको सार्वजनिक बिदा भएकाले आरक्षपीडित र स्थानीय प्रशासनबिच वार्ता हुन सकेन।

आरक्षपीडित संघर्ष समितिका सहसचिव कृष्ण भट्टले विस्थापितको पुनर्स्थापना गर्न नसक्ने सरकारले फेरि पीडितमाथि अन्याय गरेकाले प्रशासनमा धर्ना दिएको बताए। 'हामी वनको जमिनमा बसेका थियौं, तर प्रहरी लगाएर उठाइयो। त्यही भएर न्यायका लागि धर्ना दिएका छौं,' उनले भने, 'हाम्रो समस्या समाधान गर्न सरकारले नै चाहेको छैन।' अढाई दशकअघि विस्थापित पीडितहरूले कृष्णपुर नगरपालिका- १ पहरियास्थित जयशंकर सामुदायिक वनको जमिन कब्जा गरेका थिए।

संघर्ष समितिका सहसचिव भट्टले २४ वर्षदेखि सरकारले पुनर्स्थापना गर्ने आश्वासन दिएर भुलाएपछि आफूहरूले बाध्य भएर कुकाठवाला वनको जमिन कब्जा गरेर बसेको बताए। उनीहरूले गत २२ साउनदेखि महेन्द्रनगर, वाणी, ढक्कामा धर्ना दिएका थिए। आरक्षपीडित संघर्ष समितिका अध्यक्ष जयबहादुर रोकायाले पुनर्स्थापनाका लागि जिल्लादेखि केन्द्रसम्म सघर्ष गर्दा पनि आफूहरूको न्यायका लागि कसैले चासो नदेखाएपछि बाध्य भएर जहाँ खाली छ, त्यहीं बसेको, तर प्रहरी प्रशासनबाट अन्याय भएको दुःखेसो पोखे। संविधानमा हरेक नागरिकलाई भूमि तथा बसोवासको अधिकार भए पनि तत्कालीन सरकारले आफूहरूको उठिवास लगाएकाले अहिले आफ्नो अधिकारका लागि आफैं लडेको उनीहरूको भनाइ छ। ०५८ मा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्तारका क्रममा विस्थापितहरूको हालसम्म पुनर्स्थापना हुन सकेको छैन।

बढ्दै छ लोकआस्थाको पर्व छठको महिमा

अस्ताउँदो सूर्यलाई दिइयो अर्घ्य, आज उदाउँदो सूर्यलाई अर्घ्य दिएर सकिँदै छठ

जनकपुरधाममा **हदिश खुद्दार**

लोकआस्था, सामाजिक एकता र प्रकृतिप्रतिको सम्मानको प्रतीकको रूपमा चिनिने छठ पर्वअन्तर्गत सोमबार अस्ताउँदै सूर्यको अर्घ्य दिइएको छ। शनिबारदेखि सुरु भएको छठ मंगलबार बिहान उदाउँको सूर्यलाई अर्घ्य दिएर विधिवत् समापन हुनेछ।

तराई, मधेश मात्र होइन काठमाडौं उपत्यकासहित क्षेत्रमा नदी, पोखरी, तलाउमा छठ मनाइएको छ। जनकपुरधामका गंगासागर, धनुषसागर, दशरथ तलाव, अरगजा पोखरीमा दुलहीभैं सिँगारिएको छ। त्यस्तै, तराई-मधेशका अन्य जिल्लामा पनि छठ पर्व मनाइएको छ। काठमाडौंको गुह्येश्वरी-गौरीघाट, कमलपोखरी, थापाथलीलगायत स्थानमा पनि सूर्यलाई अर्घ्य दिइएको छ।



केही दशकअगाडि छठ पर्व नेपालका तराई क्षेत्र र भारतका बिहार, उत्तर प्रदेशलगायतका राज्यमा मनाइन्थ्यो। तर, अहिले यो पर्व नेपालको पहाडी क्षेत्रदेखि विदेशमा रहेका नेपाली समुदायसम्म मनाइने गरिएको छ। साहित्यकार परमेश्वर कापडीका अनुसार छठ धार्मिक मात्र नभई प्रकृति र सामाजिक एकताको पर्व हो। 'यसको लोकप्रियता दिनप्रतिदिन बढ्दै जानु यसको सार्वभौमिकता र सरलता हो,' उनले सुनाए। उनका अनुसार, छठ प्रत्येक वर्ग र समुदायको पर्व हो। छठमा प्रकृतिको पूजा गरिन्छ।

छठ पर्व पन्डा, पुरोहित र ढोंगी परम्पराबाट मुक्त लोकपर्व पनि हो। 'लोकआस्थाबाट प्रेरित यसको पूजापद्धति र परम्पराले यसलाई लोकतान्त्रिक पर्वको रूपमा लिने गरिएको छ। जलाशय, पोखरी र नदी-किनारमा सामूहिक रूपमा मनाइने यो पर्व समानता र एकताको प्रतीक मानिन्छ,' उनले भने। छठमा छठी माता र सूर्य देव दुवैको पूजा गरिन्छ।

■ सुस्ताएको व्यापारमा छठ पर्वले दियो राहत

सुस्ताएको व्यापारमा छठ पर्वले राहत दिएको छ। छठ पर्वमा कपडादेखि माटोका भाँडा, बाँसबाट बनेका सामग्री चंगेरासहितको माग बढेको छ। खाद्यान्न सामग्री चिनी, पिठो, खानेतेलको बिक्री बढेको जनकपुर उद्योग वाणिज्य संघका महासचिव फुलदेव पण्डितले बताए। 'दसैंसम्म बजारमा सर्वसधारणको चहलपहल भए पनि आर्थिक कारोबार फस्टाउन सकेको थिएन। तर, दीपावलीदेखि छठसम्म तुलनात्मक रूपमा सुधार देखिएको छ,' उनले भने। छठ पर्वमा अन्य केरा, सन्तुला, स्याउसहितका फलफूलको कारोबार अत्यधिक भएको छ। जनकपुरधामा झन्डै पाँच करोडको फलफूल भित्रिएको छ। पूर्वजले घरेलु उत्पादनलाई बढावा दिने गरी छठ पर्वको सुरुवात गरेको अर्थविज्ञ डा. भोगेन्द्रले बताए। 'छठ पर्वमा घरेलु उत्पादनकै सामग्री प्रयोग बढी हुन्छ,' उनले भने।

■ राष्ट्रपति पौडेलले गरे पूजाअर्चना

राष्ट्रपति रामचन्द्र पौडेलले पशुपति क्षेत्रस्थित गुह्येश्वरी मन्दिरअघि बागमती किनार गौरीघाटमा तयार गरिएको छठ पूजास्थलमा पुगेर छठी माताको पूजा-अर्चना गरेका छन्। राष्ट्रपति पौडेलका साथै प्रथम महिला सविता पौडेलले पूजा स्थलमा सोमबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दान गरे। देशका विभिन्न भागमा भव्य रूपमा मनाइने छठ पर्वका अवसरमा राष्ट्रपतिले प्रत्येक वर्ष गुह्येश्वरीमा सूर्यदेवसहित छठी माताको पूजा-आराधना गरी अस्ताउँदो सूर्यलाई अर्घ्य दिने परम्परा छ।

कम्युनिस्ट पार्टीहरूमा पुनर्गठन किन र कसरी ?

प्रायः कम्युनिस्ट पार्टीको आन्तरिक जीवन नै कमजोर रहेको अवस्थामा अन्य कम्युनिस्ट पार्टीसँग गरिने एकता कसरी दिगो रहन सक्ला ?



● प्रेमलकुमार खनाल

अग्रलेख

जेन-जी युवाहरूको आन्दोलन सँगसँगै अहिले कम्युनिस्ट पार्टीबिच पुनर्गठन, रुपान्तरण र एकताको प्रसंग उठिरहेको छ। मुलुकसामु अब समाजवादी क्रान्ति गरेर समाजवाद स्थापना गर्ने युगीन अभिभारा रहेको छ। यो अभिभारा पुँजीवादी पार्टीबाट पूरा हुँदैन। छरिएर रहेका कम्युनिस्ट पार्टी एकजुट हुन सकेनन् भने फेरि पनि बुर्जुवा पुँजीवादी पार्टीले नै राज्यसत्ताको नेतृत्व गर्नेछन्।

तर, कम्युनिस्ट पार्टीबिचको एकता कस्तो हुनुपर्छ त ? विगतको एमाले र माओवादीको जस्तै एकता कि नीति र सिद्धान्तनिष्ठ तथा समाजवादी क्रान्ति गर्ने ध्येय र उद्देश्यसहितको एकता ? फेरि अहिले दुई पार्टीबिचको मात्रै एकता कि बृहत् वामपन्थी एकता ? भन्ने प्रश्न पनि उठिरहेको छ। यतिबेला माओवादी र एकीकृत समाजवादीबाहेक रोहित, मोहनविक्रम सिंह, विप्लव, गोपाल राई, वैद्य, आहुती, सिपी मैनालीलगायतले नेतृत्व गरिरहेका पार्टी र मार्क्सवादलाई अंगीकार गर्ने अन्य समाजवादी पार्टीसँग पनि एकता र एकीकरण कति सम्भव छ ? फेरि एकीकरण गर्न पनि पहिले त कम्युनिस्ट पार्टीहरू आफैँ पुनर्गठित र रुपान्तरित भएर तयार हुनुपर्छ। जेन-जी आन्दोलनले समाज, राज्य व्यवस्था सँगसँगै पार्टीहरूलाई पनि पुनर्गठन गरी बदलिँदो परिवेशअनुसार सञ्चालन गर्न दिशाबोध गरेको छ।

यतिबेला एकताको प्रसंग उठिरहँदा प्रायः कम्युनिस्ट पार्टीहरूको आन्तरिक जीवन नै कमजोर रहेको छ। यस्तो अवस्थामा अन्य कम्युनिस्ट पार्टीसँग गरिने एकता कतिको दिगो रहन्छ ? विचारणीय विषय बनेको छ। तसर्थ प्रथमतः कम्युनिस्ट पार्टीले आफूभित्रै एकताबद्ध हुँदै आफूलाई पुनर्गठित गरेर यसको जगमा एकता गर्दा सार्थक हुनेछ। कम्युनिस्ट पार्टीलाई पुनर्गठन गर्नुपर्ने बहुआयामिक विषय छन् : पहिलो- विचार, सिद्धान्त र कार्यक्रम, दोस्रो- नेतृत्व, तेस्रो- संगठन संरचना, चौथो- कार्यशैली र पाँचौँ जीवनशैली।


सिद्धान्त, विचार र कार्यक्रममा पुनर्गठन : मार्क्सवाद-लेनिनवादको सिद्धान्तको आलोकमा वैज्ञानिक समाजवादको लक्ष्यसाथ नेपालमा समाजवाद स्थापना गर्ने अधिकतम र न्यूनतम कार्यक्रमसाथ समाजवादी क्रान्तिको कार्यक्रम तय गर्नुपर्छ। अबको समाजवादी व्यवस्था श्रमजीवी वर्गको वर्चस्व र नेतृत्वमा स्थापना हुनुपर्छ। राष्ट्रिय पुँजीका माध्यमबाट उत्पादनका साधनमा सामाजिक स्वामित्व कायम हुने गरी आर्थिक सामाजिक विकास गरेर समाजवादी स्वाधीन अर्थतन्त्र निर्माण गर्नुपर्छ।

तर, संविधान जारी भएयताको एक दशकमा संविधानले परिलक्षित गरेको दिशामा देशलाई अगाडि बढाउने गरी आर्थिक-सामाजिक रुपान्तरणका कार्यक्रम लागू भएन। वामपन्थीहरूले पनि सरकारमा जाँदा सिद्धान्तविपरीत हिजोकै नवउदारवादी अर्थनीतिलाई अवलम्बन गरेको परिणामस्वरूप मुलुकमा गरिबी, बेरोजगारी र भ्रष्टाचार भयावह अवस्थामा पुग्यो। संविधानले प्रत्याभूत गरेको शिक्षा र स्वास्थ्योपचार सेवा, स्वस्थ खानेपानी र खाद्यान्न, आवास सुविधा, सार्वजनिक यातायात सर्वसुलभ र निःशुल्क गर्नुको सट्टामा सबै क्षेत्रमा व्यापारीकरण र निजीकरण गरिएपछि पैसा हुनेले मात्रै गुणस्तरीय सेवा र सुविधा पाउने स्थिति उत्पन्न भयो।

राष्ट्रियताको मामिलामा कम्युनिस्टहरू देशभक्त र राष्ट्रियताका पहरेदार हुन भन्ने जुन स्कुलिङ थियो, सत्तामा गएपछि त्यो छवि धुलिसात् भएको छ। महाकाली, कर्णाली तथा अरुण जलविद्युत् सम्झौता, एमसिसी हुँदै गैरनेपालीले भटाभट अंगीकृत र वंशजको नागरिकता पाउने प्रकरणमा गरिएको निर्णयले नेपालको राष्ट्रियतामा गम्भीर खालको चुनौती खडा गरिदिएको छ। यस्तै सत्ताकै मोहमा रमाउने चिन्तनले सशक्त वर्गसंघर्षकेन्द्रित आन्दोलनको अगुवाइ गर्न नसक्नु वामपन्थी आन्दोलनभित्रको मुख्य समस्या बनेको छ।

तसर्थ, अब कम्युनिस्ट पार्टीको समाजवादी कार्यक्रमले राष्ट्रियतामा देखा परेका चुनौतीको दृढतापूर्वक सामना गर्दै राष्ट्रियतालाई सुदृढ गर्ने, जनताका उल्लिखित समस्या समाधान गर्ने कार्यक्रमिक प्रतिबद्धतासाथ आगामी पाँच-सात वर्षभित्रै देशमा १२-१५ लाखका लागि रोजगारी सिर्जना गर्ने कार्यक्रम अगाडि सार्न जरुरी छ। यस्तै जनताको मौलिक हकका रूपमा रहेको शिक्षा र स्वास्थ्योपचार सेवा सर्वसुलभ र निःशुल्क हुनुपर्छ। स्वच्छ खानेपानी, सुरक्षित आवास र स्वच्छ तथा गुणस्तरीय खाद्यान्न, रोजगारी, सामाजिक सुरक्षाको सुनिश्चितता र भूमिहीनताको अन्त्य हुने गरी कृषि, उद्योग र पर्यटनको आधुनिकीकरण र व्यावसायीकरणका कार्यक्रमलाई अगाडि सार्न जरुरी छ। यस्तै शासकीय व्यवस्था र निर्वाचन प्रणालीमा सुधार, सुशासन कायम गर्न संवैधानिक अंग र न्यायालयमा सुधारका एजेन्डालाई पनि अगाडि सार्नु जरुरी छ।

यस्तै कम्युनिस्ट पार्टीहरूले समाजवादी क्रान्ति गर्ने कार्यक्रमको आलोकमा सिंगो पार्टीलाई समाजवादी क्रान्ति गर्न सक्ने गरी सिद्धान्त, विचार र कार्यक्रममा अपडेट गर्दै सिद्धान्तअनुरूप व्यवहार गर्न सक्ने पार्टी निर्माण गर्न आवश्यक छ। पार्टीलाई आधारभूत तहका गरिब, श्रमिक, किसान, भूमिहीन सुकुम्बासी जनताबिच पुऱ्याउन पार्टीभित्र राजनीतिक कमिसारहरू उत्पादन गरेर गाउँघरमै परिचालन हुने गरी प्रशिक्षण, संगठन, संघर्ष र सहकारीका माध्यमबाट रोजगारी र उत्पादनवृद्धि गर्ने, श्रमदानबाट विकास निर्माण अभियान सञ्चालन गर्ने, शोषण, अनियमितता र भ्रष्टाचारविरुद्ध स्थानीय तहबाटै वर्गसंघर्षकेन्द्रित आन्दोलन सञ्चालन गर्ने गरी पार्टीलाई पुनर्गठन गरिनुपर्छ।



संगठनमा पुनर्गठन : पार्टीलाई मार्क्सवादीकरण र क्रान्तिकारीकरण गरेर जनतासँग जोडिने गरी पार्टीका संगठन निर्माण गर्नुपर्छ। संगठनको 'भी' आकारको केन्द्रीकृत ढाँचालाई पुनर्संरचना गरी जनवादी अभ्यास सुनिश्चित हुने गरी जनकेन्द्रित संगठनमा रूपान्तरण गर्नुपर्छ। यस्तै जनसंगठनका संगठन पनि सोहीअनुसार पुनर्संरचना गरिनुपर्छ।

> कम्युनिस्ट पार्टी पुनर्गठित भएर अपडेटेड भएपछि उनीहरूबिच सहकार्य गर्दै अगाडि बढ्ने आधार तयार हुनेछ, अनि त्यही आधारमा टेकेर सिंगो कम्युनिस्ट आन्दोलनको ध्रुवीकरण, एकता र एकीकरणको आधार तयार हुनेछ

कम्युनिस्ट पार्टीका सदस्यहरू सार्वभौम हुन्छन् भन्ने सच्चाइलाई स्थापित गर्न जरुरी छ। पार्टीले छनोट गर्ने उम्मेदवारमा सम्बन्धित निर्वाचन क्षेत्र र जिल्लाका पार्टी सदस्यले निर्णय गर्न पाउने र पार्टी केन्द्रले अनुमोदन मात्र गर्ने, पार्टीभित्र बहुपदीय संगठन संरचनाबाट सिर्जित गुटबन्दी अन्त्य गरी कमिटी प्रमुख र सदस्यहरू रहने गरी पुनर्संरचना गर्नुपर्छ। पार्टीमा अवसर र जिम्मेवारी प्रदान गर्दा वैज्ञानिक मापदण्ड लागू गर्ने, पटक-पटक उम्मेदवार र राजकीय जिम्मेवारी पाएकालाई पार्टी काममा परिचालन गरी जिम्मेवारी र अवसर नपाएका नयाँ अनुहारलाई निर्वाचनमा उम्मेदवारका रूपमा अगाडि सार्नुपर्छ। पार्टीमा नेतृत्व छनोट पनि विचार, सिद्धान्तमा स्पस्टता र कार्यक्रमिक प्रतिबद्धताका आधारमा गर्ने र मूल्यांकन कार्यसम्पादनका आधारमा गर्ने व्यवस्था हुनुपर्छ।

नेतृत्वमा पुनर्गठन : समयको प्रवाह, माग। जनचाहनाअनुरूप नेतृत्वमा पुनर्गठन गरिनुपर्छ। जेन-जी आन्दोलनको 'स्पिरिट'ले सबै क्षेत्रमा नयाँपनका साथ नेतृत्व गर्न घच्घच्याएको छ। कम्युनिस्ट पार्टीमा नेतृत्वमा पुनर्गठन गरिरहँदा युवाको नीति निर्माण तह र सांगठनिक काममा प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ। अहिले पहिलो पुस्ताको नेतृत्व नै नीति निर्माणको केन्द्रीय नेतृत्वमा रहेको छ र एकै व्यक्तिले नै लगातार मुख्य पदको नेतृत्व गर्दै आएको स्थिति छ। तिनले राजकीय निकायमा पनि नियमित वा पटक-पटक जिम्मेवारी पनि लिइसकेका छन्। उमेर, ज्ञान र अनुभवले धनी पहिलो पुस्ताको नेतृत्व 'अपडेटेड' नहुँदा पार्टीहरू गतिशील हुन सकेका छैनन्। यस्तो स्थितिमा पहिलो पुस्ताले जनचाहनाअनुरूप स्वैच्छिक हिसाबले पार्टीको कार्यकारी जिम्मेवारीबाट मुक्त भएर संरक्षक तथा सल्लाहकारको भूमिका अवलम्बन गर्दा स्वतः दोस्रो र तेस्रो पुस्ताको नेतृत्वले दैनिक सांगठनिक र कार्यकारी कामको नेतृत्व गर्ने अवसर प्राप्त गर्नेछन्। यसले पार्टीभित्र गतिशीलता र नयाँपन देखा पर्छ। यसबाट वामआन्दोलन हुँदै राष्ट्रिय राजनीतिमै पनि सकारात्मक सन्देश प्रवाह हुनेछ।

कार्यशैलीमा पुनर्गठन : कम्युनिस्ट पार्टीभित्रको आजको मुख्य समस्या भनेको सिद्धान्त, विचार र व्यवहारबिचको भिन्नता हो। सरकारमा गएपछि सिद्धान्त, विचार र कार्यक्रमलाई बिर्सने, पुँजीवादीहरूसँग सत्ता गठबन्धनमै रमाउने खालको कार्यशैली अवलम्बन भएको छ। संसद् र सरकारमा गएपछि वर्गसंघर्षलाई बिर्सने, सडक संघर्षलाई बेवास्ता गर्ने, श्रमिक, किसान र भूमिहीन किसानका माग र आन्दोलनमा अगुवाइ नगर्ने खालका गतिविधिले कम्युनिस्ट पार्टी आधारभूत तहमा स्थापित हुन सकेका छैनन्। निर्णय प्रक्रिया, रिपोर्टिङ, अनुगमन र समीक्षा जनवादी अभ्यास कमजोर बनेको छ। कमिटीहरू ठुला भएका कारण नीति-निर्माणको तहमा जनवादी अभ्यास कमजोर छ। यसले गर्दा पार्टीले अवलम्बन गर्ने कार्यदिशा प्रभावकारी रूपमा लागू हुन सकेका छैनन्। अतः क्रान्तिकारी कार्यशैलीसाथ पार्टी सञ्चालन गर्नुपर्ने खाँचो छ।

जीवनशैलीमा पुनर्गठन : आज वामपन्थी आन्दोलनको मुख्य समस्या भनेको सर्वहाराकृत जीवनशैली अवलम्बन गर्न नसक्नु नै हो। कम्युनिस्ट नेता-कार्यकर्ताको जीवनशैली बुर्जुवा, सामन्ती र पुँजीवादीभन्दा फरक हुनुपर्छ। तर, बहुदलयता ३०-३५ वर्षको अवधिमा कम्युनिस्टहरू सरकार तथा संसदीय मोर्चामा गएपछि रहनसहन, जीवनशैली, बोली-व्यवहार र जनसम्बन्ध फरक भएको पाइन्छ। कम्युनिस्टले के-कस्तो जीवनशैली अवलम्बन गर्ने भन्ने कुनै मापदण्ड नै बन्न सकेन। पार्टीभित्र वर्गअन्तर फराकिलो बन्दै गएको छ। कम्युनिस्ट पार्टीको आन्तरिक जीवनशैलीले बुर्जुवाकरण गरेको छ। अतः सर्वहाराकृत जीवनशैली अवलम्बन गर्ने नीति बनाएर त्यसलाई लागू गर्न आवश्यक छ।

अन्त्यमा, बदलिँदो परिवेशमा जनचाहनाअनुरूप मुलुक, समाज र राजनीतिक दल पुनर्गठित भएर राष्ट्र र जनताको सेवामा समर्पित हुनुपर्ने युगीन अभिभारा छ। समाजवादी क्रान्तिको नेतृत्व गर्ने कम्युनिस्ट पार्टीहरूले त झन् आफूलाई सिद्धान्त, विचार, कार्यक्रम, संगठन, नेतृत्व र कार्यशैलीमा पुनर्गठन गरेर रूपान्तरित हुँदै नयाँ ढंगबाट अगाडि बढ्नुपर्ने आवश्यकता छ। जब कम्युनिस्ट पार्टीहरू पुनर्गठित भएर अपडेटेड हुन्छन्, तब उनीहरूबिच सहकार्य गर्दै अगाडि बढ्ने आधार तयार हुनेछ। अनि यहीं सहकार्यको जगमा सिंगो कम्युनिस्ट आन्दोलनको ध्रुवीकरण, एकता र एकीकरणको आधार तयार हुने विश्वास लिन सकिन्छ।

(खनाल नेकपा एकीकृत समाजवादीका पोलिटब्युरो सदस्य हुन्)

---

३ प्रश्न



नेपाल सरकारका पूर्वसचिव **गोपी मैनाली**लाई

चुनाव र पुनर्निर्माणका लागि ५३ आयोजनाको बजेट रोक्ने सरकारी निर्णय कस्तो छ ?

वर्तमान सरकारको मुख्य एजेन्डा निर्वाचन सम्पन्न गर्नु हो। यतिखेर निर्वाचनका लागि अलग्गै बजेट विनियोजन भएको छैन। यस्तोमा निर्वाचनका लागि बजेट व्यवस्थापन गर्न राष्ट्रिय अर्थतन्त्र र पुँजी-निर्माणमा खासै योगदान नगर्ने टुक्रे आयोजना कटौती गर्नु अन्यथा होइन। आयोजना बैंकसँग असम्बन्धित नेता र कार्यकर्तामुखी यस्ता टुक्रे आयोजना कटौती गर्नु विनियोजन प्रणाली न्यायपूर्ण भएन भन्ने जेन-जी आन्दोलनको एउटा एजेन्डाको सम्बोधन पनि हो। यतिखेर आन्दोलनका क्रममा ध्वस्त या क्षतिग्रस्त भएका राष्ट्रिय सम्पदा पुनर्निर्माणका लागि पनि स्रोत जुटाउनुपर्ने बाध्यता छ। यसका साथै सरकारले काम गर्दै छ भनेर नागरिक तहमा विश्वासको पुनर्निर्माण गर्नु पनि त्यत्तिकै जरुरी छ। त्यसैले, सरकारले गरेको यो निर्णय सकारात्मक छ।

एक खर्ब १४ अर्ब बजेट रोकिँदा यसले पुँजीगत खर्चमा कस्तो प्रभाव पार्ला ?

क्रमागत आयोजनाको बजेट रोक्नुहुन्न। तर, विशेष परिस्थिति या विपत्तिका वेला यस्तो निर्णय लिने बाध्यता सरकारलाई हुन्छ। खासगरी उत्पादन र पुँजी निर्माणमा सघाउने आयोजनाको बजेट रोक्नुहुन्न। तर, टुक्रे आयोजनाको बजेट कटौतीले पुँजीगत खर्चमा खासै प्रभाव पार्दैन। झन्नो पुँजीगत खर्च पनि ६० प्रतिशत हाराहारी मात्र त हुँदै आएको छ।

यतिखेर अनावश्यक खर्च कटौतीका उपाय के-कस्ता हुन सक्लान् ?

खर्च कटौतीका लागि सरकारले अनावश्यक दरबन्दी सिर्जना गर्ने र नयाँ कार्यालय स्थापना गर्ने काम गर्नुहुँदैन। जथाभावी सल्लाहकार राख्ने, अनावश्यक विदेश भ्रमण गर्ने, भोजभतेर र तडकभडक गर्नेजस्ता कार्य बन्द गरिनुपर्छ। टिएडिए र इन्धन खर्चमा पनि कटौती गर्न सकिन्छ। निर्वाचनको समयमा पनि सकभर मितव्ययिता अपनाउनुपर्छ। यसका साथै, राजनीति, प्रशासन र व्यापारीको 'नेक्सस'का कारण हुने राजस्व चुहावट रोक्न सके पनि सरकारको थैली ठुलो हुन्छ।

प्रेरक प्रसंग

असल मानिस

निकै पुरानो समयको घटना हो यो। कुनै ठाउँमा एकजना निकै असल मानिस बस्थे। उनी सबैसित असीम प्रेम गर्थे र सबै जीवप्रति उनका हृदयमा अपार करुणा झल्किरहन्थ्यो। उनका तिनै गुणबाट प्रसन्न भएर भगवान्ले उनीसामु आफ्ना दूत पठाए।

'ईश्वर तपाईंसित अत्यन्त प्रसन्न हुनुहुन्छ। त्यसैले, उहाँले मलाई यहाँ पठाउनुभएको हो। उहाँ तपाईंलाई कुनै दिव्यशक्ति दिन चाहनुहुन्छ,' देवदूतले भने, 'के तपाईं मानिसहरूलाई रोगमुक्त गराउने शक्ति प्राप्त गर्न चाहनुहुन्छ ? 'अहँ,' ती असल मानिसले भने। कसलाई रोगमुक्त गर्ने हो भनेर भगवान् स्वयंले निर्णय गरून् भन्न म चाहन्छु।



देवदूतले भने- त्यसो भए तपाईं पापीहरूलाई सद्मार्गमा फर्काउने शक्ति ग्रहण गर्नुहोस्। असल मानिसले भने- यो त तपाईंहरूजस्ता देवदूतको काम हो। मलाई कसैले मसिहा ठानेर मेरो सम्मान गरोस् या मेरो मूर्ति बनोस् भन्ने म पटक्कै चाहन्नँ।

'तपाईंले त मलाई संकटमा पारिदिनुभयो,' देवदूतले भने, 'तपाईंलाई कुनै शक्ति नदिई म स्वर्ग फिर्ता हुन सक्दिनँ। तपाईंले कुनै शक्ति लिन चाहनुभएन भने बाध्य भएर म आफैँले तपाईंलाई कुनै शक्ति दिनुपर्ने हुन्छ।'

असल मानिसले एकछिन सोचे र भने- ठिक छ, त्यसो हो भने भगवान्ले मबाट जुनसुकै शुभकर्म गराउन चाहन्छन्, ती स्वयं घटित होऊन्। तिनमा मेरो हात भएको स्वयं म र अरू कसैले पनि चाल नपाऊन्। किनकि, म आफूमा दैवीशक्तिले युक्त भएको अहंकार पैदा नहोस् भन्ने चाहन्छु।

तथास्तु ! देवदूतले भने। उनले असल मानिसको छायालाई रोगमुक्त गर्ने दिव्यशक्तिबाट सम्पन्न गरिदिए। त्यसपछि ती असल मानिस जहाँ-जहाँ गए, त्यहाँ मानिसहरू रोगमुक्त हुँदै गए। बन्जर धर्तीमा फूल फुल्न थाले र दुनियाँको जीवनमा वसन्त आयो।

आफ्नो दिव्यशक्तिबारे अनभिज्ञ ती असल मानिसले वर्षौंसम्म टाढा-टाढासम्मको यात्रा गरिरहे। उनको पछाडि उनको छायाले सर्धैभरि ईश्वरीय इच्छालाई पूर्ण गरिरह्यो। उनलाई जीवनपर्यन्त यसको बोध भएन कि उनी ईश्वरका कति निकट थिए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकारले कहिले पूर्णता पाउला ?

जेन-जी आन्दोलनपछि सुशीला कार्की नेतृत्वमा बनेको मन्त्रिपरिषद् तीनपटक विस्तार हुँदा पनि अझै सरकारले पूर्णता पाएको छैन। फेरि जेन-जी आन्दोलनको मर्मअनुसार मन्त्री छनोट गर्ने क्रममा प्रस्तावित नाम र अनुहार पटक-पटक विवादमा समेत परेर तिनको शपथग्रहण नै रोकिएको अवस्था पनि छ। यस्तो किन हुन्छ ? के नेपालमा स्वच्छ छवि भएका मन्त्री बन्न योग्य मान्छेको साँच्चै अभाव नै छ हो ? होइन भने यसरी किस्ताकिस्तामा मन्त्रिपरिषद् विस्तार गर्नुपर्ने बाध्यताबिच घोषित मितिमा कसरी सम्भव होला त निर्वाचन ? यो सब निर्वाचन हुन नदिने षड्यन्त्रकै अंश त होइन नि ?

● **सुप्रभा नेपाली**, बुटवल-६, रुपन्देही

निर्यातवृद्धि खुसीको समाचार

चालू आवको पहिलो तीन महिनामा झन्डै ९० प्रतिशतले निर्यात बढेको समाचार पढ्दा खुसी लाग्यो। हुन त यो निर्यात परिणाम आयातको तुलनामा निकै कम छ। तैपनि, नेपाली उत्पादनले विदेशी बजारमा स्थान बनाउँदै जानु पनि कम्ती खुसीको कुरो होइन। आखिर नेपाली उत्पादनले यसैगरी निर्यात बढाउँदै गएमा कुनै दिन आयातभन्दा निर्यातको परिमाण बढी हुने निश्चित छ। त्यसैले, यस्तो समाचारले सबैमा सकारात्मक सन्देश प्रवाह गरेको हुनुपर्छ।

● **गौरव मैनाली**, सातदोबाटो, ललितपुर

काम नगर्नेको ठेक्का तोड्नैपर्छ

सरकारले सम्झौताअनुसार काम नगरी सडक, सिँचाइ तथा पुल निर्माण आयोजना अलपत्र पार्ने ठेकेदारसितको सम्झौता तोड्ने प्रक्रिया सुरु गरेको समाचार पढ्दा खुसी लाग्यो। आफूलाई राज्यले दिएको जिम्मेवारीअनुसारको काम नगरी ठेक्का ओगटेर मात्र बस्ने ठेकेदारको ठेक्का समयमै तोडिनुपर्छ। साथै, सरकारले तत्काल नयाँ प्रक्रिया सुरु गरी ती आयोजनालाई गति दिन सक्नु पनि पर्छ। यसले आगामी दिनमा ठेक्का सम्झौता गरी काम नगर्ने ठेकेदारलाई सचेत गराउन सकारात्मक भूमिका खेल्नेछ।

● **गौपिका छन्त्याल**, बानियाँटार, काठमाडौं

समाजको सुरक्षा कसले गर्ने ?

जेन-जी आन्दोलनपछि जुन परिस्थिति सिर्जना भएको छ, त्यसबाट समाज त्रसित बनेको छ। कुन वेला के हुने हो भन्ने आशंका पैदा भएको छ। राजनीतिक दलका शीर्ष नेतालाई समाजको होइन, आफ्नै चिन्ता बढेको छ। प्रहरीलाई दिनदाहडै सार्वजनीक ठाउँमा हातपात गरेको दृश्यले समाज कता जाँदै छ भन्ने चिता बढेको छ। प्रहरीलाई थर्काउँदा, धम्काउँदा समाजलाई तिनले दिने शान्ति सुरक्षाको अवस्था कस्तो होला ?

यस्ता अराजक गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याएर हदैसम्मको कारबाही गर्नुपर्छ, होइन भने यस्ता हरकतले अराजकता मच्चाउनेको मनोबल बढ्छ। यतिवेला समाजको सुरक्षा कसले लिने भन्ने चिन्ता बढेको छ। विधिको शासन कानुनीराजको उल्लंघन भएको छ, देशमा अराजकता मौलाएको छ। सरकार छ तर जनताका लागि छैन सरकार। हिजो राजनीतिक दलले नेतृत्व गर्दा जुन अवस्था थियो, त्योभन्दा पनि जर्जर अवस्था अहिले देखिएको छ।

राजनीतिक हस्तक्षेपकै कारण प्रहरी संगठन भुत्ते भयो, जसका कारण प्रहरी संगठन नै निरीह बनेको छ। प्रहरीलाई कानुनले अधिकार दिए पनि राजनीतिक नेतृत्वकर्ताले अधिकार प्रयोगमा हस्तक्षेप गर्दा उसले कानुनीराज कायम गर्न र समाजमा शान्ति, सुरक्षा दिन सकस भइरहेको छ। अहिले गृहमन्त्री कानुन जानेबुझेका छन्। तर, खोइ त अहिलेसम्म प्रहरीलाई सशक्त बनाउन कुनै भूमिका खेलेको किन देख्न पाइन्न ? के यस्तो असुरक्षाको अवस्थामा देशमा आगामी २१ फागुनमा होला त निर्वाचन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

निर्वाचनमा प्रमाणित गर्ने चुनौतीमा तेजस्वी

राजनीतिक सुझबुझले छोटो समयमा तेजस्वी यादव बिहारमा महागठबन्धनबाट मुख्यमन्त्री उम्मेदवार बन्ने अवस्थामा पुगेका छन्



देश / विदेश

● प्रशान्त श्रीवास्तव

'विराट कोहलीले समेत मेरो कप्तानीमा खेलेका थिए। मैले क्रिकेट खेल्नका लागि मेरो पढाइ छाडेको थिएँ,' राष्ट्रिय जनता दल (आरेजेडी) का नेता तेजस्वी यादवको केही महिनाअघिको यो भनाइ भाइरल भएको थियो। त्यसक्रममा तेजस्वीले आफ्नो पढाइलाई लिएर प्रश्न उठाउने आलोचकलाई मात्र जवाफ दिएनन्, आफ्नो क्रिकेट अनुभव पनि प्रकाश पारेका थिए। कोहलीले 'दिल्ली अन्डर-१७' टोलीमा पनि तेजस्वीको कप्तानीमा खेलेका थिए।

सन् २०१५ देखि २०२५ सम्म, तेजस्वीको राजनीतिक यात्रामा धेरै उतारचढाव देखिए। अहिले आएर उनीसँग आफूलाई प्रमाणित गर्ने महत्त्वपूर्ण अवसर आएको छ। किनकि, महागठबन्धनले औपचारिक रूपमा उनलाई आफ्नो मुख्यमन्त्रीको अनुहार घोषित गरेको छ। उसो त राजनीति कहिल्यै तेजस्वीको पहिलो रोजाइ थिएन। उनले दिल्लीको आरके पुरममा रहेको दिल्ली पब्लिक स्कुलमा पढेका थिए। स्कुलमा उनी क्रिकेटतर्फ आकर्षित भए। र, सोही खेलमा पूर्ण रूपमा सरिक हुन दसौँ कक्षा पढ्दापढ्दै पढाइ छाडे।

क्रिकेट करिअरमा उनी एक प्रतिभाशाली मध्यम-क्रमका ब्याट्सम्यानका रूपमा आफ्नो उत्कृष्ट कभर ड्राइभका लागि परिचित थिए। तेजस्वीले विराट कोहलीको समयमा दिल्ली अन्डर-१९ टोलीको प्रतिनिधित्व गरे। उनले रणजी ट्रफीमा झारखण्डका लागि एक सिजनसमेत खेलेका थिए। त्यसपछि आईपिएलमा दिल्ली डेयरडेभिल्सले छानेपछि सन् २००८ देखि २०१२ सम्म उनले चार सिजन रिजर्भ बेन्चमै बिताए। सन् २०१३ सम्ममा, चोटपटक र अवसरको अभावका कारण उनले क्रिकेट छाडेर पूर्ण रूपमा राजनीतिमा ध्यान केन्द्रित गरे।

सन् २०१० देखि नै चुनावी च्यालीमा हिँड्न थालेका तेजस्वीले सन् २०१५ मा २५ वर्षको उमेरमा पहिलो चुनाव लडेर औपचारिक रूपमा राजनीतिमा प्रवेश गरे। चुनावपछि नितिशकुमार नेतृत्वको जनता दल युनाइटेड (जेडियु) र आरजेडीले गठबन्धन सरकार बनाए, जुन सरकारमा तेजस्वी २६ वर्षको उमेरमा उपमुख्यमन्त्री बनेका थिए। गठबन्धन टुटुनभन्दा केही अघि 'होटलसम्बन्धी जग्गा' घोटालामा राज्य सरकारको सहमतिमा तेजस्वीविरुद्ध सिबिआईमा मुद्दा दायर गरिएको थियो।

सन् २०२० को बिहार विधानसभा चुनावमा आरजेडीका भेट्रान नेता लालुप्रसाद यादव जेलमा हुँदा तेजस्वीले आफ्नै बलमा बलियो चुनावी अभियान सञ्चालन गरे। तर, त्यसपटक पनि आरजेडी-कांग्रेस-वामपन्थी गठबन्धनले बहुमतभन्दा थोरै कम सिट मात्र जित्न सक्यो। यससँगै तेजस्वीले बिहारको सबैभन्दा कान्छो मुख्यमन्त्री बन्ने अवसर गुमाए। उनको राजनीतिक सुरुवात उत्साहजनक थियो, तर त्यसपछिको यात्रा उतारचढावले भरिन पुग्यो। तैपनि, आफ्नो करियरको पछिल्लो भागमा उनी बिहार राजनीतिको केन्द्रमा रहे।

पछिल्ला वर्षमा तेजस्वीले कुर्मी, कुशसवाह र कोयरीजस्ता गैर-यादव समुदायका मानिसलाई बढी टिकट र संगठनात्मक पद दिएर आफ्नो सामाजिक



फोटो : पिटिआई

आधार विस्तार गरेका छन्। उनले महागठबन्धनमा साना दललाई समेत समावेश गरेका छन्। विगतमा पिछडिएका, दलित, अल्पसंख्यकका नारा उरालेका थिएनन्। तर, सन् २०२० को चुनावमा भएको हारपछि भने त्यसतर्फ कदम चाल्न थालेका छन्। जस्तो, महिला मत आकर्षित गर्न नितिशकुमारको रणनीतिको प्रतिक्रियामा तेजस्वीले राज्यका एक करोड २५ लाख श्रमिक महिलालाई मद्दत गर्ने कैयौँ वाचा गरे। तिनमा स्थायी जागिर (मासिक तलब ३० हजार (भारु), दुई वर्षको ऋण ब्याज माफी र प्रतिकामदार पाँच लाख रुपैयाँको बिमासम्मका वाचा छन्।

अन्य प्रमुख घोषणामा एमएए (मकान अर्थात् आवास, अन्न अर्थात् खाना र आय) र बिइटिआई (लाभ, शिक्षा, तालिम, आय) लगायत योजना समावेश छन्। उल्लिखित नारा महागठबन्धनको 'मैं-बहन योजना'को विस्तार हो, जसले महिलालाई मासिक दुई हजार ५०० भारु सहयोग गर्ने वाचा गरिएको छ। युवा भोट बैंकलाई आकर्षित गर्न तेजस्वीले प्रत्येक घरपरिवारका लागि रोजगारीको वाचा गरेका छन्। यसका लागि सत्तामा आएको २० दिनभित्र विधेयक पेस गर्ने प्रतिबद्धता जनाएका छन्।

उनले भनेका छन्, 'अहिलेको एनडिए सरकारले २० वर्षमा पनि युवालाई रोजगारी दिन सकेन। तर, हामी सत्तामा आएको २० दिनभित्रै यससम्बन्धी ऐन लागू गर्नेछौँ र २० महिनाभित्र यसलाई कार्यान्वयन गर्नेछौँ।'

तेजस्वीले सफलतापूर्वक पार गरेको अर्को चुनौती हो, कांग्रेसलाई पछि हट्न बाध्य पार्नु। त्यसबाट मात्र उनले महागठबन्धनको मुख्यमन्त्री अनुहार बन्ने अधिकार सुरक्षित गर्न सकेका हुन्। तिहारअघि, आरजेडी र कांग्रेसबिचको गठबन्धन अनिश्चित देखिएको थियो। तैपनि, तेजस्वी पछि हटेनन् र कांग्रेसलाई औपचारिक रूपमा आफूलाई मुख्यमन्त्री उम्मेदवार घोषणा गर्न बाध्य पारे। राजनीतिक सुझबुझले एक दशकको छोटो समयमा तेजस्वी बिहारमा महागठबन्धनका तर्फबाट मुख्यमन्त्रीका अनुहार बन्ने अवस्थामा पुगेका छन्। अब उनले आफूलाई प्रमाणित गरेर देखाउने अवस्था आएको छ।

(पत्रकार श्रीवास्तव राजनीति, नीति र अपराधमाथि कलम चलाउँछन्)
द प्रिन्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

स्वतन्त्र राज्य बन्न प्यालेस्टाइनलाई व्यावहारिक कठिनाइ

सेप्टेम्बर तेस्रो साता अस्ट्रेलिया, बेलायत, क्यानडा र फ्रान्सले औपचारिक रूपमा प्यालेस्टाइनलाई स्वतन्त्र राज्यको मान्यता दिए

दर्शन र वास्तविकताबिचको रिक्तता फराकिलो हुन सक्दैन । बेलायत, फ्रान्स र अन्य केही देशले (तर, अमेरिका होइन) औपचारिक रूपमा प्यालेस्टिनी राज्यलाई मान्यता दिएका छन् । यथार्थमा स्वतन्त्र मान्यता पाउनेवाला भनिएको उक्त राज्य विश्व दृष्टिबाट बिस्तारै हट्दै गएको छ । इजरायली सेनाले गाजालाई कब्जा गरिएको एउटा उजाड भूमिमा परिणत गरेका छन् । इजरायलका अर्थमन्त्री बेजालेल स्मोट्रिचले प्यालेस्टिनी प्रशासनलाई भोकमरीले ग्रस्त बनाएका छन् । सेप्टेम्बर ३ मा उनले गाजा विलयको आफ्नो दृष्टिकोणसहितको एउटा नक्सा प्रस्तुत गरे । नक्साले इजरायलले वेस्ट बैंकको १८ प्रतिशतबाहेक सबै भूभाग नियन्त्रण गरेको देखाएको छ, जुन क्षेत्र सन् १९६७ मा इजरायलले कब्जा गरेको थियो र यसका सहरलाई छवटा अवरुद्ध टापुमा परिणत गरिएको थियो ।



> इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु 'ग्रेटर इजरायल'को सपना बाँड्छन् । उनको अति-राष्ट्रवादी सरकारले पश्चिमा देशले प्यालेस्टाइनलाई स्वतन्त्र राज्यको मान्यता दिएमा पश्चिमी किनारालाई गाभ्ने धम्की दिएको छ । वास्तवमा पश्चिम किनारालाई गाभ्ने काम पहिले नै सुरु भइसकेको छ ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहु ग्रेटर इजरायलको सपना बाँड्ने गर्छन् । उनको अति-राष्ट्रवादी सरकारले पश्चिमा देशले प्यालेस्टाइनलाई स्वतन्त्र राज्यको मान्यता दिएमा पश्चिमी किनारालाई गाभ्ने धम्की दिएको छ । वास्तवमा भन्ने हो भने पश्चिम किनारालाई गाभ्ने काम पहिले नै सुरु भइसकेको छ । विडम्बना यो छ कि प्यालेस्टिनी राज्यको दृष्टिकोण बाहिरबाट जति बलियो देखिन्छ, भित्र त्यति नै फिक्का हुँदै जान्छ । प्यालेस्टिनी राज्यको अस्तित्व कस्तो अवस्थामा छ भनेर थाहा पाउन तीन दशकदेखि प्यालेस्टिनी प्राधिकरण (पिए) को प्रशासनिक केन्द्र रामल्लाह जानुहोस् । गाजाले दुई वर्षदेखि विनाशको सामना गरिरहेका बेला कब्जा गरिएको पश्चिम किनारमा जेरुसेलमभन्दा माथि रहेको रामल्लाह अझै पनि आकर्षणको केन्द्रबिन्दु हो । यहाँका विचित्र ढुंगा भएका सडकमा प्रत्येक महिना नयाँ बार, क्याफे र सरकारी भवन देखा पर्छन् । र, अझै पनि यो पोटेमकिन गाउँजस्तो लाग्छ ।

धेरैजसो रात इजरायली सेनाले रामल्लाहमा छापा मार्छन्, कहिलेकाहीं राष्ट्रपति भवन मुकातावरपर इजरायली झन्डा फहराउँदै आफ्ना सैन्य गाडी परेड गराउँछन् र यसको शक्तिहीनताको खिल्ली उडाउँछन् । दिउँसोको समयमा पनि इजरायलीको गोलीबारीको आवाज सहरको केन्द्रसम्म प्रतिध्वनित हुन्छ । यसैबिच इजरायली अधिकारीले आर्थिक युद्ध गरिरहेका छन् । सन् १९९४ मा स्थापना भएदेखि प्यालेस्टिनी अथरिटी (पिए)इजरायलले आफ्नो बन्दरगाहमा आफ्नो तर्फबाट संकलन गर्ने भन्सार राजस्वमा निर्भर छ । इजरायलको वर्तमान सरकारले ती कोषको स्थानान्तरण रोकेको छ । पिएले केही कर्मचारीको तलब कटौती वा आधा घटाएको छ र त्यो भुक्तानीमा विलम्ब गरेको छ । पैसा बचत गर्न पिएले एक हप्ताका लागि विद्यालय खोल्न ढिलाइ गरेको छ, कर्मचारी र सुरक्षा बललाई सातामा दुई दिन काम गर्न भनेको छ ।

त्यहाँ अझ नराम्रो संकेत देखिन्छ । प्यालेस्टिनी बैंकिङ प्रणाली इजरायलसँग जोडिएको छ । तर, इजरायली अर्थमन्त्री स्मोट्रिचले इजरायली बैंकलाई प्यालेस्टिनी बैंकसँग पत्राचार गर्न रोकेका छन् । ताकि, कम्पनीहरूले इजरायलबाट आउने सामानका लागि भुक्तानी गर्न नसकून् । दोस्रो विद्रोहको गहिराइमा पनि इजरायलबाट कन्टेनरहरू वेस्ट बैंकमा प्रवेश गरे । तर, त्यो प्रवाह पनि सुस्त भएको छ । 'केही साताभित्र हामीसँग आधारभूत सामग्री र इन्धनको रूपमा प्रयोग हुने पेट्रोल सकिनेछ,' मौद्रिक प्राधिकरणका प्रमुख यात्हया सुन्नार भन्छन् । इजरायलमा शारीरिक श्रमिकको रूपमा प्यालेस्टिनीहरू कमाइका लागि पुनः फर्किन सक्षम थिए । तर, अक्टोबर ७, २०२३ को आक्रमणपछि इजरायलले तिनीहरूलाई प्रवेश गर्नबाट रोक लगाएको छ ।

झट्ट हेर्दा रामल्लाहमा छोडेपछि परिदृश्य प्यालेस्टिनीबाट इजरायलीमा परिवर्तन हुन्छ । सडक चिन्हहरूले प्यालेस्टिनी सहरहरू होइन, यहुदी बस्तीलाई औंल्याउँछन् । प्रायः हेब्रिउको अरबी लिप्यन्तरणहरू कालो पारिएको हुन्छ । हेब्रिउ भाषामा रहेको बिलबोर्डले पहाडी युवालाई अभिवादन गर्दछ, यहुदी अतिवादीहरू अरबहरूको भूमिबाट मुक्ति पाउने अभियानमा छन् ।

यी बसोवास गर्नेले जग्गा कब्जा गर्ने प्रक्रियालाई तीव्र पारेका छन् । बसोवास गर्नेहरूले दर्जनौं नयाँ कृषिचौकी स्थापना गरेका छन्, जुन २०१८ देखि चार गुणाले वृद्धि भएको छ । इजरायली अनुगमनकर्ता केरेम नाभोटका अनुसार इजरायली सेनाले अब वेस्ट बैंकको १४ प्रतिशत भूभाग ओगटेको छ । केही गोठाला यति हिंस्रक छन् कि तिनीहरूलाई पहिले इजरायलको सशस्त्र सेनामा भर्ती हुन निकै खतरनाक मानिन्थ्यो । विगतका सरकारले उनीहरूको छापा मार्थ्यो । तर, यो सरकारले उनीहरूलाई बन्दुक र पोसाक दिन्छ ।

प्यालेस्टिनीहरूको स्वायत्त राज्यको दृष्टिकोणको लागि ठुलो खतरा यो हुन सक्छ कि कोही-कोहीले इजरायलसँग थप सम्झौता खोजिरहेका छन् । नेतन्याहुका सल्लाहकार प्यालेस्टाइनसँग प्रत्यक्ष रूपमा व्यवहार गर्ने स्वशासित नगरपालिका हेब्रोन इमिरेट स्थापना गर्ने कुरा गर्छन् । यसले पश्चिम बैंकको सबैभन्दा धेरै जनसंख्या भएको सहर, मुख्य आर्थिक केन्द्र र करको प्रमुख स्रोतलाई पिएबाट टाढा राख्छ । यसले इजरायली झन्डामुनि वेस्ट बैंकको समावेशका लागि मार्ग प्रशस्त गर्न सक्छ ।

अहिलेका लागि कम्तीमा धेरैजसो हेब्रोनाइटहरू आफ्नो भूमिमा रहनेछन् र इजरायलसँगको प्रत्यक्ष सम्बन्धबाट लाभ उठाउन सक्नेछन् । उनीहरूलाई प्यालेस्टाइनप्रति थोरै माया छ । हेब्रोनमा प्रभुत्व जमाउने जनजाति र व्यापारी परिवारले सधैं प्यालेस्टाइनलाई आफ्नो कर तिर्दै आएका छन् । लन्डनमा हेब्रोनभन्दा बढी प्यालेस्टाइन झण्डा छन् । इजरायली बैंकहरूसँगको प्रत्यक्ष सम्बन्धले व्यवसायलाई आकर्षक बनाएको छ । केही व्यापारीले पहिले नै इजरायली बैंक खाता खोलिसकेका छन् । अरूले नागरिकताका लागि आवेदन दिने र इजरायलका प्यालेस्टिनी नागरिकजस्तै सापेक्षिक विशेषाधिकारको सुविधा लिने सपना पनि देख्छन् । 'हामी इजरायली राहदानी प्राप्त गर्ने ध्याउन्नमा छौं,' बेथलेहेमका एक सुन व्यापारीले भन्छन्, 'हामी यो जेलबाट मुक्त हुनेछौं । पर्यटक फर्कनेछन् र हामी यात्रा गर्न सक्षम हुनेछौं ।'

कतिपय प्यालेस्टिनीलाई इजरायलको अधीनमा रहनु एक सौम्य विकल्पजस्तो लाग्छ । यदि प्यालेस्टिनीलाई जनमत संग्रहमा इजरायलले उनीहरूलाई प्रत्यक्ष शासन गर्नुपर्छ कि पर्दैन भनेर सोधियो भने धेरैले सहमति जनाउन सक्छन् । तर, इजरायलको यहुदी जनसंख्या पहिलेभन्दा कम एकीकरणको पक्षमा छ । आधाभन्दा बढी इजरायली नागरिकता भएका प्यालेस्टिनीलाई निर्वासन गर्न चाहन्थे । लगभग ८० प्रतिशतले गाजाबाट प्यालेस्टिनीलाई निष्कासन गर्न चाहेको मे महिनामा गरिएको एक सर्वेक्षणले देखाएको थियो । इजरायलले गाजामा गरेको काम पश्चिमी किनारमा पनि दोहोऱ्याउन सक्ने धेरै प्यालेस्टिनीमा त्रास छ । न्युयोर्कको उत्साह बेथलेहेमसम्म पुगेको छैन । त्यहाँका एक किराना पसलेले भनेझैं 'हामीले सिकेका छौं कि राम्रोका लागि परिवर्तनको वाचा सधैं खराबमा समाप्त हुन्छ ।

द इकोनोमिस्टबाट

इतिहासमा आज

अक्टोबर २८



सन् १९१८ : चेकोस्लोभियाले हंगेरीबाट स्वतन्त्रता पायो । मध्य-युरोपेली देश चेकोस्लोभिया सन् १७०० देखि हंगेरीको अधीनमा थियो । पहिलो विश्वयुद्धको अन्त्यमा थोमस मर्सायकको नेतृत्वमा हंगेरीमा स्वतन्त्रताको आन्दोलन सुरु भएको थियो । उनी सन् १९१८ को नोभेम्बरमा स्वतन्त्रत हंगेरीका राष्ट्रपति बनेका थिए ।

सन् १९१९ : अमेरिकी कंग्रेसले मदिराको उत्पादन, बिक्री तथा ओसारपसारमा प्रतिबन्ध लगाउने कानुन पारित गरेको थियो । भोस्टिड एक्ट नामक सो कानुनअनुसार औषधी र धार्मिक प्रयोजनका लागि अमेरिकामा मदिराको उत्पादन, बिक्री र ओसारपसारलाई गैरकानुन घोषित गरिएको थियो ।

सन् १९३८ : जर्मनीद्वारा १७ हजार यहुदी देशनिकाला । जर्मनीले सन् १९३८ मा पोल्यान्डका १७ हजार यहुदीलाई देशनिकाला गरेर पोल्यान्ड पठाइदिएको थियो ।

सन् १९९५ : अजरबैजानको राजधानी बाकुस्थित एउटा रेलमार्गमा भीषण आगलागी । सो आगलागी भूमिगत रेलमार्गको इतिहासमै सबैभन्दा डरलाग्दो मानिन्छ । पुरानो वायरिङ प्रणालीका कारण भएको आगलागीका कारण रेलमा यात्रा गरिरहेका ३०० जनाको मृत्यु भएको थियो ।

सन् २००७ : आजकै दिन क्रिस्टिना फर्नान्डेज डी क्रिचर अर्जेन्टिनाको राष्ट्रपतिमा निर्वाचित । उनी सन् २०११ मा पुनः राष्ट्रपतिमा निर्वाचित भएकी थिइन् ।

अर्जेन्टिनाको मध्यावधि निर्वाचनमा मिलेईको अप्रत्याशित जित

शृंखलाबद्ध घोटालापछि पनि मिलेईले पाएको ४० प्रतिशत मतले विश्लेषक आश्चर्यचकित



अर्जेन्टिनाका उग्र-दक्षिणपन्थी राष्ट्रपति जेभियर मिलेईको पार्टीले आइतबार भएको मध्यावधि निर्वाचनमा महत्त्वपूर्ण जित हासिल गरेको छ । निर्वाचनलाई धेरैले 'अराजक-पुँजीवादी बताउने' मिलेईको करिब दुई वर्षको शासनको जनमत संग्रहको रूपमा हेरेका छन् । चुनावको मुखमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अर्जेन्टनालाई ४० अर्ब डलरको विशाल राहत सहायता घोषणा गर्दै मिलेईको पार्टीले जिते मात्र सो रकम निकासा गर्ने बताएका थिए । ९९ प्रतिशतभन्दा बढी मत गणना भइसक्दा मिलेईको ला लिबर्टाड अभान्जा (एलएलए)ले ४०.८ प्रतिशत प्राप्त गरेको छ भने पेरोनिस्टहरूको गठबन्धन फुएर्जा प्याट्रियाले भने ३१.७ प्रतिशत मत प्राप्त गरेको छ ।

पछिल्लो मत परिणामपछि पनि मिलेईको पार्टीसँग संसद्मा अझै बहुमत सिट हुनेछैन । तथापि, अब उनलाई विपक्षीले महाभियोगबाट हटाउन आवश्यक दुईतिहाइ बहुमत नपुग्ने देखिन्छ । यस मतपरिणामले धेरै विश्लेषकलाई समेत चकित पारेको छ । पछिल्लो समय मिलेईका नीतिले आर्थिक संकट बढाएको र उनकी शक्तिशाली बहिनी भ्रष्टाचार काण्डमा जोडिएपछि उनको लोकप्रियतामा धक्का लागेको थियो ।

केही समयअघि मात्र देशको सबैभन्दा धेरै मतदाता रहेको क्षेत्र 'ब्युनस आयर्स'को प्रान्तीय चुनावमा मिलेईको पार्टीको लज्जास्पद पराजयले पार्टीले धेरै मत ल्याउनेमा अशंका बढाएको थियो । सेप्टेम्बरमा भएको उक्त चुनावमा मिलेईको दल पेरोनिस्ट गठबन्धनसँग १४ प्रतिशतको अन्तरले हार चाखेको थियो । मिलेई र उनका सरकारभित्रका मानिसले समेत चुनावमा यति ठुलो जितको अपेक्षा गरेका थिएनन् । बढीमा ३०-३५ प्रतिशत मत आए पनि सरकार पक्षधरले सन्तोष मान्ने चर्चा थियो । यसपटक, मिलेईको पार्टीले जनतामा आफूप्रतिको निराशाको लहरलाई उल्ट्याएको देखिन्छ । जुन अर्जेन्टिनाको लगभग ४० प्रतिशत मतदाता रहेको सबैभन्दा ठुलो चुनावी क्षेत्र ब्युनस आयर्समै पार्टीको सहज जितले संकेत गर्छ ।

'म अहिले हराएको संसारको राजा भएको छु ,' जितपछि समर्थकलाई सम्बोधन गर्दै मिलेईले भने, 'आज हामीले निर्णायक बिन्दु पार गर्‍यौं । यो महान् अर्जेन्टिनाको निर्माण सुरुवात हो ।' सम्बोधनका क्रममा राष्ट्रपतिले अमेरिकी आर्थिक सहायतालाई 'अर्जेन्टिनाको इतिहासको मात्र नभई विश्व इतिहासकै ठुलो सहायता' भनेर प्रशंसा गर्दै अमेरिकाले यति ठुलो आर्थिक सहायता कहिल्यै प्रदान नगरेको दाबी गरे ।

'अब हामी अर्जेन्टिनालाई आर्थिक वृद्धितर्फ लगेर उचाइमा पुऱ्याउन आवश्यक सुधार कार्यान्वयन गर्नमा केन्द्रित हुनुपर्छ । अर्जेन्टिनालाई फेरि महान् बनाऔं,' राष्ट्रपतिले स्पेनिस भाषामा ट्रम्पको अमेरिकालाई फेरि महान् बनाउने नाराको झल्को दिने नारामा भने ।

ट्रम्पले आइतबार राति नै मिलेईको पार्टीको जितलाई 'ठुलो जित'को संज्ञा दिँदै बधाई दिए । एसिया भ्रमणमा रहेका ट्रम्पले सोमबार मिलेईले अमेरिकाबाट 'धेरै मद्दत' पाएको बताउँदै जितलाई 'महान् घटना'को रूपमा व्याख्या गरे । 'उनले हामीबाट धेरै मद्दत पाए । मैले उनलाई समर्थन दिएँ, धेरै बलियो समर्थन ।

> निर्वाचनको पूर्वसन्ध्यामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अर्जेन्टनालाई ४० अर्ब डलरको विशाल राहत सहायता घोषणा गर्दै मिलेईको पार्टीले जिते मात्र सो रकम निकासा गर्ने बताएका थिए

हामी दक्षिण अफ्रिकाका धेरै देशसँग जोडिएका छौं । त्यसैले हामी दक्षिण अमेरिकामा धेरै नै केन्द्रित छौं,' ट्रम्पले भने । ट्रम्पले जितबारे टिप्पणी गर्ने क्रममा अर्जेन्टिनालाई आर्थिक सहयोगको निगरानी गरेका वित्तमन्त्री स्कट बेसेन्टसहित केही शीर्ष अधिकारीको पनि प्रशंसा गरे ।

यसपटकको मध्यावधि चुनावमा संसद्को तल्लो सदनको २५७ सिटमध्ये आधा अर्थात् १२७ सिटका लागि र माथिल्लो सदन (सिनेट)को ७२ मध्ये एकतिहाइ अर्थात् २४ सिटका लागि भएका थियो । मिलेईको पार्टीले तल्लो सदनको ६४ सिट र सिनेटमा १२ सिट जितेको छ । नयाँ जितिएका सिटसँगै तल्लो सदनमा मिलेईको पार्टीसँग सिट संख्या ३७ बाट झन्डै तेब्बर (१०१) पुगेको छ । चुनावी अभियानमा मिलेई सरकारले राष्ट्रपतिको भिटो अधिकार सुरक्षित राख्न आवश्यक हुने तल्लो सदनको कम्तीमा एकतिहाइ सिट दिलाइदिन आह्वान गरेको थियो । त्यहीअनुरूप नै मत आएको छ ।

अहिलेसम्म, मिलेईका नीतिलाई पूर्वराष्ट्रपति मौरिसियो म्याक्रीको मध्य दक्षिणपन्थी पार्टी पिआरओले समर्थन जनाउँदै आएको थियो । अब नयाँ मतपरिणामपछि एलएलए र पिआरओको कुल मत पेरोनिस्ट गठबन्धनको भन्दा बढी भएको छ । यो सिट संख्या मिलेईका उदारवादी सुधारलाई अगाडि बढाउने प्रयासमा उपयोगी हुनेछ ।

मिलेईले लगभग दुई वर्षअघि व्यापक खर्च कटौतीको वाचा गरेर चुनाव जितेका थिए । सत्तामा आएपछि चुनावी वाचाअनुसार खर्च घटाउन उनले हजारौं सरकारी जागिर कटौती गरेका छन् । त्यस्तै, उनले पूर्वाधार, स्वास्थ्य सेवा, शिक्षा र पेन्सनमाथिका खर्च स्थिर गरिदिएका छन् ।

यी कदमले मिलेईले सन् २०२३ मा २०० प्रतिशतभन्दा बढी रहेको अर्जेन्टिनाको मुद्रास्फीतिलाई गत महिना लगभग ३० प्रतिशतमा ल्याउन सफल भए । बजेट कटौतीकै कारण १४ वर्षमा देशमा पहिलोपटक वित्तीय अधिशेष हासिल भएको छ । त्यस्तै, लगातार तीन महिनाको गिरावटपछि अगस्ट २०२५ मा आर्थिक गतिविधि ०.३ प्रतिशतले बढ्यो । तर, क्रयशक्तिमा गिरावट आएको छ । डेढ लाखभन्दा बढीले जागिर गुमाएका छन् भने अठार हजार व्यवसाय बन्द छन् । यसले गर्दा अधिकांश अर्जेन्टिनी अहिले गुजारा गर्न संघर्ष गर्नुपर्ने अवस्थामा छन् ।

मिलेईले क्रिप्टोकरेन्सीको प्रचार गर्न थालेपछि उनको लोकप्रियतामै धक्का लाग्यो । त्यसमाथि शक्तिशाली क्याबिनेट सदस्य रहेकी उनकी बहिनी करिना मिलेई भ्रष्टाचार योजनामा फसेपछि पार्टी झन् बदनामीमा पऱ्यो । पछिल्लो समयसमेत उनको पार्टीका एक प्रमुख उम्मेदवार अमेरिकामा लागुपदार्थ तस्करीको आरोप लागेका एक व्यापारीबाट दुई लाख डलर लिएको स्वीकार गरेपछि आइतबारको चुनावबाट पछि हट्न बाध्य भएका थिए ।

पछिल्लो समय देशको मुद्रा पेसोको अवमूल्यन रोक्न उनको सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट लिएको २० अर्ब डलर ऋणमध्ये १४ अर्ब डलर खर्चनुपऱ्यो । यसले देशको मुद्रा सञ्चितिमै असर गरेको छ । त्यसपछि उनी सहयोगका लागि ट्रम्पतर्फ फर्कन बाध्य भएका हुन्, जसले ४० अर्ब डलरको राहतको घोषणा गरे । उसो त उक्त रकम मिलेईले जिते मात्र दिने ट्रम्पको सर्तलाई देशका धेरैले चुनावमा हस्तक्षेपको रूपमा हेरे । केहीले देशको केही भागमा अमेरिकाविरोधी भावना रहेकाले मिलेईलाई असर पर्नेसमेत प्रक्षेपण गरेका थिए । तर, अन्तिम नतिजा भने धेरै विश्लेषणलाई गलत साबित गर्ने गरी मिलेईकै पक्षमा आएको छ ।

द गार्जियनबाट

शान्तिवार्ता विफल भएमा अफगानिस्तानसँग खुला युद्ध : पाकिस्तानी रक्षामन्त्री



इस्लामाबाद / युद्धविराम सम्झौता कसरी कायम राख्ने भन्नेबारे छलफल गर्न पाकिस्तान र अफगानिस्तानका अधिकारीबिच टर्कीको इस्तानबुलमा भेटवार्ता भएको छ । पाकिस्तानी रक्षामन्त्रीले युद्धविराम असफल भएमा 'खुला युद्ध' हुने चेतावनी दिइरहेका बेला दुई देशका अधिकारीबिच इस्तानबुलमा भेट भएको हो । शनिबार सुरु भएर आइतबारसम्म जारी रहेको छलफल छिमेकीबिचको घातक झडप अन्त्य गर्न कतार र टर्कीले दोहामा मध्यस्थता गरेको केही दिनपछि भएको हो । सीमापार हिंसामा दर्जनौं व्यक्तिको मृत्यु हुनुका साथै सयौं घाइते भएका छन् ।

'हामीसँग विकल्प छ । यदि कुनै सम्झौता भएन भने उनीहरूसँग खुला युद्ध हुन्छ,' पाकिस्तानका रक्षामन्त्री ख्वाजा मोहम्मद आसिफले शनिबार पूर्वीपाकिस्तानी सहर सियालकोटबाट भने । 'तर, उनीहरूले शान्ति चाहेको मैले देखेको छु' उनले थपे । इस्तानबुलस्थित अल जजिराका सिनेम कोसेओग्लुका अनुसार टर्कीमा हुने 'प्राविधिक-स्तरको वार्ता'ले 'दुई छिमेकीबिच स्थायी समाधानका लागि मार्ग प्रशस्त गर्ने' अपेक्षा गरिएको छ । अफगानिस्तानका उप-गृहमन्त्री हाजी नजिबले टर्कीमा आफ्नो देशको प्रतिनिधिमण्डलको नेतृत्व गरिरहेका छन् । पाकिस्तानले आफ्ना प्रतिनिधिबारे विवरण दिएको छैन । वार्ताले 'अफगान भूमिबाट पाकिस्तानतर्फ निस्कने आतंकवादको खतरा'लाई सम्बोधन गर्नुपर्ने पाकिस्तानको विदेश मन्त्रालयका प्रवक्ताले बताए ।

पाकिस्तानले अफगानिस्तानलाई पाकिस्तानी तालिबान (टिपिपी) लगायत 'आतंकवादी समूह'लाई आश्रय दिएको आरोप लगाएको छ । काबुलले यो आरोपलाई अस्वीकार गरेको छ । उल्टै इस्लामाबादलाई सैन्य हमलामार्फत आफ्नो सार्वभौमसत्ता उल्लंघन गरेको आरोप लगाएको छ । हालैको लडाइँपछि दुई देशबिचका प्रमुख सीमा बन्द छन् । यसका कारण व्यापारीले हरेक दिन लाखौं डलर गुमाउनुपरेको अफगानिस्तानको वाणिज्य तथा उद्योग चेम्बरले अनुमान गरेको छ ।

अफगानिस्तानका अन्तर्राष्ट्रिय संकट समूहका विश्लेषक इब्राहिम बहिसले एएफपी समाचार एजेन्सीलाई बताएअनुसार इस्तानबुल वार्ताका क्रममा छलफलको प्रमुख विषय सशस्त्र समूहबारे गुप्तचर जानकारी आदानप्रदान रहेको छ । 'उदाहरणका लागि पाकिस्तानले टिटिपी लडाकु वा कमान्डर कहाँ छन् भन्ने शंका गर्ने ठाउँहरूको समन्वय गर्नेछ र अफगानिस्तानले उनीहरूविरुद्ध कारबाही गर्ने अपेक्षा गर्नेछ,' उनले भने । यसैबिच, गत आइतबार दोहामा घोषणा गरिएको युद्धविराम अझै कायम छ । 'पछिल्लो दुईदेखि तीन दिनमा अफगान भूमिबाट कुनै ठुलो पूर्णस्तरीय आतंकवादी आक्रमण भएको छैन,' पाकिस्तानी विदेश मन्त्रालयका प्रवक्ता ताहिर आन्द्राबीले भने, 'त्यसैले, दोहा वार्ता र परिणाम फलदायी रह्यो । हामी इस्तानबुल र इस्तानबुलपछिको प्रवृत्ति जारी राख्न चाहन्छौं ।'

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार ११ कार्तिक ०८२

निजी क्षेत्रले फेरि माग्यो सुरक्षा प्रत्याभूति

घटनामा संलग्नविरुद्धको किटानी जाहेरी नै नलिएको भन्दै महासंघले गरायो सरकारको ध्यानाकर्षण

नयाँ पत्रिका

निजी क्षेत्रले सरकारसँग पुनः सुरक्षा प्रत्याभूति मागेको छ। गत २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा निजी सम्पत्ति तथा उद्योग-व्यवसायमाथि आक्रमण गर्नेलाई कारबाही गरी सुरक्षाको प्रत्याभूति दिलाउन निजी क्षेत्रले पुनः माग गरेको हो।

निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै आन्दोलनका क्रममा भएको लुटपाट, तोडफोड एवं आगजनीमा संलग्नलाई कारबाही गर्न माग गरेको हो। यसअघि महासंघसहित नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै सुरक्षा प्रत्याभूति दिलाउन सरकारसँग माग गरेका थिए।

सरकारले घटनामा संलग्नहरूको जाहेरी नै नलिएको गुनासो आएपछि सार्वजनिक विज्ञप्ति जारी गर्दै सरकारको ध्यानाकर्षण गराएको हो। 'जेन-जी आन्दोलनका क्रममा भएको घुसपैठबाट उद्योग-व्यवसाय र निजी सम्पत्तिमाथि भएको लुटपाट, तोडफोड र आगजनीमा संलग्नबारे छानबिन गरी कारबाही अगाडि बढाउन र सुरक्षाको प्रत्याभूतिका लागि सरकारसँग आग्रह गर्दछौं,' विज्ञप्तिमा उल्लेख छ।

महासंघले ती घटनामा संलग्नहरूको जाहेरी नै नलिएको गुनासो सदस्यहरूबाट आइरहेको र यसले समाजमा दण्डहीनता मौलाउँदै जाने, व्यवसायी हतोत्साही हुने दाबी गरेको छ। 'यी घटनाले निजी क्षेत्रको मनोबल कमजोर पार्ने मात्र नभई आर्थिक क्रियाकलापमै नकारात्मक असर पुऱ्याएको छ, यस विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराउँछौं,' महासंघले भनेको छ, 'घटनाका दोषीहरूमाथि जाहेरी दर्ता नलिने र कारबाहीमा उदासीनता देखिएको सदस्य व्यवसायीबाट जानकारी प्राप्त भइरहेको छ, यसले दण्डहीनता बढ्न गई लगानीको वातावरणलाई गम्भीर चुनौती दिने देखिन्छ। रोजगारी सिर्जना, राजस्व संकलन, लगानी प्रवर्द्धन र समग्र अर्थतन्त्रमा नै दीर्घकालीन असर पार्नेछ।'

सुरक्षा समितिमा प्रतिनिधित्व माग

यस्तै, महासंघले निजी क्षेत्रको सुरक्षाको प्रत्याभूतिका लागि केन्द्र र जिल्लास्तरीय सुरक्षा समितिहरूमा महासंघको प्रतिनिधित्व सुनिश्चित गर्न सम्बन्धित जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिको सहभागिताका लागि पनि आग्रह गरेको छ। यसबारे औपचारिक आग्रह गर्दै महासंघले गृह मन्त्रालयमा पत्राचारसमेत गरिसकेको जनाएको छ। 'सबै तहमा सरकार-निजी क्षेत्र समन्वय र मुख्य गरी जिल्लास्तरीय सुरक्षा योजना, जोखिम मूल्यांकन र आकस्मिक निर्णय प्रक्रियामा पनि व्यावसायिक समुदाय प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न महासंघले समितिमा आफ्नो र सदस्य संघहरूको सहभागिताका लागि आग्रह गरेको हो,' विज्ञप्तिमा उल्लेख छ।

आइतबार महासंघका पदाधिकारी, स्थायी समिति तथा समिति-फोरमका सभापतिहरू सम्मिलित छलफलमा महासंघका कार्यवाहक अध्यक्ष अन्जन श्रेष्ठले शान्ति सुरक्षा नभई स्थायित्व नहुने, स्थायित्व नभई उद्यम-व्यवसाय सञ्चालन हुन नसक्ने र उद्यम-व्यवसाय सञ्चालन नहुँदा अर्थतन्त्रमै गम्भीर समस्या उत्पन्न हुने हुँदा व्यवसायीको शान्ति सुरक्षा अपरिहार्य सर्त भएको बताए। उनले दण्डहीनता अन्त्य गरी भविष्यमा पनि उद्यम-व्यवसायीमाथि आक्रमण नहुने सुनिश्चितता गरिनुपर्ने बताए।

■ सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, ०८२ जारी

संस्थानलाई स्वायत्त र सबल बनाइने

अजित अधिकारी/नयाँ पत्रिका

अर्थ मन्त्रालयले अस्तित्वमा रहेका ४५ संस्थान सुदृढीकरणका लागि 'सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, ०८२' लागू गरेको छ। संस्थानको घाटा बढ्ने, तर नाफा खुम्चने प्रवृत्ति बढ्दै गएकाले स्वायत्तता प्रदान गरी वित्तीय रूपमा सबल बनाउने रणनीति मन्त्रालयले आइतबार सार्वजनिक गरेको हो।

सञ्चालनमा रहेका ४३ संस्थानमध्ये २८ नाफामा र १५ वटा घाटामा रहेको मन्त्रालयले जनाएको छ। संस्थानमा भएको सरकारी लगानीको तुलनामा प्रतिफल भने न्यून छ। आव ०८०/८१ को विवरणअनुसार संस्थानहरूको समग्र नाफा अघिल्लो वर्षको तुलनामा १२.८८ प्रतिशतले घटेको छ भने खुद नोक्सानी ८.६५ प्रतिशतले घटेको छ। संस्थानको खुम्चिँदो वित्तीय स्थिति सुधारका लागि अर्थले पहलकदमी लिएको जनाएको छ।

'सार्वजनिक संस्थानको कार्यकुशलता, व्यवस्थापनमा सुधार र समग्र कार्यसम्पादनमा संस्थागत सुशासन अभिवृद्धि गर्नु जरुरी छ,' उक्त नीतिमा भनिएको छ, 'सार्वजनिक संस्थानमा व्यावसायिकता, प्रतिस्पर्धी क्षमताको विकास र संस्थागत सुशासन सबल बनाई कुशल सञ्चालन गर्नुपर्छ।'

सार्वजनिक संस्थान स्थापनाको उद्देश्यबमोजिम गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन र वितरण सहज र सुलभ बनाउन, सरकारी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सक्षम बनाउन र व्यावसायिक रूपमा प्रतिस्पर्धी बनाउन नयाँ नीतिको आवश्यकता परेको अर्थको बुझाइ छ। त्यसैगरी, संस्थानभित्रको आन्तरिक व्यवस्थापन सुदृढ गर्दै संस्थागत सुशासन कायम गर्न, सार्वजनिक संस्थानमा सरकारी लगानीको उचित प्रतिफल सुनिश्चित गर्दै कोषमा व्यवस्था नभएको दायित्व र सम्भावित दायित्वबाट सिर्जना हुने जोखिम न्यूनीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली स्थापित गर्न पनि नयाँ नीतिले सघाउने उल्लेख छ।

पूर्वसचिव दीपक सुवेदीले संस्थान सुदृढीकरणका लागि जारी हुने नीतिले समग्र प्रणाली सुधारका लागि सहयोग मिल्ने बताए। 'संस्थान सुधारका लागि सम्बन्धित क्षेत्रको विषयविज्ञलाई व्यवस्थापकको जिम्मेवारी दिनु जरुरी छ,' उनले भने, 'यस्ता विषयलाई नीतिगत रूपमै सम्बोधन गरेर लागू गरियो भने अहिलेको अवस्थाबाट संस्थानको वित्तीय र कार्यगत अवस्था सुधार गर्न सकिन्छ।'



विषयविज्ञ सञ्चालक नियुक्ति गरियो भने संस्थान सुधार गर्न सकिन्छ



● **दीपक सुवेदी**, पूर्वसचिव

संस्थानको वर्तमान स्थिति सुधार गरेर सबल बनाउन सकिन्छ, तर यसका लागि इच्छाशक्ति चाहिन्छ। खासगरी कार्यकारी प्रमुख संस्थानको प्रकृतिअनुसार विषयविज्ञ हुनुपर्छ। सञ्चालक समिति सदस्यहरू पनि विज्ञहरूबाटै छनोट भएर आउनुपर्छ। अर्कोतिर संस्थानमा कर्मचारीहरू चाहिनेभन्दा धेरै छन्। संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर कर्मचारी कटौती गर्नुपर्छ। संस्थानको उत्पादनलाई बजारसँग प्रतिस्पर्धी मूल्य कायम गरी बिक्री बढाउनुपर्छ। यस्ता नीतिहरू लागू गर्न सकियो भने सार्वजनिक संस्थानहरू सुधारतर्फ लैजान सकिन्छ।



■ नीतिले लिएका मुख्य-मुख्य उद्देश्य

संस्थागत स्वायत्तता सुनिश्चित गर्ने

अधिकांश संस्थानहरू सेवाप्रदायक र नियमनकारी भूमिकामा रहेकाले अब अलग गरिने भएको छ। अहिले विद्युत् प्राधिकरणको सेवालाई नियमन गर्न विद्युत् नियमन आयोग भएजस्तै अन्य संस्थानको सेवा नियमनका लागि पनि अलग्गै संरचना बनाइने भएको हो। नागरिक उड्डयन प्राधिकरणलाई सेवाप्रदायक र नियामकका रूपमा अलग्याउने प्रक्रिया यसअघि नै सुरु भइसकेको छ। सञ्चालक समिति र व्यवस्थापनलाई निर्णय प्रक्रियामा सक्षम र स्वतन्त्रता प्रदानसमेत गरिने भएको छ।

कार्यप्रणालीमा व्यावसायिकता

प्रत्येक संस्थानको तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाउन लगाई सञ्चालक समितिले नीतिगत निर्णय गरिदिने र व्यवस्थापनले कार्यान्वयनमा प्रतिबद्धता जनाउने प्रणालीको विकास गरिने भएको छ। अर्थ मन्त्रालयले समेत वार्षिक रूपमा प्रतिवेदन मगाएर मूल्यांकन गर्ने भएको छ।

व्यवस्थित र उद्देश्यमा आधारित

निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने संस्थानलाई व्यावसायिक समूहमा राखेर खरिद प्रक्रिया सरल बनाइने भएको छ। बजारमा एकाधिकार प्राप्त तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने किसिमका संस्थानलाई रणनीतिक समूहमा वर्गीकरण गरिने भएको छ। सबै प्रकारका संस्थान स्थापनाको कानुनी आधार परिवर्तन गर्दै कम्पनीमा रूपान्तरण गरिने भएको छ।

सञ्चालक समितिको पुनर्संरचना गर्ने

अधिकांश सञ्चालक समितिको अध्यक्ष र सदस्यमा मन्त्रालयका अधिकारीहरूको संलग्नता हुने भएको छ। यसलाई परिवर्तन गरी सक्षम नेतृत्व खुला प्रतिस्पर्धाबाट छनोट गर्न सक्ने नीतिको आशय छ। त्यस्तै, सञ्चालक समितिलाई संस्थानको दिनहुँ हुने कार्यसम्पादनमा हस्तक्षेप गर्न नपाइने व्यवस्था लागू गरिने भएको वर्षमा कम्तीमा ६ पटक बैठक बस्नुपर्ने र प्रत्येक सदस्यलाई ७५ प्रतिशत बैठकमा अनिवार्य सहभागी हुने नियम पनि लागू गरिने भएको छ।

व्यवस्थापन छनोटमा पारदर्शिता

संस्थानको कार्यकारी प्रमुख र सञ्चालक समिति छनोटमा दलीय भागबन्डाले प्रश्रय पाइरहेको छ। त्यसैले यस्तो व्यवस्था हटाएर संस्थानको प्रकृतिअनुसारको योग्यता राखेर उत्कृष्ट अनुभव र दक्षता भएको विज्ञलाई खुला प्रतिस्पर्धाबाट छनोट गर्ने मापदण्ड बनाइने भएको छ। अहिले सबै संस्थानका लागि एउटै मापदण्ड लागू भइरहेकाले विषयविज्ञभन्दा फरक क्षमताका मानिस पनि कार्यकारी प्रमुख नियुक्ति हुने प्रवृत्ति छ।

नवीन प्रविधिमा आधारित सेवा प्रवाह

संस्थानको आर्थिक कारोबारलाई पूर्णतया डिजिटल बनाइने भएको छ। डिजिटल प्रणालीको नियमित परीक्षण गर्ने, सुधार गर्ने, सरकारी सेयरलाई सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको नाममा अभौतिकीकरणसमेत गरिने भएको छ।

ग्राहकप्रति उत्तरदायित्व सुनिश्चित गर्ने

संस्थानबाट उत्पादन वस्तुको मूल्य प्रतिस्पर्धा बनाउने, सेवा प्रवाह चुस्त बनाउन आउटसोर्सिङ गर्न पाउने, उपभोक्ताले क्षतिपूर्ति पाउन सक्ने व्यवस्था लागू गर्ने र संस्थागत सामाजिक उत्तरदायित्वको कार्यक्रमलाई पारदर्शी बनाइने भएको छ।

वित्तीय रूपमा सबल बनाउने

संस्थानको अपारदर्शी खर्च कटौती गर्ने तथा कोषमा व्यवस्था नभएको दायित्व र सम्भावित दायित्वको भार कम गर्ने रणनीति लागू गरिने भएको छ। संस्थानको प्रशासनिक खर्च २० प्रतिशतभन्दा बढी नहुने व्यवस्था लागू गर्ने र अवकाशपछि कर्मचारीले प्राप्त गर्ने निवृत्तिभरण र उपदानको सट्टा योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागू गरिने भएको छ।

विश्वसनीय लेखा प्रणाली

सबै संस्थानमा 'नेपाल वित्तीय प्रतिवेदन मानक' लागू गरिने भएको छ। त्यस्तै, नियमित रूपमा लेखा परीक्षण गर्न दबाबसमेत दिइने भएको छ। त्यस्तै, वित्तीय प्रतिवेदन नियमित रूपमा प्रकाशन गर्ने प्रणालीसमेत विकास गरिने भएको छ।

कार्यसम्पादनमा आधारित प्रोत्साहन

सरकारले लिएका वार्षिक नीति-कार्यक्रम संस्थानमार्फत लागू गरिने भएको छ। सबै कर्मचारीलाई कार्यसम्पादनमा बाँधेर मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन गर्ने प्रणाली विकास गरिने भएको छ। वार्षिक रूपमा पुरस्कारको संख्या तोकेर कर्मचारीलाई पुरस्कृत गर्ने प्रणाली रहेकामा कार्यसम्पादनमा उत्कृष्टलाई मात्रै पुरस्कार दिइनेछ।

तीन महिनामा लुम्बिनीका चार मन्त्रालयको पुँजीगत खर्च एक प्रतिशतभन्दा कम

चालू आर्थिक वर्षको असोजसम्म पुँजीगत खर्च सात दशमलव २३ प्रतिशत मात्रै

बुटवलमा **विष्णुप्रसाद घिमिरे**

लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्षको तीन महिनामा पुँजीगत खर्च सात दशमलव २३ प्रतिशत मात्रै गरेको छ। असोजसम्म एक मन्त्रालयको शून्यसहित चारवटा मन्त्रालयको खर्च एक प्रतिशतभन्दा कम रहेको छ।

प्रदेश लेखा नियन्त्रण कार्यालय लुम्बिनीका अनुसार एक प्रतिशत पनि खर्च गर्न नसक्ने मन्त्रालयहरूमा सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन तथा यातायात मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालय रहेका छन्। सामाजिक विकास मन्त्रालयले ७६ लाख ८२ हजार अर्थात् शून्य दशमलव ६१ प्रतिशत, उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको २५ लाख ६८ हजार अर्थात् शून्य दशमलव २२ प्रतिशत र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको ४६ हजार अर्थात् शून्य दशमलव शून्य तीन प्रतिशत खर्च गरेको छ। पुँजीगततर्फ एक रुपैयाँ पनि खर्च गर्न नसक्ने मन्त्रालयमा युवा तथा खेलकुद मन्त्रालय रहेको छ।

असोज मसान्तसम्म प्रतिशतका हिसाबले धेरै खर्च गर्नेमा स्वास्थ्य मन्त्रालय रहेको छ। यस मन्त्रालयले ६० करोड ४६ लाख ५९ हजार (३८ प्रतिशत) खर्च गरेको छ। त्यस्तै, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले पुँजीगत खर्च ८२ लाख १९ हजार (७ दशमलव १० प्रतिशत) खर्च गरेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयको ६५ करोड ११ लाख ९५ हजार (६ दशमलव ७८ प्रतिशत), सहरी विकास तथा खानेपानी मन्त्रालयको ३६ करोड १५ लाख (६ दशमलव ७५ प्रतिशत) पुँजीगत खर्च रहेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको चार लाख ९२ हजार (२ दशमलव ४६ प्रतिशत), ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको चार करोड २० लाख (१ दशमलव ७५ प्रतिशत), मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयको पाँच लाख १७ हजार (१ दशमलव ७४ प्रतिशत), वन तथा वातावरण मन्त्रालयको एक करोड ७० लाख (१ दशमलव ६१ प्रतिशत) पुँजीगत खर्च रहेको छ।

लुम्बिनी प्रदेश सरकारको चालू आर्थिक वर्ष ०८२/८३ का लागि ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ। जसमध्ये चालूतर्फ १२ अर्ब एक करोड ४७ लाख ८६ हजार अर्थात् ३० दशमलव ८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६० दशमलव ३२ प्रतिशत रहेको छ। यहाँ वित्तीय हस्तान्तरणतर्फ तीन अर्ब ४२ करोड ३७ लाख ४९ हजार अर्थात् ८ दशमलव ८० प्रतिशत विनियोजन गरिएको थियो। यो बजेटमध्ये असोज मसान्तसम्मको पुँजीगत खर्च एक अर्ब ६९ करोड ६० लाख १८ हजार आठ सय चार अर्थात् सात दशमलव २३ प्रतिशत खर्च भएको छ। त्यस्तै, चालूतर्फ १२ दशमलव ५८ प्रतिशत खर्च भएको छ। चालू तथा पुँजीगत गरी कुल बजेटमा यहाँको तीन महिनाको खर्च तीन अर्ब ६३ करोड ८१ लाख ३४ हजार आठ सय २८ अर्थात् ९ दशमलव ३५ प्रतिशत रहेको छ।

अन्तर्राष्ट्रिय सौर्य गठबन्धन सभामा भाग लिन ऊर्जामन्त्री भारतमा



काठमाडौं/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ सोमबार अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको आठौँ सभामा भाग लिन नयाँदिल्ली प्रस्थान गरेका छन्।

४० भन्दा बढी देशका मन्त्री सहभागी हुने सभा नयाँदिल्लीमा १०-१३ कात्तिकमा हुनेछ। आइएसएमा आबद्ध सदस्य राष्ट्रका ऊर्जामन्त्री र प्रतिनिधिबीच सौर्य ऊर्जा प्रवर्द्धन, दिगो ऊर्जा आपूर्ति विस्तार, जलवायु परिवर्तन न्यूनीकरणका पहल तथा सहकार्यका अवसरलगायतका विषयमा उच्चस्तरीय छलफल हुने सभामा मन्त्री घिसिङले नेपालको तर्फबाट सहभागिता जनाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

मन्त्री घिसिङले बृहत् स्तरको स्वच्छ ऊर्जा रूपान्तरणका लागि क्षेत्रीय तथा विश्व अन्तरआबद्धताको परिकल्पनाबारे सभाको विषयगत सत्रमा मुख्य-विशेष सम्बोधन गर्नेछन्। सन् २०१५ को नोभेम्बरमा पक्ष राष्ट्रले आफ्ना आवश्यकताअनुरूप सौर्य ऊर्जाको अभिवृद्धि गर्ने साझा चुनौतीलाई संयुक्त रूपमा सम्बोधन गर्ने उद्देश्य राखी आइएसएसम्बन्धी पेरिस घोषणा जारी भएको थियो। सन् २०३० सम्ममा सौर्य ऊर्जाको व्यापक प्रयोग गरी आवश्यक पर्ने एक हजार अर्ब अमेरिकी डलरभन्दा बढी लगानी परिचालन गर्न र भविष्यमा प्रयोग हुने प्रविधिअनुकूल मार्गनिर्देश गर्नेलगायतका काम गर्न आइएसए स्थापना भएको थियो।

कीर्तिमानी मूल्यबाट ओर्लिँदै सुन

दुई दिनमा तोलामै १३ हजार ६ सय रुपैयाँले घट्यो, फेडले ब्याजदर घटाउने अपेक्षामा लगानीकर्ता

नयाँ पत्रिका

कीर्तिमानी मूल्यबाट सुनको मूल्य निरन्तर ओरालो लागेको छ। यो साता अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भ (फेड)ले ब्याजदर कटौती गर्ने अपेक्षा लगानीकर्ताले गरेका छन्। साथै, चीन र अमेरिकाको व्यापार सम्बन्धमा सुधार आउने अनुमान अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको छ। यसले सुनको मूल्य घट्न लागेको हो।



गत साता सोमबार (३ कात्तिक) सुनको मूल्य तोलामा दुई लाख ५३ हजार पाँच सय रुपैयाँसम्म पुगेको थियो। तिहारको सार्वजनिक बिदाका लागि एक साताजस्तो सुनको मूल्य समायोजन गरिएको थिएन। यसबिच अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य घटेको थियो। तिहारलगत्तै आइतबार खुलेको नेपाली बजारमा सुन प्रतितोला ११ हजार ६ सय रुपैयाँले घट्यो। सोमबार पनि प्रतितोला दुई हजार रुपैयाँ सस्तियो। बुधबार बस्ने भनिएको फेडको बैठकमा २५ आधार विन्दुले ब्याजदर घटाउने अनुमान गरिएको छ। अन्तर्राष्ट्रिय बजारमा सोमबार सुन प्रतिऔंस चार हजार २९ दशमलव ६९ अमेरिकी डलरसम्म कायम छ।

सुनको मूल्य बढ्दा नेपाली बजारमा पनि यसपालि सुनको माग ह्वात्तै बढेको छ। सुन थप महँगिँदै जाने डरले नेपाली बजारमा पनि सुनका गरगहनाको माग बढेको थियो। सुनको आपूर्ति बढाउन नेपाल राष्ट्र बैंकले सुन आयातको कोटा बढाएर २५ किलोसम्म पुऱ्याएको थियो। खासगरी भारतबाट सुनको तस्करी बढ्ने जोखिमलाई पनि मध्यनजर गरेर सुन आयातको कोटा बढाइएको थियो। विदेशी मुद्राको सञ्चिति अधिक मात्रामा रहेकाले सुन आयातको कोटा बढाउन केन्द्रीय बैंकलाई नीतिगत रूपमा सहज थियो। धनत्रयोदशीमा सुनका गरगहना किन्ने प्रचलनले पनि यो समयमा सुनको मागलाई बढाउन टेवा पुगेको थियो। चालू आर्थिक वर्षको तीन महिनामा ६ सय किलोबराबरको सुन आयात भएको भन्सार विभागको तथ्यांकले देखाएको छ।

कर्णाली प्रदेश सरकार
जलस्रोत तथा उर्जा विकास मन्त्रालय
खानेपानी, सिचाइ तथा उर्जा विकास निर्देशनालय
खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय
सिमकोट, हुम्ला

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८२/०७/११

प्रस्तुत बिषय सम्बन्धमा यस खानेपानी,सिंचाइ तथा उर्जा विकास कार्यालय सिमकोट, हुम्ला द्वारा ई-बिडिङ मार्फत मिति २०८२/०५/०२ मा प्रकासित र बोलपत्रको सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरूको मुल्याङ्कन गर्दा तपसिल बमोजिमको ठेक्काको तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राहि ठहरी स्विकृतीका लागि छनौट भई सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) एवं सम्बन्धित अन्य दफाहरूको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

सि. नं.	ठेक्का नम्बर	स्विकृतीका लागि छनौट भएको बोलपत्रदाताको नाम	कबोल रकम (भ्याट र एक बाहेक)	कैफियत
१	WIEDO/HUMLA/PWSP/O2/082-083 (Piplag Water Supply Project Chankheli -4 Humla)	श्री Nabadurga Construction Suppliers And Research Civil Center.	१६,५७,९२८।४०	
२	WIEDO/HUMLA/TWSP/O3/082-083 (Thana Water Supply Project Kharpunath -5 Humla)	श्री Nabadurga Construction Suppliers And Research Civil Center.	१५,९२,७३२।४०	

कार्यालय प्रमुख

क्रेडिट कार्डमार्फत हुने कर्जा प्रवाह घट्यो

वाणिज्य बैंकहरूले तीन लाख १७ हजार नौ सय ३० वटा क्रेडिट कार्ड जारी गरिसकेका छन्, उपभोगमुखी खर्चमा कमी आएका कारण एक महिनामा क्रेडिट कार्डमार्फत हुने कर्जा १८ करोड घट्यो

नयाँ पत्रिका

पछिल्ला तीन वर्षदेखि निरन्तर बढ्दै आएको क्रेडिट कार्डमार्फत हुने कर्जा प्रवाह चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो दुई महिनामा भने घटेको छ। नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार साउन महिनासम्म क्रेडिट कार्डमार्फत कर्जा प्रवाह ६ अर्ब ६६ करोड ४१ लाख ३६ हजार दुई सय ८८ रुपैयाँ पुगेको थियो। तर, भदौ महिनामा यो घटेर ६ अर्ब ४८ करोड १० लाख २१ हजार तीन रुपैयाँमा सीमित भएको छ।

यसरी एक महिनामै झन्डै १८ करोड रुपैयाँबराबरको कर्जा प्रवाह घटेको देखिन्छ। अघिल्ला वर्षहरूमा सहरी उपभोक्ताबिच क्रेडिट कार्डको प्रयोग तीव्र रूपमा बढे पनि हाल उपभोगमुखी खर्चमा कमी आएपछि यसको प्रत्यक्ष प्रभाव कर्जा प्रवाहमा देखिन थालेको हो। हालसम्म वाणिज्य बैंकहरूले तीन लाख १७ हजार नौ सय ३० वटा क्रेडिट कार्ड जारी गरिसकेका छन्। राष्ट्र बैंकको तथ्यांकअनुसार गत आर्थिक वर्ष ०८१/८२ को अन्त्यसम्म (असार मसान्तसम्म) क्रेडिट कार्ड कर्जा प्रवाह पाँच अर्ब ६६ करोड २२ लाख १६ हजार पाँच सय ५९ रुपैयाँ पुगेको थियो।

■ चालू आर्थिक वर्षको दुई महिनामा बैंकहरूले क्रेडिट कार्डमार्फत गरेको कर्जा प्रवाह

बैंकको नाम	कर्जा प्रवाह (रुपैयाँमा)
नेपाल बैंक	५३,०१०.२४
राष्ट्रिय वाणिज्य बैंक	१,६०,०६,७३२.६८
नबिल बैंक	१,२१७,७४४,१७७.४३
एनआइएमबी बैंक	२६१,३३७,६७६.४६
स्ट्यान्डर्ड चार्टर्ड बैंक	३५६,९७०,२९६.३५
हिमालयन बैंक	३५६,२०५,००१.५३
एभरेष्ट बैंक	११३,५९७,८७१.८७
एनआइसी एसिया बैंक	२४०,४८०,००६.६६
माछापुच्छ्रे बैंक	३२८,७७३,७२५.६५
कुमारी बैंक	७८७,४४८,३८५.२५
लक्ष्मी सनराइज बैंक	३२३,०६८,८७७.५५
सिद्धार्थ बैंक	८७५,६१२,०७३.०८
ग्लोबल आइएमई बैंक	५९६,४७०,२०९.६६
सिटिजन्स बैंक	२६६,३०९,१२३.०८
प्राइम कमर्सियल बैंक	२०९,०३६,६७२.७६
एनएमबि बैंक	२००,१७७,२८०.०५
प्रभु बैंक	१९२,४२१,०१२.०६
सानिमा बैंक	१३९,३०८,८७०.६८
जम्मा	१,६०३,७२३,१६८.२९

त्यसअघि ०८०/८१ मा यो चार अर्ब ५२ करोड ४१ लाख ३१ हजार तीन सय ४४ र ०७९/८० मा तीन अर्ब ५२ करोड ११ लाख ९५ हजार ४१ रुपैयाँ मात्र थियो।

नबिल बैंकले क्रेडिट कार्डमार्फत एक अर्ब २१ करोड ७७ लाख ४४ हजारको कर्जा प्रवाह गरेको छ। यसपछि दोस्रो स्थानमा सिद्धार्थ बैंकले ८७ करोड ५६ लाख १२ हजार कर्जा प्रवाह गरेको छ।

तेस्रो स्थानमा रहेको कुमारी बैंकको कर्जा प्रवाह ७८ करोड ७४ लाख ४८ हजार, ग्लोबल आइएमई बैंकले ५९ करोड ६४ लाख ७० हजार, स्ट्यान्डर्ड चार्टर्ड बैंकले ३५ करोड ६९ लाख ७० हजार र हिमालयन बैंकले ३५ करोड ६२ लाख पाँच हजारबराबरको कर्जा प्रवाह गरेका छन्।

एनआइसी एसिया बैंकले २४ करोड ४८ लाख, माछापुच्छ्रे बैंकले ३२ करोड ८७ लाख र लक्ष्मी सनराइज बैंकले ३२ करोड ३० लाखबराबरको क्रेडिट कार्ड कर्जा प्रवाह गरेका छन्। यस अवधिमा एभरेष्ट बैंक, सिटिजन्स, प्राइम कमर्सियल, एनएमबि, प्रभु र सानिमा बैंकलगायतले पनि उल्लेखनीय परिमाणमा क्रेडिट कार्ड कर्जा वितरण गरेका छन्। तर, नेपाल बैंक र कृषि विकास बैंकको कर्जा प्रवाह नगण्य रहेको देखिन्छ।

कम्पनीले आफ्नो जारी पूँजी रु.१,३०,८१,३७,१००।- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) को ४०% अर्थात् रु.५२,३२,५४,८००/- (बाउन्न करोड बत्तिस लाख चौवन्न हजार आठ सय) रकम बराबर रु.१००/अंकित दरका ५२,३२,५४८ (बाउन्न लाख बत्तिस हजार पाँच सय अठ्चालीस) कित्ता साधारण शेयर मध्ये २% अर्थात २,६१,६२७ कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि, ३८% अर्थात ४९,७०,९२१ कित्ता साधारण शेयरका १०% अर्थात ४,९७,०९२ कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि, ३% अर्थात १,४९,१२७ कित्ता साधारण शेयर कम्पनिका कर्मचारीहरुका लागि र ५% अर्थात २,४८,५४६ कित्ता साधारण शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरेको शेयर निष्कासन तथा बाँडफाँड गरे पश्चात बाँकी रहेको ४०,७६,१५६ (चालिस लाख छयत्तर हजार एक सय छपन्न) कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि धित्तोपत्र दर्ता निष्काशन नियमावली, २०७३ अधिनमा रही सार्वजनिक निष्काशन गरिएकोछ ।

दरखास्त दिनुपर्ने न्युनतम कित्ता : १० कित्ता **दरखास्त दिन पाउने अधिकतम कित्ता : ५०,००० कित्ता**

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा उद्योग विभागबाट इजाजत पत्र प्राप्त

एसवाई प्यानल नेपाल लिमिटेड
SY Panel Nepal Limited

रजिष्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालीका, वडा नं. ३२, तिनकुने, काठमाण्डौ, उद्योग कार्यालय :रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन,
फोन न.: ०१-४१११७०४, इमेल : synepal34@gmail.com , वेभसाइट : www.synepal.com

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
प्रति शेयर आम्दानी रु.	३.०७	४.८७	५.३५	८.८१	९.२१	१०.४३	१३.५४
प्रति शेयर नेटवर्थ रु.	९६.६३	१०१.२८	१०६.६१	११५.४२	११७.४६	१२७.८०	१४१.२४
संचित नाफा नोक्सान	(२२,४०६,९५२)	१०,०१०,७७१	५१,८८८,९८९	१२१,०३३,४१७	२२८,३४४,५६५	३६३,६७३,१६३	५३९,४३८,६२३

सर्वसाधारणको लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति :	२०८२/०७/१९
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/०७/२३ (बैकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/०८/०३ (बैकिङ्ग समय पश्चात्)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/– प्रति शेयरको दरले

क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड डिल्लीबजार ,काठमाडौंबाट इस्यूअर रेटिङ्ग गराई [ICRANP-IR] BB+ (Proo ed ICRA NP Issuer Ratig dob e B Plus) रेटिङ्ग प्राप्त गरेको छ । [ICRANP-IR] BB+ ले "Ca idered to h e Mde rate Risk 6 Default in th Timely Serv cig 6 Fin n ial Ob ig tin " रहेको जनाउँदछ। जसले कम्पनीको समयमै वित्तीय दायित्व पूरा गर्न मध्यम सुनिश्चितता रहेको जनाउंछ। ईक्रा नेपाल लिमिटेडल] [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ, [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने (जोड) वा (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मिति २०८२/०५/३१ **रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८३/०५/३०**

लगानी कर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

नेपाल धितोपत्र बोर्डबाट विवरण पत्रमा स्वीकृति प्राप्त मिति: २०८२/०५/१७, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०८२/०५/१९ गते

१. संस्थाको नाम: एसवाई प्यानल नेपाल लिमिटेड (SY Panel Nepal Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएका सो कुरा: कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

३. संस्थाको रजिष्ट्रर्ड ठेगाना: यस् कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. ३२, तिनकुने काठमाडौंमा रहेको छ। यस कम्पनीको उद्योग कार्यालय रत्ननगर नगरपालिका, वडा नं. १४, चितवनमा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान: यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. ३२, तिनकुने काठमाडौंमा रहेको छ। यस कम्पनीको उद्योग कार्यालय रत्ननगर नगरपालिका, वडा नं. १४, चितवनमा रहेको छ। हाल देशभर एसवाई प्यानलका करिब ५० भन्दा बढि सक्रिय डिलरहरु मार्फत कम्पनीले उत्पादन गरेको वस्तु बिक्री वितरण भई रहेको छ।

५. विदेशी लगानी स्वीकृती सम्बन्धमा :

विदेशी लगानी स्वीकृती दिने निकायको नाम, स्वीकृति प्रदान गरिएको मिति तथा संक्षिप्त विवरण निम्न अनुसार रहेको छ :
उद्योगको प्रकृति र लागत अनूसारको परियोजना प्रतिवेदन बनाई त्यसको लागत बमोजिम विदेशी शेयर खरिद सम्झौता गरी सो अनुसार वैदेशिक लगानी निम्न मितिमा उद्योग विभागबाट स्वीकृति लिई उक्त स्वीकृती बमोजिम परिवर्तित विदेशी मुद्रामा लगानी भित्राउन निम्नानुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृत एवम् लेखाङ्कन भएको छ।

उद्योग विभागबाट स्वीकृति मिति	विदेशी शेयरधनीहरु				
	एसवाई को. लि.(साविकको एसवाई प्यानल को. लि.)	बाङ योङ जाई	लि वा चुन	होङ योङ दोन	जम्मा रकम
२०७४।०३।१९	१२०,०००,०००/-	६०,०००,०००/-	६०,०००,०००/-	–	२४०,०००,०००/-
२०७४।०७।१७	१२०,०००,०००/-	-	-	-	१२०,०००,०००/-
२०७४।१०।०९	६०,०००,०००/-	३०,०००,०००/-	३०,०००,०००/-	-	१२०,०००,०००/-
२०७५।०२।२१	८०,०००,०००/-	-	-	१६०,०००,०००/-	२४०,०००,०००/-
२०७७।०३।०३	-	-	-	६०,१९१,३००/-	६०,१९१,३००/-
२०७९।०२।०५ (स्वीकृत मध्येबाट जफत गरिएको)	(४,५७२,७००/-)	(३०,०९५,७००/-)	(३०,०९५,६००/-)	(५३,५४५,०००/-)	(११८,३०९,०००/-)
२०७९।१२।१०	१२०,०००,०००/-	-	-	-	१२०,०००,०००/-
खुद स्वीकृत रकम	४९५,४२७,३००/-	५९,९०४,३००/-	५९,९०४,४००/-	१६६,६४६,३००/-	७८१,८८२,३००/-

६. संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

२०७२ सालको कहालीलाग्दो विनाशकारी भूकम्पपछि नेपालमा भएको लाखौं भौतिक संरचना ध्वस्त भई तत्काल भूकम्प प्रतिरोधात्मक संरचना बनाउनु पर्ने र भूकम्प पीडितहरुको यस एसवाई प्यानलको प्रविधि प्रभावकारी हुने निष्कर्ष निकाली वि.स. २०७४ साल असार २० गते कम्पनी दर्ता भई केन्द्रिय कार्यालय काठमाडौं र फ्याक्ट्री चितवनमा स्थापना गरेर काम सुरु भएको हो। मार्केटिङ टिम र सामाजिक सञ्जालबाट नेपाली बजारमा प्यानलको मार्केटिङ गरि यस कम्पनीका कर्मचारीहरूको अथा मिहिनेतले ७ वर्षको अवधिमा नेपालमा प्यानलको मागले फड्को मारेको छ। हाल देशभर एसवाई प्यानलका करिब ५० भन्दा बढि सक्रिय डिलरहरु छन्। उनीहरूको माध्यमबाट विभिन्न संघ संस्था तथा व्यक्तिहरुको लागि संरचना बनाउने काम भइरहेको छ।

कम्पनीको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) श्री एसवाई प्यानल नेपाल लिमिटेडको कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०७४ असार २० मा संस्थापक एसवाई को. लिमिटेड (तत्कालिन एसवाई प्यानल को लिमिटेड) दक्षिण कोरिया, दक्षिण कोरियन नागरिक बाङ योन जाई र दक्षिण कोरियन नागरिक लि वा चुनको अगुवाईमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी हो।
(२) स्यान्डविच इपिएस प्यानल र यूपिभिसि झ्याल तथा ढोका उत्पादन गर्ने उद्देश्यले क्रमश मिति २०७४।०४।१२ र २०७४।०७।२० दुई फरक ईकाइको रुपमा उद्योग दर्ता भई हाल उत्पादन गर्दै आइरहेको।
(३) संगठित संस्थाले नेपाली नागरिकहरु संस्थापक शेयरधनीमा भित्राई मिति २०७९ साल असार ८ गते प्रा. लि. बाट पब्लिक कम्पनीको रुपमा दर्ता भई कम्पनी ७ जना संस्थापक शेयरधनी रही हाल सार्वजनिक शेयर निष्काशन गर्ने क्रममा रहेको।
(४) संगठित संस्थाले आफ्नो लगानी विविधिकरण रणनीति अनुरुप थप अन्य क्षेत्रमा लगानी भएको जस अनुरुप पौष मसान्त २०८० सम्ममा एस.वाई. बजार प्रा. लि. र एस. वाई. यु. पि. भि. सि प्रोफाइल प्रा. लि. मा लगानी रहेको।
(५) यस कम्पनीले निम्न अनुसारको वस्तु उत्पादन गरी बजारमा बिक्री वितरण गरिरहेको छ ।

क. ईपीएस स्यान्डवीच प्यानल (EPS Sandwich Panel)

यस कम्पनीले उत्पादन मध्ये पहिलो प्यानल ईपीएस स्यान्डवीच प्यानल हो। रुफतर्फ ४० एमएमदेखि १५० एमएमसम्म, वाल र पार्टिसनका लागि ५० देखि १५० एमएमसम्मको आकारको प्यानल बन्छ। प्यानलको वाल र रुफको चौडाइ १ मिटरको हुन्छ भने लम्बाइ इच्छा अनुसारको बनाउन सकिन्छ। ईपीएस प्यानल पनि दुई प्रकारको छ। एउटा आगोसँग प्रतिरोध गर्ने र अर्को नगर्ने हुन्छ जसको मूल्य पनि फरक पर्छ। विभिन्न कलर र डिजाइनमा ईपीएस प्यानल अन्तर्गत नै रुफिङ सिट र वाल प्यानल सिट पनि उत्पादन हुन्छ। यो प्यानल वातवरण मैत्री, हावा प्रदूषण नहुने, रिसाइकल गरी पुनः प्रयोगसमेत गर्न मिल्ने हुन्छ। प्यानलमा इन्सुलेसन सहितको तीन तहको सिस्टम हुन्छ, तल र माथि मेटल सिट र बीचमा इन्सुलेसनको तह हुन्छ। इन्सुलेसनले बाहिरको तातो र चिसोलाई भित्र पस्न रोक्छ। त्यसैले यो प्यानल उपभोक्ताले बढी रुचाएका छन्। कम तौल भएकोले सानो पिल्लरले धान्न सक्छ। यो प्यानल हलुका भएकाले एक ठाउँबाट अर्को ठाउँमा लैजान सहज हुने भएकोले हिमाल, पहाड, तराई जहाँ गाडीको सुविधा छैन भने बोकेर पनि लैजान सकिने प्यानल हो।

ख. पफ प्यानल (PUF Panel)

पफ प्यानलमा पोलियुराथिन रसायन थर्मल इन्सुलेसनको रुपमा प्रयोग गरी उत्पादन हुने भएकोले यो प्यानल ईपीएस स्यान्डवीच प्यानल ईपीएसभन्दा दोब्बर तौलको हुन्छ, घनत्व बढी हुन्छ। पफ प्यानल अरुभन्दा इन्सुलेन राम्रो दिने भएकाले कोल्डस्टोर र खाद्य स्टोरमा प्रयोग धेरै हुने गरेको छ। उचित तापक्रम पनि कायम गर्ने भएकाले घरहरू पनि बनाउन राम्रो हुन्छ। अरु विशेषता भनेको ईपीएस प्यानलको जस्तै हो।

ग.युपिभिसी झ्याल

हाल यस कम्पनीले युपिभिसी झ्यालहरुको प्रोफाईल कोरियाबाट आयात गरी ग्राहकहरुको आवश्यकता तथा ईच्छा अनुसार बनाई प्यानल संरचनाहरुमा जडान गर्ने गरिन्छ। काठको बढदो मूल्यको कारणले युपिभिसी झ्यालको माग नेपालमा अत्याधिक बढेको छ। विभिन्न कम्पनीहरुले युपिभिसी प्रोफाईल विदेशी मुलुकबाट आयात गर्ने गरेकोमा यस कम्पनीले एस वाई युपिभिसी प्रोफाईल प्रा.लि. नामको सहायक कम्पनीको स्थापना गरी युपिभिसी प्रोफाईल नेपालमा नै उत्पादन गर्ने लक्ष्यका साथ कार्य अगाडी बढाईएको र यस कम्पनीको प्राथमिक शेयर निष्काशनबाट प्राप्त हुने रकम उक्त कम्पनीमा लगानी गर्ने लागेको हो। जसले गर्दा नेपालीले रोजगार पाउने र गुणस्तरीय युपिभिसी पनि कम मूल्यमा पाइन्छ। नेपालमा उत्पादन गरेपछि युपिभिसी भारत र बंगलादेशमा पनि निर्यात गर्ने लक्ष्य रहेको छ।

घ. ढोका

हाल यस कम्पनीले दुई किसिमको ढोका उत्पादन गर्दछ। प्यानल ढोका र स्टिलको ढोका। प्यालन ढोका ईपीएसबाट नै बनाइएको हुन्छ। यो स्टिलभन्दा सस्तो र तौल पनि कम हुन्छ। स्टिलको ढोका भने मुल ढोकामा प्रयोग गरिन्छ। काठको भन्दा धेरै बलियो पनि हुन्छ। आगोले पनि भेट्न सक्दैन। कोल्ड रुमको ढोका पफ प्यानलको उत्पादन भएपछि बनाउन थालिएको हो। कोल्ड रुममा हावा लिक नहोस् भनेर पफको बनाइन्छ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(क) विभिन्न किसिमका स्यान्डवीच प्यानल (जस्तै : ई.पि.एस, प्यानल, नन बर्न (एफआर ३ प्यानर, पोलीयूरिथेन प्यानल, पफ प्यानल, ग्लास उल पयानल) तथा रंगीन जस्ता पाताको उत्पादन गर्ने, (To manf acture ad run the production of different types of Sandwich Panel -like Expandable Polystyrene -EPS) Panel, Non Burn-FR3 panel, Polyurethane Panel, Puff Panel, Glass Wool Panel) and Corrugated Colour Sheet .)
(ख) UPVC Windows बलम म्ययचक उत्पादन गर्ने।

दफा ५ मा उल्लेख भएका कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद/बिक्रि गर्ने वा भाडामा लिइ प्रयोग गर्ने,
(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निधारण गर्ने,
(ग) कम्पनीको नाममा बैंक तथा वित्तिय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,
(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तिय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने,
(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने।
(च) अन्य आवश्यक काम कुराहरु :

१. कम्पनीको कार्यको लागि आवश्यक पर्ने मेशिनरी उपकरण तथा आवश्यक औजार सामग्रीहरु एवं जग्गा तथा जनशक्तिको उचित व्यवस्था गर्नेछ।
२. कम्पनीको नामबाट विभिन्न प्रकारका बिलहरु जस्तै लेटर अफ क्रेडिट, ड्राफ्ट, ग्यारेन्टी स्वीकृत गर्न, जारी गर्न तथा दरपीठ गर्न सक्नेछ।
३. चुस्त प्रशासनिक व्यवस्थापन गर्न, अनुशान कायम गर्न, आर्थिक सुशासन कायम गर्न, विभिन्न प्रकारका कोषहरु व्यवस्था गरी संचालन गर्न विनियमहरु बनाउने र लागु गर्न सक्नेछ।
४. कम्पनीले आवश्यकता अनुसार संचार माध्यममा विज्ञापन गराउन सक्नेछ।
५. कम्पनीले कोटेशन, टेण्डर, बिड, अमानत वा कुनै प्रकारको करार, सम्झौता, शर्त कबुल गर्न गराउन सक्नेछ। संकलित, उत्पादन, खरिद सेवा, वस्तुहरु, सामानहरु सर्वसुलभ तरिकाबाट सेवा प्रदान गर्ने, विक्रि वितरण गर्न एजेन्ट, डिस्ट्रिब्यूटर डिलर नियुक्त गर्न सक्नेछ।
६. कम्पनीले व्यक्ति, संघ, संस्था, कम्पनी, सरकार (विभिन्न निकाय) संग/बाट प्रविधि वा प्राविधिकहरुको सेवा उपलब्ध गर्न र गराउन सक्नेछ।
७. कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेशिनरी,भवन लगायत सबै प्रकारको सम्पत्तिहरुको बिमा गराउन सक्नेछ। कम्पनीले आवश्यक ठानेमा संचालक समिति वा साधारण सभाले निर्णय वा प्रस्ताव गरी कर्मचारी र संचालनहरु समेतको जीवन बिमा गराउन सक्नेछ।
८. स्वीकृति लिनुपर्नेमा सम्बन्धित निकायबाट स्विकृत लिई यस कम्पनीमा अन्य प्रविधि हस्तान्तरण वा खरिद विदेश विदेशी लगानी तथा संयुक्त लगानी गर्न सक्नेछ।
९. कम्पनीको मौज्दातमा रहेको कम्पनीलाई तुरुन्त आवश्यक नपर्ने कम्पनीको रकमहरु लगानी गर्ने, बैंकमा जम्मा गर्ने सो असूल उपर गर्न सक्नेछ।
१०. कम्पनीको व्यापारिक हित र संरक्षणको लागि डिजाइन, टेड्मार्क, ट्रेडनेम दर्ता गराउने र प्रचलित राष्ट्रिय र अन्तराष्ट्रिय कानुनबाट प्राप्त हक अधिकार , सेवा सुविधा उपलबध गर्ने र उपयोग गर्नेछ।
११. कम्पनीको उद्देश्य पुरा गर्न सहायक हुने अन्य कार्यहरु गर्ने, गराउने।

७. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सीमित छ। यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम् रकमसम्म मात्र सीमित रहनेछ ।

८. सकारात्मक पक्षहरुः

१) दक्षिण कोरियाको प्रतिष्ठित सूचीकृत कम्पनी एसवाई को., लि.को संस्थापक हुनका साथै अन्य संस्थापकहरु पनि दक्षिण कोरियाको सफल व्यवसायीहरु रहेको,
२) कम्पनी तथा व्यवस्थापनमा दक्ष एवं अनुभवी जनशक्ति रहेकोले कम्पनी अन्तर्गत रहेका सबै कार्ययोजनाहरु सफल हुने अपेक्षा गरिएको,
३) कम्पनीमा रहेका विभिन्न पदका व्यक्तिहरुलाई बहुआयामीक तालिम तथा प्रशिक्षण प्रदान गरी व्यवसाय वृद्धि गर्न कम्पनी तत्पर रहेको छ।

९. धितोपत्र जारी गर्नुको उद्देश्य :

एसवाई प्यानल नेपाल लिमिटेडले सर्वसाधारमा शेयर निष्काशन गर्ने मुख्य उद्देश्य निम्न अनुसार रहेको छ।
१. व्यवसाय विस्तार : यस पूँजीले कम्पनीले आफ्नो मुख्य कम्पनीसंगको सहकार्यमा नयाँ युपिभिसि उद्योगको स्थापना गरी युपिभिसि प्रोफाइल उत्पादन गर्न सहयोग गर्नेछ, जसले ठूलो आयातमुखी बजारलाई स्वदेशी विकल्प प्रदान गर्नेछ।
२. सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व : सर्वसाधारणको लागि शेयर जारी गरी संगठित संस्थामा उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य राखिएको छ, जसले समावेशिता र साझेदारीलाई प्रवर्द्धन गर्नेछ।
३. वृद्धि दर प्रवर्द्धन : बलियो पूँजी आधारका साथ, कम्पनीले आफ्नो वृद्धि दरलाई तीव्र बनाउन चाहन्छ, उच्च गुणस्तरका प्यानल बजारमा उपलब्ध गराउँदै नेपालको प्यानल उद्योगमा योगदान गर्ने लक्ष्य राखेको छ।
यस रणनीतिक कदमले कम्पनीको वित्तीय आधार बलियो बनाउनुका साथै पारदर्शिता र समावेशिताको साथ दीर्घकालीन वृद्धिको दृष्टिकोणलाई समर्थन गर्नेछ।

१०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण ।
निष्काशित रकम तपसील बमोजिमको कार्यमा प्रयोग गरिनेछ।

सि.नं.	विवरण	रकम (रु)
१	एस. वाई. यु.पि.भि.सि. प्रोफाइल प्रा.लि. मा शेयर लगानी	रु. ३९०,०००,००० /-
२	एसवाई प्यानल नेपाल लिमिटेडको चालु पूँजी व्यवस्थापन	रु. १३३,२५४,८०० /-
	जम्मा	रु. ५२३,२५४,८०० /-

कम्पनीले सार्वजनिक निष्काशनबाट प्राप्त भएको रकम मध्येको केही रकम चालु पूँजी व्यवस्थापनको लागि उपयोग गर्ने भएकोले उक्त चालु पूँजी व्यवस्थापनमा प्रयोग हुने रकमको सम्बन्धमा अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलानामा कम्पनीको व्यापार विस्तारका लागि यस आर्थिक वर्ष २०८२/८३ का लागि प्रक्षेपित चालु पूँजी रु १३३,२५४,८००/- रकम आवश्यकता रहनेछ। उक्त रकम व्यापार प्राप्तिको व्यवस्थापनको र स्टक मौज्दात व्यवस्थापनको लागी प्रयोग हुनेछ। कम्पनी सञ्चालनको लागि समय समयमा व्यापारको आकार अनुसार चालु पूँजी व्यवस्थापन वापतको रकम आवश्यका पर्ने हुन्छ ।

११. पूँजी संरचना सम्बन्धी जानकारीः

(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

- **अधिकृत पूँजी** : यस कम्पनीको हाल अधिकृत पूँजी रु.१,३०,८१,३७,१००/- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,३०,८१,३७१ (एक करोड तिस लाख एकासी हजार तीन सय एकहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी** : यस कम्पनीको तत्काल जारी पूँजी रु.१,३०,८१,३७,१००/- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) रहेको छ। उक्त पूँजीलाई रु.१००/-का दरले १,३०,८१,३७१ (एक करोड तिस लाख एकासी हजार तीन सय एकहत्तर) थान शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी** : यस कम्पनीको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु.७८,४८,८२,३००/- (अठहत्तर करोड अठचालिस लाख बयासी हजार तिन सय) रहेको छ जसलाई रु.१००/- का दरले ७८,४८,८२३ (अठहत्तर लाख अठचालिस हजार आठ सय तेइस) थान शेयरमा विभाजन गरिएको छ ।

१२. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख गरिएको शेयर पूँजीमध्ये संस्थापक शेयरधनी तथा तपसील बमोजिम अन्य समूहहरुमा धितोपत्र निष्काशन भई बाँडफाँट भए पश्चात् कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहनेछ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी संरचना	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	७८,४८,८२३	६०	७८,४८,८२,३००/-	शत प्रतिशत भुक्तानी भएको
ख	सर्वसाधारण समूह	५२,३२,५४८	४०	५२,३२,५४,८००	निष्काशन पश्चात शत प्रतिशत भुक्तानी हुने
	जम्मा	१,३०,८१,३७१	१००	१,३०,८१,३७,१००/-	

१३. संस्थापक/संचालक सम्बन्धी जानकारी :

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	कार्य अनुभव	प्रस्तावित व्यापार/ व्यवसायको अनुभव
१	श्री एसवाई को. लिमिटेड	संस्थापक शेयरधनी	-	दक्षिण कोरीयनमा दर्ता भएको कम्पनी	४,९५४,२७३	लागु नहुने	सन् २००० साल देखि दक्षिण कोरियामा दर्ता स्यान्डविच प्यानलका साथै अन्य थुप्रै उद्योग संचालनको अनुभव रहेको।	–
२	श्री लि वा चुन	संस्थापक शेयरधनी	५८	दक्षिण कोरीयन	५,९९,०४४	स्नातक (सार्वजनिक प्रशासन)	ससाङ्गयोङ्ग इन्डष्ट्रीको भूतपूर्व प्रमुख कार्यकारी अध्यक्ष रही छ वर्षको कार्य अनुभव, हाल एसवाई प्यानल नेपालको संचालक।	–
३	श्री बाङ योङ जाई	संस्थापक शेयरधनी	७०	दक्षिण कोरीयन	५,९९,०४३	स्नातक (सार्वजनिक प्रशासन)	फुङ्गसान मेटल इन्डष्ट्रीको पूर्व लेखा रही दस वर्षको कार्य अनुभव, सिमु इन्डष्ट्री को. को भूतपूर्व प्रमुख कार्यकारी अध्यक्ष रही आठ वर्षको कार्य अनुभव, हुन्डाई केमिस्ट्री इन्डष्ट्रीको भूतपूर्व प्रमुख कार्यकारी अध्यक्ष रही दस वर्षको कार्य अनुभव, हाल एसवाई प्यानल नेपालको संचालक।	–
४	श्री होङ योङ दोन	संस्थापक शेयरधनी	६१	दक्षिण कोरीयन	१६,६६,४६३	एम.ए (अर्थशास्त्र)	एसवाई को. लि.(साविक ससाङ्योङ्ग इण्डस्ट्रियल को. लि),कोरिया, एसवाई प्यानल को. लि., कोरियाको प्रतिनिधि निर्देशक, एसवाई टेक को. लि., कोरियाको प्रतिनिधि निर्देशक भई कार्य गरेको ३ वर्षको अनुभव, एसवाई इन्डस्ट्री को. लि.को प्रतिनिधि निर्देशक भई कार्य गरेको ३ वर्षको अनुभव, एसवाई को. लि. (साविक एसवाई प्यानल को. लि.) मुख्य कम्पनीको संस्थापक जस अन्तर्गत कोरियामा स्थापना भएको सहायक कम्पनी एसवाई कोरनिङ्ग को. लि., एसवाई स्टील टेक को. लि., एसवाई इन्जीनियरीङ्ग को. लि., एसवाई बिल्ड को. लि.,एसवाई केमीकल को. लि.को संस्थापक; विभिन्न देशमा स्थापना भएको सहायक कम्पनी एसवाई भिना एसवाई प्यानल भिना, एसवाई स्टील भिना (भियतनाम), पी टी केनकाना एसवाई बीलड (इनडोनेसिया), एस एन सी (चीन), एस वाई इनडस्ट्रीज को. लि.(कम्बोडिया), एसवाई प्यानल नेपाल लि. (नेपाल) को संस्थापक, हाल एसवाई ग्रुपको अध्यक्ष भई ३२ वर्षको विभिन्न उधोग, व्यापारको कार्यानुभव।	–

सञ्चालकहरुको विवरण :

सि.नं.	नाम, पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	कार्य अनुभव	प्रस्तावित अनुभव
१	श्री होङ योङ दोन अध्यक्ष	६१	दक्षिण कोरियन	१०६-६०४ विश्व मेरडियांग ३७३ क्वेन्क्वाङ-रोपालदल-गु सुवोन शहर, दक्षिण कोरिया	१६,६६,४६३	एम.ए (अर्थशास्त्र)	एसवाई को. लि.(साविक ससाङ्योङ्ग इण्डस्ट्रियल को. लि.), कोरिया, एसवाई प्यानल को. लि., कोरियाको प्रतिनिधि निर्देशक, एसवाई टेकको लि., कोरियाको प्रतिनिधि निर्देशक भई कार्य गरेको ३ वर्षको अनुभव, एसवाई इन्डस्ट्री को. लि.को प्रतिनिधि निर्देशक भई कार्य गरेको ३ वर्षको अनुभव, एसवाई को. लि. (साविक एसवाई प्यानल को. लि.) मुख्य कम्पनीको संस्थापक जस अन्तर्गत कोरियामा स्थापना भएको सहायक कम्पनी एसवाई कोरनिङ्ग को. लि., एसवाई स्टील टेक को. लि., एसवाई इन्जीनियरिङ्ग को. लि., एसवाई बिल्ड को. लि., एसवाई केमीकल को. लि.को संस्थापक; विभिन्न देशमा स्थापना भएको सहायक कम्पनी एसवाई भिना एसवाई प्यानल भिना, एसवाई स्टील भिना (भियतनाम), पी टी केनकाना एसवाई बीलड (इनडोनेसिया), एस एन सी (चीन), एस वाई इनडस्ट्रीज को. लि. (कम्बोडिया), एसवाई प्यानल नेपाल लि. (नेपाल) को संस्थापक, हाल एसवाई ग्रुपको अध्यक्ष भई ३२ वर्षको विभिन्न उधोग,व्यापारको कार्यानुभव।	
२	श्री छोइ दोङ इल प्रबन्ध संचालक	५८	दक्षिण कोरियन	५०२-१४०१ मानव सागर अपार्टमेन्ट, गेममाम भिलेज, ६० योगेसन-रो, ओसान-सी, म्योंगी-डी, हाल काठमाडौंमा बस्ने, भंगाल।	एसवाई को. लिमिटेड, दक्षिण कोरियाको तर्फबाट प्रतिनिधि	स्नातक (वाणिज्य र व्यापार)	कोरियन इन्स्टिच्युट अफ आर्किटेक्ट्समा आर्किटेक्ट एक्जाम म्यानेजमेन्टका लागि टिम लिडरको रुपमा १४ वर्षको अनुभव, कोरियन इन्स्टिच्युट अफ आर्किटेक्ट्समा आर्किटेक्ट रेजिस्ट्रटनको म्यानेजरको रुपमा १ वर्षको अनुभव, कोरियन इन्स्टिच्युट अफ आर्किटेक्ट्समा प्लानिङ एण्ड पब्लिक रिलेसन म्यानेजरको रुपमा १ वर्षको अनुभव, एसवाई बिजनेस म्यानेजमेन्टको डाइरेक्टरमा ५ वर्षको अनुभव, हाल एसवाईको कार्यकारी निर्देशक र एसवाई प्यानल नेपाल लिमिटेडका लागि कर्पोरेसन हेड (एसवाई कम्पनी लिमिटेड, कोरियाको प्रतिनिधि) को रूपमा कार्यरत छन्।	
३	श्री लि वा चुन संचालक	५८	दक्षिण कोरियन	१७७३१,१०१९-४०१ कोलोनहाहुल्वे अपार्टमेंट, चुदाम-रो, प्योंगतेक्सी, म्योंगगी-डो, दक्षिण कोरिया	५,९९,०४४	स्नातक (सार्वजनिक प्रशासन)	ससाङ्गयोङ्ग इन्डष्ट्रीको भूतपूर्व प्रमुख कार्यकारी अध्यक्ष रही छ वर्षको कार्य अनुभव, हाल एसवाई प्यानल नेपालको संचालक।	
४	श्री महेश्वर कर्माचार्य संचालक	३९	नेपाली	काठमाडौं महानगरपालिका ०५, काठमाडौं	१०,०००	उच्च शिक्षा (१०+२)	स्वस्तिक सेभिङ्ग एण्ड क्रेडिट सहकारी लि.मा ४ वर्षको लेखा प्रबन्धकको अनुभव, कोरियामा सामन सानब कम्पनीको उद्योगमा ५ वर्षको कार्यअनुभव र हाल एसवाई प्यानल नेपाल लि. मा पांच वर्ष देखि कार्य अनुभव रहेको र कम्पनीको संचालकमा नियुक्त रहेको।	
५	डा. नवराज पन्त स्वतन्त्र संचालक	५७	नेपाली	च्यास मार्ग ४३, सामाखुसी, काठमाण्डौं	-	होटेल र पर्यटन व्यवसायमा विधावारीधि	सूर्य ट्राभल्समा कोरियन टुर गाइडको रुपमा २० वर्षको अनुभव, कोरियाको गिम्चियोन युनिभर्सिटीमा पूर्व प्राध्यापकको रुपमा २० वर्षको अनुभव, पिक्शीब लभुब (Pik h iv Lub) को अन्तर्राष्ट्रिय परामर्शदाताको रुपमा २० वर्ष, विभिन्न कोरियाली विश्वविद्यालयमा भिजिटिङ प्रोफेसरको रुपमा १६ वर्षको अनुभव।	

१४. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्थाअनुसार एक जना महिला सहित ७ जना संचालक सदस्य रहेको संचालक समिति रहने व्यवस्था छ। संचालक समितिमा संचालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ। संचालक पद रिक्त हुन आएमा जून वर्गबाट प्रतिनिधित्व गरेको संचालकको पद रिक्त हुन आएको हो सोही वर्गबाट सो रिक्त संचालक पदमा पदपूर्ति गरिनेछ ।

संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित	४ (चार) जना
सर्वसाधारण शेयरधनीहरुबाट मनोनित वा निर्वाचित	२ (दुई) जना
स्वतन्त्र संचालक	१ (एक) जना
जम्मा संचालक	७ (सात) जना

संचालक समितिको गठन कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार गरिएको छ। संचालकहरूको कार्यकाल ४ (चार) वर्षको हुनेछ। यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार यस कम्पनीको संचालकको पदमा नियुक्त हुनको लागी कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ। तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन।

१५. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरणः

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या
१	शशी साह	जनरल निर्देशक	समाजशास्त्रमा स्नातकोत्तर र सिभिल इन्जिनियरिङ्गमा स्नातक तह	२०८१।०३।१७	- युनाइटेड नेशन्स डेभलपमेन्ट प्रोग्राममा इन्जिनियरको रुपमा दुई वर्षको कार्य अनुभव - नेपाल पुनर्निर्माण प्राधिकरणमा सिभिल इन्जिनियरको रुपमा ४ वर्ष कार्य अनुभव - एसवाई प्यानल नेपाल प्रा.लि. कम्पनीमा मिति २०७७।०३।२१ देखि ईन्जीनियरको रुपमा आफ्नो कार्यभार सम्हाली कम्पनीमा प्रवेश - मिति २०७९।०९।११ मा श्री एसवाई प्यानल नेपाल लि.मा प्राविधिक महाप्रबन्धकमा पदोन्नती - मिति २०८१।०३।१७ देखि जनरल निर्देशकको पदमा नियुक्त भई हाल जनरल निर्देशकको पदमा पदोन्नती भई सोही पदमा कार्यरत रही आएको।	नरहेको
२	खड्ग बहादूर जिम्बा	मार्केटिङ्ग निर्देशक	एस.एल.सी	२०८०।०९।१०	साविक शुभ बिहानी एजुकेशन कन्सलटेन्सी (हाल आर्शिवाद एजुकेशन कन्सलटेन्सी) मा प्रबन्ध निर्देशक एवं परामर्शदाताको रुपमा कार्यरत कार्य अनुभव रहेको। - आहना नेपाल फाउन्डेसन र भोलुनटेयर कर्पस नेपालमा लामो समय देखि सामाजिक अभियन्ताको रुपमा आबद्ध भई सामाजिक कार्यहरु गरि आएको। - घिसिङ्ग कन्सट्रक्सन प्रा.लि.मा मार्केटिङ र साईट इन्चार्जको रुपमा कार्य अनुभव रहेको। - एसवाई प्यानल नेपाल प्रा.लि. कम्पनीमा मिति २०७५।११।२८ देखि मार्केटिङ अफिसरको रुपमा प्रवेश। - मिति २०७९।०९।११ मा श्री एसवाई प्यानल नेपाल लि.मा मार्केटिङ महाप्रबन्धकमा नियुक्त। - मिति २०८०।०९।१० मा मार्केटिङ निर्देशकमा नियुक्त भई हालको मिति सम्म सोही पदमा कार्यरत रही आएको।	नरहेको
३	विमल राज गोसाइ	डिजिटल निर्देशक	सिभिल इन्जिनियरिङ्गमा स्नातक तह (चालु)	२०७९।०९।११	- जयसिजमा सहायक प्राध्यापकको रुपमा एघार महिनाको कार्य अनुभव - राष्ट्रिय योजना आयोगमा प्राविधिकको रुपमा ४ महिनाको कार्य अनुभव - इन्टरनेशनल ग्रीन डेभलपर्स प्रा. लि. मा सेल्स र मार्केटिङ्ग म्यानेजरको रुपमा ४ वर्षे कार्य अनुभव - एसवाई प्यानल नेपाल प्रा.लि. कम्पनीमा मिति २०७६।०५।१६ देखि मार्केटिङ सेल्स अफिसरको रुपमा आफ्नो कार्यभार सम्हाली कम्पनीमा प्रवेश - मार्केटिङ महाप्रबन्धकमा पदोन्नती भई मिति २०७९।०९।११ मा एसवाई प्यानल नेपाल लि.मा मार्केटिङ डिभिजन निर्देशकमा नियुक्त भई हालको मिति सम्म सोही पदमा कार्यरत रही आएको ।	नरहेको
४	दिपक लुङ्गेली मगर	मार्केटिङ्ग निर्देशक	प्राथमिक शिक्षा हासिल	२०८०।०९।१०	- डेवू इन्जीनियरिङ्ग एण्ड कन्सट्रक्सन को. लि. दुबाई (Daewoo Engineering and Construction Limited, Dubai) को पफ प्यानल डिर्पाटमेन्टमा सुपरभाईजरको रुपमा ४ वर्षको कार्य अनुभव। -एसवाई प्यानल नेपाल प्रा.लि. कम्पनीमा मिति २०७६।०५।१५ देखि मार्केटिङ्ग अफिसरको रुपमा आफ्नो कार्यभार सम्हाली कम्पनीमा प्रवेश गरि मार्केटिङ्ग व्यवस्थापकमा पदोन्नती -मिति २०७९।०९।११ देखि श्री एसवाई प्यानल नेपाल लि.मा मार्केटिङ महाप्रबन्धकमा नियुक्त - मिति २०८०।०९।१० मा मार्केटिङ निर्देशकमा नियुक्त भई हालको मिति सम्म सोही पदमा कार्यरत रही आएको।	नरहेको
५	अनिल सापकोटा	फ्याक्ट्री निर्देशक	उच्च माध्यामीक शिक्षा	२०८०।०९।१०	- सिओडलिम लाईभस्टक को. कोरियामा ४ वर्षको कार्य अनुभव रहेको। - मिति २०७६।१२।०९ मा एसवाई प्यानल नेपाल प्रा.लि.मा मार्केटिङ अफिसरको रुपमा कार्यभार सम्हाली कम्पनीमा प्रवेश भई फ्याक्ट्री म्यानेजरमा पदोन्नती - मिति २०७९।०९।११मा श्री एसवाई प्यानल नेपाल लि. मा फ्याक्ट्री महाप्रबन्धकको पदमा पदोन्नती - मिति २०८०।०९।१० मा फ्याक्ट्री डाइरेक्टरको पदमा नियुक्त भई हालको मिति सम्म सोही पदमा कार्यरत रही आएको।	नरहेको
६	गार्गी श्रेष्ठ	कम्पनी सचिव	बि.ए एल.एल.बी	२०७८।१०।१८	- सेन्टर फोर माइग्रेसन एण्ड इन्टरनेशनल रिलेशनमा प्रोग्राम एशोसिएटमा ३ महिनाको कार्य अनुभव - कर्पोरेट कौन्सेलिङ्ग एण्ड रिसर्च सेन्टर, काठमाडौंमा कानुन सहयोगीको रुपमा १ वर्षको कार्य अनुभव - सरल ल फर्ममा एडभोकेटको रुपमा २ वर्षको कार्य अनुभव - २०७८।१०।१८ मा कानून अधिकृतको पदमा कम्पनीमा प्रवेश - मिति २०७९।११।१९ देखि एसवाई प्यानल नेपाल लि. मा कम्पनी सचिवको पदमा नियुक्त भई हालको मिति सम्म सोही पदमा कार्यरत रहि आएको ।	नरहेको

१६. सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

वासलात

पूँजी तथा दायित्व	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. २०७८/२०७९	आ.ब.२०७९/०८०	आ.ब.२०८०/०८१	आषाढ मसान्त २०८२	आ.ब.२०८२/०८३	आ.ब.२०८३/०८४	आ.ब.२०८४/०८५
	रकम रु.	रकम रु.	रकम रु.	रकम रु.	रकम रु.	रकम रु.	रकम रु.
सम्पत्ति							
गैर चालु सम्पत्ति							
गुडविल	-	-	९,२०८,५०५				
सम्पत्ति, मेशिनरी तथा उपकरण	३५०,८११,९०८	४३०,३११,५९९	५३८,०३६,४२५	५८२,६२२,६८६	५७३,०७१,८३३	५५०,०५३,३८७	५२७,४२३,४९८
अमुर्त सम्पत्ति	८०,०००	५२,०००	६,१०६,१५६	१३२,०००	८०,०००	४०,०००	-
वित्तीय सम्पत्ती			-				
लगानी गैर चालु	-	-	-	४२,५००,०००	४३२,५००,०००	४३२,५००,०००	४३२,५००,०००
स्थगन कर सम्पत्ति	-	-	-	-			
प्रयोगको अधिकार (राइट अफ युज) सम्पत्ति	१३,२४६,९१२	३,६४३,१९०	२,३७३,२९७	१,२५२,८०८	१३२,३२२	२४,१७४	८,०५८
अन्य गैर चालु सम्पत्ति	३,११४,८१८	३,११४,८१८	३,१७५,३१६	३,११५,८१८	४५,०००	४५,०००	४५,०००
जम्मा गैर चालु सम्पत्ति	**३६७,२५३,६३८**	**४३७,१२१,६०६**	**५५८,८९९,६९८**	**६२९,६२३,३१२**	**१,००५,८२९,१५४**	**९८२,६६२,५६१**	**९५९,९७६,५५६**
चालु सम्पत्ती							
स्टक मौजदात	२१९,७०५,२९९	२०३,००४,७०३	१८०,०९८,५७६	२०४,२१६,९१२	२२४,६३८,६०३	२६९,५६६,३२४	२५६,०८८,००८
पुर्व भुक्तानी	९८०,७७८	९५९,८८३	३,१२५,८७३	२२,०७१,७६४	३,४४९,०९१	३,९६६,४५४	४,५६१,४२३
अन्य चालु सम्पत्ति	१,८०९,३००	२,२७७,३४६	३,६८२,७९३	-	-	-	-
वित्तीय सम्पत्ती							
ऋण तथा पेश्की	१०८,२५८,७७३	९२,१५३,६१९	१३९,१२७,२१७	२०,१४६,०७१	७,९८४,५५४	६,७८६,८७१	५,७६८,८४०
व्यापार प्राप्ति	१२४,७३१,७७१	१४३,१०५,६३२	१६७,१५०,८६१	२३८,७६४,३५१	३४०,२३९,६६१	४०८,२८७,५९३	४८९,९४५,१११
अन्य वित्तीय सम्पत्ति	१०,१७३,९७०	८,२५१,४९१	१०,६३१,५४४	२६,५५५,२०२	३१,७०९,३६१	३९,१३३,५८३	४३,३८८,५४६
नगद र नगद बराबर	६५,७१६,१७१	१३५,७८६,१२८	१५०,९७१,३०९	१३५,८१५,३८६	११४,५६३,८००	१८७,९५०,८९७	३५८,०४५,१०३
जम्मा चालु सम्पत्ति	**५३१,३७६,०६२**	**५८५,५३८,८०२**	**६५४,७८८,१७२**	**६४७,५६९,६८७**	**७२२,५८५,०७०**	**९१५,६९१,७२२**	**१,१५७,७९७,०३०**
कुल सम्पत्ति	**८९८,६२९,७००**	**१,०२२६६०,४०८**	**१,२१३,६८७,८७०**	**१,२७७,१९२,९९९**	**१,७२८,४१४,२२४**	**१,८९८,३५४,२८३**	**२,११७,७७३,५८६**
इक्यूटि				-			
शेयर पूंजी				-	-	-	-
साधारण शेयर पूंजी	६६४,८८२,३००	७८४,८८२,३००	७८४,८८२,३००	७८४,८८२,३००	१,३०८,१३७,१००	१,३०८,१३७,१००	१,३०८,१३७,१००
जगेडा तथा कोष	(२२,४०६,९५२)	१०,०१०,७७१	५०,५४१,७६६	१२१,०३३,४१७	२२८,३४४,५६५	३६३,६७३,१६३	५३९,४३८,६२३
अल्पसङ्ख्यक हित	-	-	१२६,१८९,०१४				
कुल इक्यूटि	**६४२,४७५,३४८**	**७९४,८९३,०७१**	**९६१,६१३,०८०**	**९०५,९१५,७१७**	**१,५३६,४८१,६६५**	**१,६७१,८१०,२६३**	**१,८४७,५७५,७२३**
दायित्व				-			
गैर चालु दायित्व				-			
स्थगन कर दायित्व	४,१२४,११७	१३,७१४,०८५	१८,१४३,३६६	३३,०१५,८२६	३३,९३८,८२२	३३,८९७,६८३	३२,९५३,८२५
वित्तीय दायित्व					-	-	-
गैर चालु उधारो	४,७६७,०१०	-	-	-	-	-	-
व्यापार भुक्तानी	१५९,६३७,५८९	१६४,८६६,५५१	१६७,६०६,६००	१७१,४६३,०५६	-	-	-
अन्य गैर चालु वित्तीय दायित्व	४,७५०,०००	३,८५०,०००	२,६८४,३७१	१,४३४,३७१	१,२३४,३७१	१,२०४,३७१	१,१५४,३७१
लीज दायित्व	१६,२२३,२०२	४,४६९,७८७	२,९८५,३३५	१,७३६,८८५	१८३,८७०	२९,४०७	१०,७१४
प्रावधान-गैर चालु	-	९०४,१४४	१,८९१,९३३	२,१३५,२००	३,३१९,९७३	५,०४४,७९५	७,५३८,९११
जम्मा गैर चालु दायित्व	**१८९,५०१,९१९**	**१८७,८०४,५६८**	**१९३,३११,६०६**	**२०९,७८५,३३८**	**३८,६७७,०३७**	**४०,१७६,२५६**	**४१,६५७,८२१**
चालु दायित्व							
प्रावधानहरु-चालु	-	४,१९६,७३८	९,५७८,०८९	२७,८७९,३६३	३८,०१७,६३४	४८,७८३,२१७	६४,१२७,४१३
वित्तीय दायित्व							
चालु उधारो	१२,१२१,२३५	४,७६७,०१०	-	-	-	-	-
व्यापार भुक्तानी	३७,७२३,८९२	२०,७७०,९३४	२७,३६९,९०५	१२०,०९७,९२८	९९,७१४,९७३	११९,६५७,९६७	१४३,५८९,५६१
अन्य चालु वित्तीय दायित्व	१,७१५,३६१	१,९५५,६०४	५,०४५,९७८	३,४०७,१०६	४,४०४,६१३	५,६९६,४४७	७,३६९,९२१
अन्य वित्तीय दायित्व	१५,०९१,९४४	८,२७२,४८३	१६,७६९,२१२	१०,१०७,५४८	११,११८,३०३	१२,२३०,१३३	१३,४५३,१४७
जम्मा चालु दायित्व	**६६,६५२,४३३**	**३९,९६२,७६९**	**५८,७६३,१८४**	**१६१,४९१,९४४**	**१५३,२५५,५२२**	**१८६,३६७,७६४**	**२२८,५४०,०४२**
जम्मा दायित्व	**२५६,१५४,३५२**	**२२७,७६७,३३७**	**२५२,०७४,७९०**	**३७१,२७७,२८२**	**१९१,९३२,५५९**	**२२६,५४४,०२०**	**२७०,१९७,८६३**
कुल इक्यूटि र दायित्व	**८९८,६२९,७००**	**१,०२२६६०,४०८**	**१,२१३,६८७,८७०**	**१,२७७,१९२,९९९**	**१,७२८,४१४,२२४**	**१,८९८,३५४,२८३**	**२,११७,७७३,५८६**

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.ब.२०७८/२०७९	आ.ब.२०७९/०८०	आ.ब.२०८०/०८१	आषाढ मसान्त २०८२	आ.ब.२०८२/०८३	आ.ब.२०८३/०८४	आ.ब.२०८४/०८५
	रकम रु.	रकम रु.	रकम रु.	रकम रु.	रकम रु.	रकम रु.	रकम रु.
संचालनबाट आय	४१३,०१९,५५५	५०१,९९२,००७	६२७,११५,३२४	७५६,०८८,१३४	१,०२०,७१८,९८१	१,२२४,८६२,७७७	१,४६९,८३५,३३२
बिक्री लागत	(२७४,४६३,४६२)	(३३६,२२३,७३९)	(३९७,५३६,८१६)	(४८३,३४५,५५०)	(६६३,४६७,३३७)	(७९६,१६०,८०५)	(९५५,३९२,९६६)
कुल आम्दानी	**१३८,५५६,०९३**	**१६५,७६८,२६७**	**२२९,५७८,५०८**	**२७२,७४२,५८४**	**३५७,२५१,६४३**	**४२८,७०१,९७२**	**५१४,४४२,३६६**
अन्य आम्दानी	२,०९१,१६६	१९,५०८,१३५	२,४६४,१४१	२४०,१४९	-	-	-
कर्मचारी सुविधा खर्च	(४२,७७०,३२०)	(५४,०७१,०४२)	(५०,६७७०७४)	(४६,७८०,५०५)	(५६,१३६,६०६)	(६७,३६३,९२७)	(८०,८३६,७१२)
प्रशासकीय खर्चहरु	(३७,४१९,९८०)	(४२,७९५,१२८)	(४८,७०८,९०९)	(४७,४१२,४०५)	(६२,३१४,०६८)	(७२,५६९,७०६)	(७३,८४०,५८८)
बिक्रि तथा वितरण खर्च	(१२,८१५,६१५)	(२१,१५७,८६७)	(५६,२१३,५१८)	(५५,०६६,२४२)	(६६,०७९,४९०)	(७९,२९५,३८८)	(९५,१५४,४६६)
ह्रास कट्टी (Depreciation) र परिशोधन (Amortization) खर्च	(१९,३४७,४५९)	(२०,१९७,२८९)	(२०,४९९,६६२)	(२१,८४७,८८१)	(२४,४३४,१६२)	(२३,१६६,५९३)	(२२,६८६,००५)
सञ्चालन नाफा	**२८,२९३,८८४**	**४७,०५५,०७६**	**५५,९४३,४८६**	**१०१,८७५,७०१**	**१४८,२८७,३१७**	**१८६,३०६,३५८**	**२४१,९२४,५९४**
वित्तिय खर्च	(४,५१०,८८८)	(२,९६८,७३१)	(५६७,४७९)	(२९१,७७१)	(१२६,३५७)	(६,९०९)	-
वित्तिय आय	६६८,९९०	२,०७७,७७१	१,६८५,२६१	६२२,७५९	७१६,१७३	८२३,५९९	९४७,१३९
बोनस र कर अघिको मुनाफा/नोक्सान	**२४,४५१,९८६**	**४६,१६४,११७**	**५७,०६१,२६८**	**१०२,२०६,६८९**	**१४८,८७७,१३३**	**१८७,१२३,०४८**	**२४२,८७१,७३४**
कर्मचारी बोनस	(	(४,१९६,७३८)	(५,३८१,३५१)	(९,२९१,५१७)	(१३,५३४,२८५)	(१७,०११,१८६)	(२२,०७९,२४९)
कर अघिको मुनाफा/नोक्सान	**२४,४५१,९८६**	**४१,९६७,३७९**	**५१,६७९,९१८**	**९२,९१५,१७२**	**१३५,३४२,८४८**	**१७०,१११,८६२**	**२२०,७९२,४८५**
कर सम्बन्धी खर्च				-	-	-	-
यस वर्ष करमा व्यवस्था	-	-	(२७०,०५२)	(१५,०५७,१४३)	(२५,९९७,३०८)	(३३,७४०,१७७)	(४४,६०६,७५५)
अघिल्लो वर्षका कर	-	-	-	(१,२३०,१४९)	-	-	-
स्थगन कर नाफा / (नोक्सान)	(६,५०३,९२८)	(९,५८९,९६८)	(१०,९८३,०८३)	(७,४८३,४५१)	(९२२,९९७)	४१,१४०	९४३,८५८
खुद नाफा/नोक्सान	**१७,९४८,०५८**	**३२,३७७,४११**	**४०,४२६,७८३**	**६९,१४४,४२८**	**१०८,४२२,५४४**	**१३६,४१२,८२४**	**१७७,१२९,५८८**

प्रक्षेपणका आधारहरु :

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ।

१. संगठित संस्थाको खुद विक्रिमा आर्थिक वर्ष २०८२/०८३ मा ३५ प्रतिशत र २०८३/०८४ र २०८४/०८५ को हकमा प्रत्यक वर्ष २० प्रतिशतले वृद्धि हुने हुने अनुमान गरिएको छ।
२. संगठित संस्थाको खर्चमा हरेक वर्ष २० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। तर प्रशाशनिक खर्चको हकमा प्रारम्भिक शेयर निष्काशन हुने प्रक्षेपण आधारमा निष्काशन खर्चहरु समावेश छन्।
३. कर्मचारी बोनसको हकमा बोनस ऐन, २०३० बमोजिम खुद नाफाको १० प्रतिशत रकम छुट्याइएको छ।
४. कम्पनीको ग्रस नाफा ३५ प्रतिशत हुने अनुमान गरिएको छ।
५. संगठित संस्थाको आयात गर्दाको बक्यौता आर्थिक वर्ष २०८२/०८३ भित्रमा सबै हिसाब मिलान गरिसकिनेछ।
६. एलसि मारजिन कुल खरिदको ५ प्रतिशत हुन आउने अनुमान गरिएको छ।
७. स्थिर सम्पतिको ह्रासकट्टी सम्पत्तिको जीवन अवधि अनुमान गरी निम्न विधि अनुसार गणना गरिएको छ।

क्र.सं.	सम्पत्तिको विवरण	वर्ष
१.	जग्गा	लागु नहुने
२.	उद्योग भवन	२५
३.	फर्निचर र फिक्सचरहरु	१०
४.	कार्यालय उपकरणहरु	५
५.	कमप्युटर र प्रिन्टरहरु	५
६.	गाडि तथा मोटरसाइकल	१०
७.	उद्योग उपकरण तथा मेशिनरीहरु	२५
८.	पट्टामा लिइएको ठाउँमा बनाइएका सम्पत्तिहरु	१०
९.	सफ्टवेयर	५

८. कम्पनीको आयमा लाग्ने आयकर दर २०% रहेको।
९. कम्पनीले २०८२ असोज भित्र शेयर सुचीकृत हुने अनुमानको आधारमा वित्तिय तयार पारिएको छ।

सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भै नसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ।

कम्पनीको वास्तविक तथा प्रक्षेपित इपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम छ :

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.ब.२०७८/२०७९	आ.ब.२०७९/०८०	आ.ब.२०८०/०८१	आषाढ मसान्त २०८२	आ.ब.२०८२/०८३	आ.ब.२०८३/०८४	आ.ब.२०८४/०८५
चुक्ता पुँजी	६६४,८८२,३००	७८४,८८२,३००	७८४,८८२,३००	७८४,८८२,३००	१,३०८,१३७,१००	१,३०८,१३७,१००	१,३०८,१३७,१००
संचित नाफा नोक्सान	(२२,४०६,९५२)	१०,०१०,७७१	५१,८८८,९८९	१२१,०३३,४१७	२२८,३४४,५६५	३६३,६७३,१६३	५३९,४३८,६२३
कुल नेटवर्थ	६४२,४७५,३४८	७९४,८९३,०७१	८३६,७७१,२८९	९०५,९१५,७१७	१,५३६,४८१,६६५	१,६७१,८१०,२६३	१,८४७,५७५,७२३
खुद मुनाफा/(नोक्सान)	१७,९४८,०५८	३२,३७७,४११	४१,९९५,२१७	६९,१४४,४२८	१०८,४२२,५४४	१३६,४१२,८२४	१७७,१२९,५८८
शेयर संख्या	६,६४८,८२३	७,८४८,८२३	७,८४८,८२३	७,८४८,८२३	१३,०८१,३७१	१३,०८१,३७१	१३,०८१,३७१
प्रति शेयर नेटवर्थ (रु.)	९६।६३	१०१।२८	१०६।६१	११५।४२	११७।४६	१२७।८०	१४१।२४
प्रति शेयर आम्दानी (रु.)	३।०७	४।८७	५।३५	८।८१	९।२१	१०।४३	१३।५४
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००।००	१००।००	१००।००	१००।००	१००।००	१००।००	१००।००
नेटवर्थमा औसत प्रतिफल (प्रतिशतमा)	२।७९	४।०७	५।०२	७।६३	७।८४	८।१६	९।५९
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा							

विगत ३ वर्षको (लेखापरीक्षण भएको) नेटवर्थमा भएको औसत प्रतिफल : ३.९६ प्रतिशत

१७. अन्तर्निहित जोखीम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

कम्पनीको अर्न्तनिहित जोखिमहरु निम्नअनुसार रहेका छन्।
(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम** : कर्जा सापटि तथा लगानीको ब्याजदरमा आउने परिवर्तन तथा नेपालको बजारमा हुने आर्थिक मन्दिबाट व्यवसायको आकारमा जोखिम हुन सक्ने भएता पनि कम्पनीको पुँजी, व्यवसायिक योजना र कारोवारको प्रकृति बमोजिम साना-साना लगानीका धेरै आयोजनाहरु संचालन हुने, लगानीका क्षेत्रहरुमा विविधिकरण र संचालन हुने आयोजनाहरुबाट तुलनात्मक रुपमा छिटो प्रतिफल प्राप्त हुने हुँदा ठुलो वित्तीय जोखिम रहँदैन, साथै समस्याहरु देखिएता पनि त्यसलाई व्यवस्थापन गर्न सकिने प्रकृतिका हुन्छन।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : कच्चा पदार्थको लागी अरु देशमा निर्भर रहेकाले समयमा सामान नेपाल नआउने जोखिमहरु।
(ग) **उत्पादनवा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** : कम्पनीले स्थापना गरेको बजार अनुसन्धान र विकास विभागको तर्फबाट यथास्थिति र विशिष्ट बजारको अध्ययन गरी बजार सुचना प्रणालीको विकास गर्ने र सोहि अनुसार बिक्री तथा बजारीकरणको योजनाहरु निर्माण र कार्यान्वयनमा लैजाने योजनाको कार्यान्वयन गर्दा उल्लेखित जोखिमलाई न्युनिकरण गर्न सकिन।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्यवृद्धि (Cost Overrun) को जोखिम** : सो नभएका।
(ङ) **विदेशी विनिमयको जोखिम** : यस कम्पनीले कच्चा पदार्थको लागी अरु देशमा निर्भर रहेकाले हुँदा विदेशी मुद्राको विनिमय दरमा हुने सकारात्मक परिवर्तन हुँदा उत्पादन लागत बढ्न गई नकरात्मक प्रभाव पर्न सक्नेछ ।
(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु** : हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानुनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण ईजाजत प्राप्त गरी सकेकोले सो जोखिम नरहेको।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्नहुन सक्ने जोखिम :**
अन्तर्राष्ट्रिय तथा क्षेत्रीय बजारमा हुने उतार-चढावले नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु :
१. अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी भएको अवस्थामा कच्चा पदार्थको मूल्य परिवर्तनमा हुन सक्ने जोखिम।
२. विश्व बजारमा यस कम्पनीको हिस्सा कम भएको कारणले विश्वव्यापीकरणबाट हाम्रो व्यवसायमा कुनै नोक्सानी व्यहोर्नुपर्ने अवस्थामा यस कम्पनीको जोखिम धेरै न्यून हुने अनुमान गरेका छौं।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम** : कर, भन्सार, उपकरणहरु आयातमा कुनै पनि नितिगत परिवर्तन भएमा उत्पादनको लागत बढ्न सक्ने जोखिम रहेको।
उद्योग विभाग एवं अन्य नियामक निकायहरुले समय समयमा जारी गर्ने निर्देशन वा नियमहरुले समग्र क्षेत्र एवं यस कम्पनीलाई समेत असर पर्न जाने हुनसक्छ। हामीले प्रचलित ऐन, नियम एवं निर्देशनको परिपालनालाई उच्च प्राथमिकतामा राख्ने गरेकाले यस्ता नीति तथा नियमहरुको परिवर्तनबाट ठूलो नकारात्मक असर नपर्ने अपेक्षा गरेका छौं।
(झ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम** : संगठित संस्थाले प्यानल उत्पादनका लागि प्रयोग गरेको हाइड्रोलिक प्रविधि विश्वस्तरीय स्ट्यार्णडको रहेको तर विश्वव्यापी रुपमा नै नयाँ प्रविधिहरुको विकास भई नयाँ प्रविधि अनुसार उत्पादन गर्नुपर्ने अवस्थामा हुने जोखिम।
(ञ) **सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ :**
१. सम्पत्तीहरुको सम्भावित जोखिमलाई न्यूनिकरणका लागि देहाय अनुसारको बीमा गरिएको छो।

सि.न.	बीमा गर्ने कम्पनीको विवरण	विवरण	रकम (रु.)	बीमालेख समाप्त हुने मिति
१	सानिमा जिआईसि इन्सुरेन्स लि	मेशिनरी ब्रेकडाउन बिमा	२३,५६,४७,२३२/-	२०८२।०७।१२
२	सानिमा जिआईसि इन्सुरेन्स लि	उद्योग बिमा	३४,०५,९७,९३८/-	२०८२।०७।१२

२. हाम्रो संस्थापक कम्पनी एसवाई को. लिमिटेड, दक्षिण कोरियाले प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिमलाई न्यूनिकरण गर्न समय अनुसार प्रविधिमा भएको विकास सँगै आफुलाई अगाडी बढाउदै आईरहेको छ।

१८. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।
१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ।
२. बुँदा(१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रक्रिया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रक्रिया अपनाई बाँडफाँड गरिने छ।
४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरिने छ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिइनेछ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलिपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ।
७. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ। साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ता बीच भएको प्रत्याभूति सम्बन्धी सम्झौता बमोजिम प्रत्याभुतिकर्ताले खरिद गर्नेछ।
(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:** शेयर बापतको आवेदन लिने कार्य धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम आस्वामा सहभागी सदस्य बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ। उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम आस्वामा सहभागी सदस्य बैंक तथा वित्तीय संस्थाहरुबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ।
(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** : "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने हुन्छ र आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको।
(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधी** : निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।
(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण** : सो नभएको।
(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइनेछ।

१९. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

व्यवस्था भए शेयरधनीहरुलाई संस्थापक शेयरधनी र सर्वसाधारण शेयरधनीमा विभाजन गरिएको छ। सर्वसाधारण शेयरधनीहरु लाइ उद्योग प्रभावित क्षेत्रका बासिन्दा, कर्मचारी र सर्वसाधारणमा विभाजन गरिएको छ। जसमध्ये जारी पूँजीको ६०% शेयर संस्थापक शेयरधनी तथा ४०% सर्वसाधारणहरुको शेयर रहनेछ। सर्वसाधारणको शेयरमध्ये २% प्रतिशत उद्योग प्रभावित क्षेत्रका लागि छुट्याइने छ जसमध्ये प्रभावित क्षेत्र अर्थात रत्ननगर नगरपालिका वडाहरुका बासिन्दाहरुका लागि छुट्याइने छ। बाँकि ३८% सर्वसाधारणहरु (कर्मचारीहरु, वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सामूहिक लगानी कोष समेत) लाई निष्काशन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था गरिएको छ। उद्योग प्रभावित क्षेत्रका बासिन्दा, वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरु र कर्मचारीले सोही आधारमा शेयर खरिदको लागि आवेदन दिन सक्ने भएको हुँदा कर्मचारीको हैसियतले पुनः शेयर खरिदको लागि आवेदन दिन सक्ने छैनन्। उद्योग प्रभावित क्षेत्रका स्थानिय बासीन्दाहरु, वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरु, कर्मचारीहरुले सर्वसाधारण लागि निष्काशन गरेको शेयरमा पुन आवेदन दिएमा त्यस्तो आवेदन स्वतः रद्द हुनेछ।

सर्वसाधारण शेयरधनीहरुको हकमा :

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिंदा निम्न बमोजिमका प्रकृया तथा शर्तहरु पुरा गरेको हुनु पर्नेछ।
१. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ।
२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिंदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि)।
३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथ वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिस्ट्रेशन फाराम फरी CRN नं. लिनुपर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यानदिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछः
क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल।
ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)
ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)
च) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर
८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन।
९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको "मेरो सेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन दिन सकिनेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट ऋच्ल नं. लिइसकेको हुनुपर्नेछ।
१४. रितिपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोको जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनुपर्नेछ।
१५. शेयर बाँडफाँड गरि सूचीकरण पश्चात बाँडफाँडमा परका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।
१६. रु. ५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ।
यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरमध्ये सर्वसाधारणको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५०,००० (पचास हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ।

२०. कम्पनीको प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ :

कार्यालय समयभित्र निम्न लिखित स्थानहरु तथा तोकिएको स्थानहरुबाट कम्पनीको प्रबन्धपत्र, नियमावली र विवरणपत्र हेर्न सकिनेछ।
१. यस कम्पनीको रजिष्टर्ड कार्यालय बाग्मती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२, तिनकुने, काठमाण्डौ, वेवसाइट : www.synepal.com
२. शेयर निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं, वेबसाइट : www.prabhucapital.com

२१. विवरणपत्र पाइने तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेबसाइट : www.prabhucapital.com फोन नं.– ०१- ४१६९१००, ०१-५९७०२००
२.	श्री एसवाई प्यानल नेपाल लिमिटेड, तिनकुने, काठमाण्डौं वेबसाइट :www.synepal.com
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेबसाइट, www.sebon.gov.np
४.	**सर्वसाधारण शेयरधनीहरुको हकमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :** नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सिआस्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्र मार्फत निष्काशन गरिएको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि जारी गरिने शेयरहरुको आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढिमा ३० दिनसम्म खुल्ला रहनेछ। नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिकहरुका लागि निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा ४(चार) कार्य दिन र बढीमा १५ (पन्ध्र) दिनको हुनेछ। (धितोपत्र निष्काशन तथा बाँडफाँड (नवौं संशोधन) निर्देशिका, २०८२ बमोजिम) उक्त अवधिमा वैदेशिक रोजगारीमा गएका सार्वसाधारणका लागि निष्काशन गरेको शेयर पूरा बिक्री नभएमा उक्त बिक्री नभई बाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समूहमा थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ। आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन।

२३. निष्काशन बैंक (Bankers to the Issue):

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) प्रभु बैंक लिमिटेड, कमलादीलाई तोकिएको छ।

सि.नं	निष्काशन बैंकको नाम, ठेगाना	बैंक खाता नम्बर
१	प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौ	१११००६३१८१६००११३

२४. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त रेटिङ्ग गर्ने संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्युअर रेटिङ्ग गराई [ICRANP-IR] BB+ (P oo ed ICRA NP Issuer Ratig dob e B Plus) रेटिङ्ग प्राप्त गरेको छ। [ICRANP-IR] BB+ ले "Ca idered to h e mde rate risk of default in the timely servicing of financial obligations" रहेको जनाउँदछ। जसले कम्पनीको समयमै वित्तीय दायित्व पूरा गर्न मध्यम सुनिश्चितता रहेको जनाउंछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ, [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने (जोड) वा (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ। ईक्रा नेपाल लिमिटेडबाट मिति २०८२/०५/३१ मा रेटिङ्ग ग्रेड प्रदान गरेको र उक्त रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८३/०५/३० सम्म रहेको छ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

निष्काशन धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा श्री एलिसा कार्कीलाई ०१-५९७०२०० मा सम्पर्क गर्न सकिन्छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

प्रभु क्यापिटल लिमिटेड
PRABHU CAPITAL (A Subsidiary of Prabhu Bank Limited)
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६९१००, ५९७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

का.नि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.नं. १७/०६९/०७०

त्रिदेशीय महिला फुटबल प्रतियोगिता

आफ्नै मैदानमा नेपालसँग स्तब्ध भारत



भारतविरुद्ध हेडिङ गर्ने प्रयासमा नेपालकी प्रिती राई (रातो जर्सी) । तस्बिर सौजन्य : एनएसजेएफ

रमेश सुवेदी/नयाँ पत्रिका

कप्तान सावित्रा भण्डारी चम्किएपछि सोमबार नेपालले त्रिदेशीय फुटबल प्रतियोगिताको अन्तिम खेलमा घरेलु टोली भारतलाई २-१ ले पराजित गरेको छ । भारतको सिलोडमा नेपाललाई जित दिलाउन दुवै गोल कप्तान सावित्राले गरेकी हुन् । उनले पहिलो तथा दोस्रो हाफमा समान एक गोल गरिन् । भारतकी करिश्मा सिरभोइकरले एक गोल फर्काइन् । समग्रमा नेपालले भारतविरुद्धको १९ अन्तर्राष्ट्रिय खेलमा चौथोपटक जित निकालेको हो ।

> भारतविरुद्ध १९ खेलमा नेपालले चौथो जित निकाल्यो । कप्तान सावित्रा भण्डारीले समग्रमा भारतको पोस्टमा दश गोल गरेकी छिन् ।

नेपालेल भारतविरुद्ध १९ अन्तर्राष्ट्रिय खेलमा १४ गोल गर्दा सावित्रा एक्लैले १० गोल गरिसकेकी छिन् । सन् २०२४ दशरथ रंगशालामा भएको साफ महिला च्याम्पियनसिपको सेमिफाइनलमा नेपालले भारतलाई पेनाल्टी सुटआउटमा हराएको थियो । सन् २०२२ मा रश्मिकुमारी घिसिडको एक मात्रै गोलमा नेपालले भारतलाई निराश बनाएको थियो । सन् २०१९ मा नेपालले पहिलोपटक भारतलाई हिरो गोल्डकपमा पराजित गरेको थियो । पछिल्लो दुवै भेटमा नेपालले भारतलाई पाखा लगाउँदा टोलीकी कप्तान अञ्जिला तुम्बाप्पो सुब्बा थिइन् ।

प्रशिक्षक नवीन न्यौपानेले स्ट्राइकर मीना देउवालाई डेब्यु गराइन् । यसैगरी, पुर्णिमा राई पहिलोपटक राष्ट्रिय महिला टोलीमा परिन् । नेपाल प्रतियोगिताको उपविजेता भएको छ । इरान लगातार दुई खेल जितै च्याम्पियन भएको थियो । भारत जितविहीन रह्यो । भारत पहिलो खेलमा इरानसँग २-० र नेपाल पनि इरानसँग ३-० ले नै पराजित भएको थियो । अब, नेपालले भारतसँग अर्को मैत्रीपूर्ण खेल खेल्नेछ ।

सावित्राले पुऱ्याइन् ६६ गोल

सन् २०१४ मा राष्ट्रिय टोलीमा डेब्यु गरेकी सावित्राले ६२ खेलमा ६६ अन्तर्राष्ट्रिय गोल गरिसकेकी छिन् । उनी नेपालका लागि अन्तर्राष्ट्रिय फुटबलमा मात्र सर्वाधिक गोलकर्ता हुन् । युरोप तथा न्युजिल्यान्डबाट व्यावसायिक फुटबल खेल्ने पहिलो नेपाली खेलाडी सावित्रा युरोपियन लिगमा ह्याट्रिक गर्ने पहिलो दक्षिण एसियाली खेलाडीसमेत हुन् ।

भारतविरुद्धको प्रतिस्पर्धामा उनले उत्कृष्ट प्रदर्शन गर्न सफल भइन् । भारतको घरेलु मैदानमा नेपालले आक्रामक रूपमा दोस्रो मिनेटमै अग्रता लियो । कप्तान सावित्राले सेन्ट्रल ब्याक विमला विकको लामो पास सदुपयोग गर्दै सुन्दर गोल गरेकी थिइन् । सावित्राले खेलको ६३औँ मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दा नेपाल २-० ले अघि रह्यो । उनले डिबक्सअगाडि प्राप्त फ्रिकिकमा उत्कृष्ट गोल गर्न सफल भइन् । सावित्राको प्रहारलाई भारतीय गोलरक्षक इलाङबाम पान्थोई चानुले रोक्न सकिनन् । खेलको ८१औँ मिनेटमा भारतले एक गोल फर्कायो । करिश्माले नेपालको कमजोर डिफेन्समा गोल गरिन् । उनले करिब ३० यार्ड टाढाबाट हानेको बल गोल भएको थियो । खेलको १८औँ मिनेटमा नेपालले गोल व्यहोर्ने सम्भावना टारेको थियो । रतनबला देवीको लामो प्रहार गोलरक्षक अञ्जना रानामगरले पन्च गरेकी थिइन् । नेपालका प्रशिक्षक न्यौपानेले नियमित गोलरक्षक सुब्बालाई विश्राम दिएपछि अञ्जनाले अवसर पाएकी हुन् । खेलको ७५औँ मिनेटमा विमला विकका सुन्दर हेडिङ क्रसबारमाथिबाट बाहिरिएको थियो ।

तीन खेलाडीले पाए मौका

प्रशिक्षक न्यौपानेले युवा स्ट्राइकर मीनालाई भारतविरुद्ध डेब्यु गराए । मीना खेलको ७८औँ मिनेटमा रेखा पौडेलको स्थानमा मैदान प्रवेश गरेकी हुन् । नेपाल यू-२० टोलीबाट खेलिसकेकी उनले दोस्रो प्रयासमा स्थान बनाइन् । घरेलु फुटबलमा मीना नेपाल पुलिस क्लबबाट खेल्दै आएकी छिन् । नेपालगन्जमा भएको लुम्बिनी कपबाट मीनाको प्रभाव नेपाली फुटबलमा देखिएको थियो ।

भारतसँगको प्रतिस्पर्धामा तीन नेपाली खेलाडीले अवसर पाएका छन् । इरानविरुद्ध खेलेका तीन खेलाडीले विश्राम पाएका छन् । अञ्जनाले नियमित गोलरक्षक सुब्बाको स्थान लिइन् । लेफ्ट ब्याक मनमाया दमाईं र सेन्ट्रल मिडफिल्डर दीपा शाहीले पनि पहिलो ११ बाट खेल्ने अवसर पाएका थिए । डिफेन्डर हिराकुमारी भुजेलको स्थानमा मनमाया र निशा थोकरको स्थानमा दीपा शाहीले अवसर पाए । यसबाहेक डिफेन्डर समीक्षा घिमिरे, विमला विक र पूजा राना तथा मिडफिल्डर रेनुका नगरकोटे, प्रीति राई, सविता राना, रेखा पौडेल तथा स्ट्राइकर सावित्राले निरन्तरता पाएका थिए ।

हामीले गल्ती सुधार्‍यौं

● **सावित्रा भण्डारी**, कप्तान, नेपाल



प्रतियोगिताको अघिल्लो खेलमा हामीले धेरै गल्ती गरेका थियौं । भारतसँगको खेलमा ती गल्ती सच्याउने योजना थियो । योजनाअनुसार हामीले भारतविरुद्धको प्रतिस्पर्धामा गल्ती सच्यायौं । उनीहरूको घरेलु मैदानमा जितका लागि केन्द्रित भएर खेल्यौं । डिफेन्स लाइन बलियो भयो । एकआपसमा नमिलेको तालमेल यसपटक मिल्यो । भारतको डिफेन्सको गल्तीमा गोल भयो । जितबाट म एकदम खुसी छु ।

भारतको भूमिमा नेपाल टोलीमाथि दबाबको अर्थ रहँदैन । हाम्रो लक्ष्य नै जहाँ भए पनि जित निकाल्ने हो । उनीहरूको घरेलु मैदानमा नेपालीहरूबाट समर्थन पायो । भारतीय दर्शकले पनि राम्रो व्यवहार देखाए । उनीहरूका समर्थक कहिलकाहीं उग्र हुने गर्छन् । भारतले एसियन कप खेल्दै छ । यो प्रतिस्पर्धामा भारतका केही खेलाडी घाइते छन् । हामीविरुद्ध युवा टोलीले प्रतिस्पर्धा गरेको हो । यद्यपि, युवा खेलाडीले पनि राम्रो खेल देखाए । जहाँसम्म एसिया कप छनोट पक्ष थियो । हामीले उज्वेकिस्तानसँग जित्नुपर्ने थियो । अन्तिम समयमा पेनाल्टी सुटमा हामी पराजित भएका थियौं ।

दोस्रो एनपिएलका लागि विदेशी खेलाडी भित्रिने क्रम जारी

एनपिएलका फ्रेन्चाइज टोलीहरूले आइतबार इंग्ल्यान्ड, नेदरल्यान्ड्स र दक्षिण अफ्रिकाका अनुभवी क्रिकेटर भित्र्याएका छन्

नयाँ पत्रिका

कर्णाली याक्सले दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)का लागि तेस्रो विदेशी खेलाडीका रूपमा नेदरल्यान्ड्सका ओपनर म्याक्स वेल प्याट्रिक ओ डाउडलाई अनुबन्ध गरेको छ । कर्णालीका निर्देशक गृहेन्द्र घिमिरेले नेदरल्यान्ड्सका अनुभवी ब्याट्सम्यान अनुबन्ध गरेको सोमबार जानकारी दिएका छन् । यसअघि कर्णालीले पहिलो विदेशीका रूपमा स्कटल्यान्डका स्पिनर मार्क रोबर्ट जेम्स वाट र दोस्रोमा अस्ट्रेलियाका विलियम बोसिस्टोलाई अनुबन्ध गरेको थियो ।



● म्याक्स वेल

'हामीले ओपनिङ ब्याटिङ बलियो बनाउन एसोसिएट राष्ट्र नेदरल्यान्ड्सका म्याक्सलाई अनुबन्ध गरेका हौं,' निर्देशक घिमिरेले भने, 'उनी त्रिविको मैदान र नेपाली खेलाडीसँग राम्रोसँग परिचित छन् ।' कर्णालीले बासिस्टोसँग सम्झौता नवीकरण गर्दा जेम्स वाट र म्याक्स ओ डाउडले पहिलोपटक एनपिएल खेल्दै छन् । ३१ वर्षीय ओ डाउडले नेदरल्यान्ड्सबाट ८७ टी-२० आई खेलेमा दुई हजार तीन सय नौ रन बनाएका छन् ।

यस विधामा उनले एक शतकसहित १६ अर्धशतक बनाएका छन् । उनले ६५ एकदिवसीय खेलमा दुई हजार १५३ रन जोडेका छन् । पहिलो संस्करणमा कर्णाली क्वालिफायरसम्म पुगेको थियो । त्रिवि क्रिकेट मैदानमा आगामि १ मंसिर देखि दोस्रो एनपिएल हुनेछ ।

काठमाडौंमा पहिलो विदेशी

एनपिएलको फ्रेन्चाइज टोली काठमाडौं गोर्खाजले दक्षिण अफ्रिकन विकेटकिपर तथा ब्याट्सम्यान रिकार्डो भास्कोनेसेलोसलाई अनुबन्ध गरेको छ । उनी काठमाडौं भित्रिने पहिलो विदेशी खेलाडी हुन् । जोहानेसबर्गमा जन्मिएका भास्कोनेसेलोसले दक्षिण अफ्रिकाको यू-१९ राष्ट्रिय टोलीबाट खेलिसकेका छन् ।



● रिकार्डो भास्कोनेसेलोस

उनले दक्षिण अफ्रिकाको घरेलु क्रिकेटमा बोल्यान्डबाट प्रथम श्रेणीको क्रिकेटमा 'डेब्यु' गरेका थिए । पछिल्लो समय नर्थम्टनसायरबाट इंग्ल्यान्डको काउन्टी क्रिकेट खेल्दै आएका भास्कोनेसेलोसले भाइटालिटी ब्लास्टको पनि अनुभव लिइसकेका छन् ।

काठमाडौंले मार्की करण केसीसहित भीम सार्की, शाहब आलम रसिद खान, दीपेश कँडेल र प्रतीक श्रेष्ठलाई दोस्रो सिजनमा पनि निरन्तरता दिएको छ । काठमाडौंले नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वप्रशिक्षक मोन्टी देसाईको प्रशिक्षणमा एनपिएलको दोस्रो सिजन खेल्नेछ ।

पोखराले गऱ्यो रोसिङटनलाई अनुबन्ध



कास्की/ पोखरा एभेन्जर्सले इंग्ल्यान्डका अनुभवी विकेटकिपर तथा आक्रामक ब्याट्सम्यान एडम रोसिङटनलाई अनुबन्ध गरेको छ । पहिलो संस्करणमा सबैभन्दा महँगो फ्रेन्चाइज टोली बनेको पोखराले यसपटक शीर्षक्रम बलियो बनाउनेअनुरूप ३२ वर्षीय रोसिङटनलाई अनुबन्ध गरेको जनाएको छ । रोसिङटनले घरेलुस्तरमा लामो समय बिताएका छन् । उनले मिडल-सेक्सबाट करिअर सुरु गरेका थिए । नर्थह्याम्पटनसायर र एसेक्समा आबद्ध उनले काउन्टी क्रिकेटमा एक सयभन्दा बढी पहिलो श्रेणीका खेल खेलेका छन् । उनले टी-२० विधामा तीन हजार पाँच सयभन्दा बढी रन बनाएका छन् ।

दायाँहाते ब्याट्सम्यान तथा विकेटकिपर रोसिङटनले पावरप्लेमा आक्रामक रूपमा ब्याटिङ गर्छन् । उनले पाकिस्तान सुपर लिगमा कराँची किङ्सबाट, युएईमा हुने आइएलटी २० लिगमा दुबई क्यापिटल्स, इंग्ल्यान्डको द हन्ड्रेड लिगमा लन्डन स्पिरिटबाट खेलेका छन् । उनले दक्षिण अफ्रिकाको एसए २० मा सनराइजर्स इस्टर्न केपबाट खेल्दा पहिलो संस्करणमै टोलीलाई उपाधि जिताउन योगदान दिएका थिए । उनले फाइनलमा ३० बलमा ५७ रन जोडेका थिए । पोखराका मालिक सुबोध त्रिपाठीले दोस्रो सिजनमा चर्चित विदेशी क्रिकेटर ल्याउने क्रम सुरु गरेको जानकारी दिए । पोखराले यसअघि टोलीमा मार्की खेलाडी कुशल भुर्तेलसहित सातजनालाई रिटेन गरेको थियो ।

काभा भलिबलमा नेपाल पदकविहीन



नयाँ पत्रिका

बंगलादेशमा चलिरहेको सेन्ट्रल एसिया भलिबल संघ (काभा) कप पुरुष भलिबल प्रतियोगितामा नेपालले चौथो हारको सामना गरेको छ । प्रतियोगिताअन्तर्गत आइतबार समूह चरणको अन्तिम खेलमा नेपाल श्रीलंकासँग ३-० को सोझो सेटमा पराजित भयो । यस हारसँगै नेपाल प्रतियोगितामा पदकविहीन भएको हो । ६ राष्ट्र सहभागी प्रतियोगिताको आफ्नो पाँचौं खेलमा नेपालले कमजोर प्रदर्शन गऱ्यो ।

श्रीलंकाले नेपालमाथि २५-१८, २५-१७ र २५-२० को सहज जित निकाल्यो । तीनवटै सेटमा नेपालले अन्तिम समयमा लय बिगारेको थियो । श्रीलंकाली खेलाडीले नेपालको कमजोर डिफेन्सको फाइदा लिँदै खेलको अन्तिमतिर महत्त्वपूर्ण अंक बटुल्दै जित निकाल्यो । यसअघि प्रतियोगितामा नेपालले अफगानिस्तान र तुर्कमिनिस्तानलाई समान ३-० को सेटमा नतिजा सुम्पिएको थियो । घरेलु टोली बंगलादेशसँग ३-२ को प्रतिस्पर्धात्मक सेटमा नेपाल पराजित भएको थियो । नेपालले पाँचमध्ये एक खेलमा जित निकाल्यो । नेपालले एक मात्र जित माल्दिभ्सविरुद्ध निकालेको थियो ।

नेपालले माल्दिभ्सलाई ३-० को सेटमा हराएको थियो । चार हार नतिजा निकालेको नेपाल पाँचौं स्थानमा सीमित रह्यो । अब नेपालले मंगलबार पाँचौं स्थानको प्लेअफमा माल्दिभ्ससँग खेल्नेछ । श्रीलंकालाई हराउँदा नेपाल चौथो हुँदै तेस्रो स्थानको प्लेअफ खेल्ने सम्भावना थियो । प्लेअफ जितेको भए नेपालको पदक जित्ने अवस्था थियो । पाँचौं हारसँगै नेपाल पदकविहीन भएको हो ।

■ कीर्तिमानसहित सन्तोषीले जितिन् कांस्य

काठमाडौं/ नेपालकी धाविका सन्तोषी श्रेष्ठले भारतको राँचीमा भएको चौथो दक्षिण एसियन सिनियर एथलेटिक्स च्याम्पियनसिपमा १० हजार मिटर दौडमा नयाँ राष्ट्रिय कीर्तिमानसहित कांस्य जितेकी छिन् । उनले ३४ मिनेट ४७.७७ सेकेन्डमा दौड पूरा गरी १९ वर्षअघि कान्छीमाया कोजूको राष्ट्रिय कीर्तिमान तोडेकी हुन् । यसअघि सन्तोषीले महिला पाँच हजार मिटरमा पनि राष्ट्रिय कीर्तिमान बनाउँदै कांस्य पदक हात पारेकी थिइन् । सन् २००६ मा कोलम्बोमा भएको दक्षिण एसियाली खेलकुदमा कान्छीमाया कोजूले ३५ मिनेट ०३.४३ सेकेन्डको राष्ट्रिय कीर्तिमान बनाएकी थिइन् । सन्तोषीले च्याम्पियनसिपमा प्रतिस्पर्धा गरेको दुवै इभेन्टमा नयाँ राष्ट्रिय कीर्तिमान बनाउँदै कांस्य जितेकी हुन् । सन्तोषीले केही समयअघि भारतकै भएको दिल्ली हाफ म्याराथनमा पनि नयाँ राष्ट्रिय कीर्तिमान बनाएकी थिइन् ।



खेल संक्षेप

भूपेन्द्रले अमेरिकामा जिते तीन पदक

काठमाडौं/ नेपालका भूपेन्द्र गुरुङले विश्व खुला मार्सल आर्ट्स च्याम्पियनसिपमा तीन पदक जितेका छन् । अमेरिकाको बोस्टनमा २६ अक्टोबरमा भएको प्रतियोगितामा भूपेन्द्रले तीन फरक स्पर्धामा २ स्वर्ण र १ रजत पदक जितेका हुन् । वर्ल्ड फाइटिङ मार्सल आर्ट्स फेडरेसनको आयोजनामा भएको प्रतियोगितामा भूपेन्द्रले ताइची छ्वान ओपन ह्यान्ड र छाङ छ्वानमा स्वर्ण हात पारेका हुन् । उनले ताइची छ्वान ओपन ह्यान्डमा ९.५ र छाङ छ्वानमा ९.०३३ अंक जोड्दै शीर्ष स्थानमाथि कब्जा जमाए । ताइची छ्वान सर्ट वेपनमा रजत जितेका भूपेन्द्रले ९.२ अंक बटुले । यसअघि उनले अमेरिकामै भएका विभिन्न तीन प्रतियोगितामा समान तीन स्वर्ण र रजत जितेका थिए । यसअघि उनले जर्मनी, बेलायत र थाइल्यान्डमा पनि पदक हात पारेका थिए । राष्ट्रलाई पदक दिलाउन सकेकोमा उनले खुसी व्यक्त गरेका छन् ।

१६ कात्तिकदेखि महिला गोल्डकप

मोरङ/ महिला गोल्डकप अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिताको उद्घाटनमा नेपाल पुलिसले चर्च ब्वाइज युनाइटेडको सामना गर्नेछ । आयोजकले सोमबार सार्वजनिक गरेको तालिकाअनुसार आगामी शनिबार पुलिस र चर्च ब्वाइजबिच खेल हुनेछ । १६ कात्तिकमा नेपाल एपिएफले भारत सिक्किमको सिंगिल स्पोर्टिङ क्लबविरुद्ध खेल्नेछ । १७ कात्तिकमा संकटा र झापा फुटबल क्लबबिच खेल हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेताले १० लाख तथा उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछन् । सर्वोत्कृष्ट खेलाडीलाई एक लाख ५० रुपैयाँ प्रदान गरिनेछ ।

करााँते प्रशिक्षक लामा सम्मानित

कास्की/ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षक (रेफ्री)को भूमिकामा सक्रिय रहेका अन्तर्राष्ट्रिय क्योकुसिन करााँतेका प्रशिक्षक तथा खेलाडी अशोक लामा रुम्बालाई पोखरामा सम्मानित गरिएको छ । क्योकुसिन कान करााँते संघ कास्कीले सोमबार पोखरा रंगशालामा रुम्बालाई स्वागतसँगै सम्मान गरेको हो । रुम्बा अहिले स्पेनमा छन् । उनले २३ र २४ नोभेम्बरमा स्पेनमा भएको दर्सौं स्पेनिस ओपन क्योकुसिन करााँते च्याम्पियनसिपमा प्रमुख प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए । सम्मानित भएपछि रुम्बाले आफू जन्मेको देश र माटोप्रतिको माया संसारको जहाँ रहे पनि सम्झिरहने बताए ।

म्यानचेस्टर सिटीको अपराजित यात्रा रोकियो

गत अगस्टदेखि नौ खेलमा अपराजित म्यानचेस्टर सिटी प्रिमियर लिगमा एस्टन भिल्लासँग १-० ले स्तब्ध



एजेन्सी

इंग्लिस प्रिमियर लिगमा म्यानचेस्टर सिटीको अपराजित यात्रा रोकिएको छ । लगातार नौ खेलसम्म अपराजित रहेको सिटी आइतबार राति एस्टन भिल्लाबाट १-० ले स्तब्ध भयो । सिटी अगस्टको अन्त्यदेखि अपराजित थियो ।

प्रिमियर लिगमा उच्च प्रदर्शन गरिरहेको एस्टन भिल्लाले लगातार चौथो जित निकाल्यो । घरेलु मैदान भिल्ला पार्कमा महत्त्वपूर्ण जित दिलाउने क्रममा सिटीविरुद्ध डिफेन्डर म्याटी क्यासले १९औँ मिनेटमा एक मात्र निर्णायक गोल गरेका थिए । सिटीमा मुख्य स्ट्राइकर एर्लिन हाल्यान्ड लगातार दोस्रो खेलमा गोलविहीन भए ।

यो जितसँगै एस्टन भिल्लाले अंक तालिकाको नवौं स्थानमा उक्लेको छ । एस्टन भिल्लाले नौ खेलमा चार जित, तीन ड्र र दुई हारको सामना गरी १५ अंक जोडेको छ । नराम्रो हारको सामना गरेको सिटी १६ अंकका साथ पाँचौं स्थानमा सीमित भयो । सिटीले नौ खेलमा पाँच जित, पाँचबराबर तथा एक हार खेलेको छ । शीर्ष स्थानमा आर्सनल रहेको छ । आर्सनलले नौ खेलमा सात जित निकालेको छ । समान एक हार र ड्र खेलेको आर्सनलले २२ अंक जोडेको छ । एस्टन भिल्लाका प्रशिक्षक युनाई एमरीले धेरैपछि क्लबलाई प्रिमियर लिगमा उत्कृष्ट सुरुवात दिलाएका छन् ।

भिल्ला पार्कमा सिटीका हालान्डले केही राम्रो अवसर पाए पनि गोल गर्न सकेनन् । उनको एक गोल अफसाइड भएको थियो । सिटी शीर्ष स्थानमा रहेको आर्सनलभन्दा ६ अंकले पछि परेको छ । आर्सनलले क्रिस्टल प्यालेसलाई १-० ले हराउँदै शीर्ष स्थान बलियो बनाएको हो ।

सिटीविरुद्ध उत्कृष्ट प्रदर्शन

घरेलु मैदानमा एस्टन भिल्लाले सिटीविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गऱ्यो । बल पोसेसनमा कमजोर भए पनि एस्टन भिल्लाले काउन्टर र आक्रामक खेल खेल्दै सिटीमाथि दबाब बनाएको थियो । एस्टन भिल्लाका प्रशिक्षक एभेरीले इंग्लिस प्रिमियर लिगमा क्लबलाई लगातार ६ खेलमा जित दिलाउने योजना छ । प्रिमियर लिगमा पछिल्ला सात खेलमा एस्टन भिल्लाले उत्कृष्ट प्रदर्शन गरेको थियो । यतिवेला एस्टन भिल्ला सन् १९३६-३७ पछि उत्कृष्ट फर्ममा छ । एस्टन भिल्लाका प्रशिक्षक एभेरीले सिटीविरुद्धको खेल महत्त्वपूर्ण रहेको बताएका छन् । 'हामीले उत्कृष्ट सुरुवात गर्नुपर्ने थियो । जुन घरेलु मैदानमा सम्भव भयो,' एभेरीले भने, 'दबाबरहित खेल भयो । खेलमा कुनै पनि समय हामीले दबाब सामना गरेनौं ।' एस्टोन भिल्लाले यसअघि दुईपटक लगातार चार खेलमा जित निकालेको थियो । सन् १९६० र १९७५ मा चार खेलमा अपराजित रहेको थियो ।

सिटीले गुमाएको मौका

सिटीका प्रशिक्षक पेप ग्वार्डिओलाले स्ट्राइकर हाल्यान्डले धेरै गोल अवसर खेर फालेको प्रतिक्रिया दिएका छन् । शीर्ष स्थानमा रहेको आर्सनलसँग अंक दूरी घटनाउने अवसरसमेत खेर फालेको उनको भनाइ छ । 'हामीले शीर्ष स्थानको अंक दूरी कम पार्ने मौका गुमाएका छौं,' सिटीका प्रशिक्षक पेपले भने, 'एस्टन भिल्लाविरुद्ध गोल अवसर सिर्जना नभएको होइन, तर हाल्यान्डले केही सहज मौकामा गोल गर्न नसक्दा हारको सामना हामीले गर्‍यौं ।' नर्वेका स्ट्राइकर हाल्यान्ड सिटीमा आबद्ध भएयता दोस्रोपटक लगातार दुई खेलमा गोल गर्न चुकेका हुन् । उनको एक गोल अफसाइड भएको थियो ।

स्विङ ओपन १६ कात्तिकमा

काठमाडौं/ रोटरी क्लब अफ हिमालयन गल्फर्सले द हिमालयन स्विङ ओपन २०२५ आयोजना गर्ने भएको छ । गल्फ फर अल अभियानका निम्ति पहिलोपटक १५ कात्तिकमा प्रतियोगिता गर्न लागिएको हो । गोकर्ण फरेस्ट रिसोर्टमा हुने प्रतियोगितामा मुख्य लक्ष्य युवा र महिलाबिचको गल्फ खेल हुने आयोजकले जनाएको छ । प्रतियोगिताबाट संकलित सम्पूर्ण रकम गल्फ फर अल अभियानमा प्रयोग गरिने आयोजकले जनाएको छ । अभियानअन्तर्गत पहिलो अध्यायका रूपमा प्रतिभाशाली युवा गल्फर अवानी राईलाई भारतको कर्नाटकस्थित तरुण सरदेसाई गल्फ एकेडेमीमा अध्ययनका निम्ति छनोट गरिएको छ । क्लबका अध्यक्ष रोटेरियन दमन घलेले अवानीको छनोटप्रति खुसी जनाए । निर्वाचित अध्यक्ष रोटरियन आरती राणाले महिलाको सहभागिता र सशक्तीकरणमा जोड दिइन् । 'यो मेगा र च्यारिटी इभेन्ट हो । यसबाट जम्मा गरेको रकम गल्फ फर अल इनिसिएटिभ्सका लागि खर्च गरिनेछ,' उनले भनिन् । प्रतियोगितालाई रोमाञ्चक बनाउन बिबाइडी नेपालद्वारा होल इन वानका निम्ति कार पुरस्कार राखिएको छ । दुई विजेतालाई दुबईको राउन्ड ट्रिप टिकट र एकजनालाई युरोपको राउन्ड ट्रिप टिकट पुरस्कार राखिएको छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com